# भरतांशु

## महाकाव्य



महाकाव्यकार

**नीलकण्ठ भट्टराई**

# भरतांशु

(महाकाव्य)

महाकाव्यकार

नीलकण्ठ भट्टराई

कृति : भरतांशु महाकाव्य
लेखक : नीलकण्ठ भट्टराई
प्रकाशक : शब्दयात्रा प्रकाशन
प्रकाशन मिति : २०७८ वैशाख
संस्करण : प्रथम १००० प्रति (२०७८)
कम्प्यूटर सेटिङ : प्रमिला पोखेल
मुद्रक : सनातन प्रेस प्रा.लि
मूल्य : १०००/–
ISBN : 9937-653-18-3

## समर्पण

यै माटोको उपज म भएँ हुर्किएको यसैमा
शिक्षा आभा प्रकट जति भो साधनाले त्यसैमा
मेरो सानो मन–कुसुमका सिर्जना पङ्क्तिलाई
मैंरै भित्रि हृदय–बलले सुम्पिएँ राष्ट्रलाई

# भरतांशु महाकाव्य सहस्रांशु समान होस्

प्रा.डा. माधव भट्टराई

समाज, राष्ट्रको चिन्ता जो संधैभरि गर्दछन् ।
बोकेर धर्मको झोला निरन्तर दगुर्दछन् ॥१॥

नाउंमै 'मणि' जोडिन्छ सबै भरत भन्दछन् ।
क्रियाशील हुँदा नित्य 'जङ्गम' पनि बन्दछन् ॥२॥

यिनकै कीर्तिगाथाको सुनौलो चित्त झल्कने ।
'भरतांशु' महाकाव्य लेखियो ज्योति टल्कने ॥३॥

नीलकण्ठ भए कर्ता भए भरत नायक ।
दुवैको महिमा बोक्छ यसले प्रीतिदायक ॥४॥

नहोस् खण्डित नेपाल नहोस् धर्म अरक्षित ।
फैलियोस् शान्ति सर्वत्र जनता हुन् सुरक्षित ॥५॥

यही चिन्तन देखिन्छ काव्यभित्र मनोहर ।
काव्यका नाथको दृष्टि यसैमाथि छ निर्भर ॥६॥

सकारात्मक धारामा कविको बग्छ लेखनी ।
त्यसैंले महिमा देख्छु देख्छु उत्तम जीवनी ॥७॥

भस्मासुर उठेका छन् जुर्मुराई यताउता ।
त्यसैले महिमा देख्छु काव्यमै मुटुका व्यथा ॥८॥

"सबै बाँचुन् सबै हाँसुन्" हाम्रो संस्कृति भन्दछ ।
सबैको आँसु झारेर दैत्य आनन्द मान्दछ ॥९॥

राष्ट्रमा छ यही द्वन्द्व, हाहाकार छ धर्ममा ।
'भरतांशु' पढे मान्छे लाग्न सक्छ सुकर्ममा ॥१०॥

कला भरतको मैले सुनें देखें अतीतमा ।
उतारे कविले चित्र त्यसैको नै यथार्थमा ॥११॥

नीलकण्ठ प्रणेता हुन् भट्टराई कुलांशु हुन् ।
भरतांशु महाकाव्य लेख्ने यी कवि रत्न हुन् ॥१२॥

उन्नाइस भए सर्ग रचना छन्दमा भयो ।
काव्यनायकको पूरा इतिवृत्त उतारियो ॥१३॥

मनुष्य जन्मको ठूलो महिमा शास्त्र भन्दछ ।
सत्कर्म हेतु हो मुख्य यसैले प्राप्त गर्दछ ॥१४॥

शुद्ध आचारले मान्छे विश्व नै वश गर्दछ ।
धन, कीर्ति र दीर्घायु यसैले प्राप्त गर्दछ ॥१५॥

मान्छे सत्कीर्तिले भेट्छ अमरत्व यथार्थमा ।
त्यही सत्कीर्तिको गाथा उनियो यस काव्यमा ॥१६॥

चिनारी पहिलेकै हो सेवाकै निम्ति खट्तछन् ।
भ्रष्टाचारीहरूको ता सातो नै पनि झार्दछन् ॥१७॥

यस्ता भरतको कीर्ति मौलाओस् सब ठाउँमा ।
मान्छे अमर बन्ने हो काममा अनि नाउँमा ॥१८॥

‘भरतांशु’ पढें मैले यही नै भावना फुऱ्यो ।
धन्यवाद दिने मौका त्यसैले अहिले जुऱ्यो ॥१९॥

लेख्ने र लेखिने व्यक्ति दुवै कालजयी बनुन् ।
राष्ट्रको धर्मका निम्ति अग्रसर सधैं रहुन् ॥२०॥

कामना छ यही मीठो छिटै यो काव्य छापियोस् ।
सबैमा प्रेरणा देओस्, दिव्य जीवन चम्कियोस् ॥२१॥

‘भरतांशु’ महाकाव्य सहस्रांशु समान होस् ।
विद्या र कर्मको पाठ यसबाट सधैं मिलोस् ॥२२॥

**(प्रा.डा.माधव भट्टराई)**
अध्यक्ष
राष्ट्रिय धर्मसभा, नेपाल
२०७८ वैशाख सङ्क्रान्ति

# शुभांशा

आर.डी. "प्रभास" चटौत

भरतांशु महाकाव्य सहस्रांशु बनीकन ।
अन्तस्थ भै पुरै ओज प्रेरक भाव लीकन ॥१॥

जन्मे हुर्के लिई शिक्षा कुलीन गेह वंशमा ।
बने भरत गम्भीर अन्यायीका विपक्षमा ॥२॥

संस्कार उनमा फुर्द गए घडी पला पला ।
अन्यायको विरोधी भै उठे जीवनमा खुला ॥३॥

पृष्ठभूमि त्यही रोप्दै देखिन्छन् पत्रकारमा ।
उपन्यास कथा लेख्छन् अन्यायी कै विरोधमा ॥४॥

देखे नीति विरुद्धैमा कुनै कार्य कुनै कुरा ।
तत्कालै कुर्लिनै हाल्छन् सहँदैनन् तिनी व्यथा ॥५॥

केस्रा केस्रा कुकृत्यैका भण्डाफोर गरीकन ।
नङ्ग्याउँछन् सबै सामु चाहन्छन् गर्न भञ्जन ॥६॥

भरतमणि आफैंमा अनुशासनका प्रिय ।
त्यही मार्ग सधैं हिँड्छन् स्वभावैले निरन्तर ॥७॥

भ्रष्टाचार दुराचार गम्भीरै भइ हेर्दछन् ।
कालो-सूर्य उपन्यास त्यै व्यथा भित्र लेख्दछन् ॥८॥

"मनका भावना मेरा उतार्‍यौ तिमिले सब" ।
प्रशंसा गर्दछन् साह्रै वी.पी. जस्ता पुरन्दर ॥९॥

कालो सूर्य उज्यालो छ स्फटिक् झैं ज्योति छर्दछ ।
त्यसैले विश्वका घोर ओरसम्म प्रकाशित ॥१०॥

हिन्दी संस्कृत अंग्रेजी डोट्याली असमी तथा ।
नेवारी मैथिली रुसी जापानी चिनिया यथा ॥११॥

अनूदित भयो काव्य कालोसूर्य जगत्भरि ।
दर्जनौं लोकभाषामा भयो ग्राह्य सरासरी ॥१२॥

उपन्यास कतै छन् वा निबन्ध कविता कतै ।
प्रबन्ध छन् कतै यद्वा कथा नाटक छन् कतै ॥१३॥

पुर्खाका नीति धर्मैका स्थिति जो छन् नियामक ।
ध्वस्त पार्न तिनैलाई देखिन्छन् केहि दुर्धर ॥१४॥

मन वचन कर्मैले नित्य संलग्न जङ्गम ।
के गर्दा तिनको रक्षा गर्दछन् त्यही उद्यम ॥१५॥

ढोका ती न्यायका यद्वा शासकैका अरु कुनै ।
चुक्दैनन् खट्खटाउन न्यायकै खोजि निम्ति मै ॥१६॥

शिखरिणी-
रहोस् मेरै हस्थी अरु सब रहुन् यै शरणमा,
भनी गर्जन्छन् जो विकृत मनका यै भुवनमा ।
तिनैलाई झोस्दै भरत गरजी भन्छ सँभल,
न ता तिम्रै होला गरल बिचको जीवन स्वतः ॥१७॥

अनुष्टुप -

लेखनी नीलकण्ठैको भिन्नैभित्र घुमी-घुमी ।
संग्राम न्यायका निम्ति भरतैका गुनी गुनी ।।१८।।

उतारेका सबै भाव भावनका कलाकृति ।
हेर्दा दर्पण झैं लाग्छ महाकाव्य सुधास्मृति ।।१९।।

उन्नाइस गुथिएका पर्व छन् नीति विस्तृतै ।
हुन सक्छन् मिसीएका कनिका गुप्त भै कतै ।।२०।।

परन्तु चिनिका बीच गुलिया छन् सबै सब ।
पारसमणिले छोए फलाम स्वर्ण बन्दछ ।।२१।।

कुनीतिका विरोधैको नछुटोस् जङ्ग जङ्गम ।
अभियान हिजो जस्तै चल्दै रहोस हर्दम ।।२२।।

सुनीतिका शब्दयात्रा हुन्छन् कालजयी स्वतः ।
भरतांशु महाकाव्य बनोस् प्रेरक प्रेरक ।।२३।।

शुभांशा भावना मेरा शुभांशा नै बनिरहून् ।
भरतमणिका यात्रा रणधीर भई उठून् ।।२४।।

प्रभास

# ‘भरतांशु’ बन्यो मीठो कविको काव्य कौशल

दीनदयाल रेग्मी

रोप्यौ सत्कर्मको बीज हुर्किएर फुल्यो फल्यो ।
भ्रष्टविराधीको शास्त्र झलमल्ल बल्यो बल्यो ॥१॥

सधैं उज्ज्वलता भर्छु मुर्झाएर म मर्दिनँ ।
म हुँ सुगन्धको खानी कोपिला मै म झर्दिन ॥२॥

भन्ने संकल्प बोकेर घुम्दछन् काव्य नायक ।
त्यसैले छानिएका हुन् महाकाव्यार्थ गौरव ॥३॥

‘भरतांशु’ बन्यो मीठो कविको काव्य कौशल ।
काव्य नायकको ज्योति फैलिएको छ निर्मल ॥४॥

काव्य नायकका कीर्ति टिपेर कविता भरे ।
दीर्घजीवी सधैं बन्ने सुकार्य कविले गरे ॥५॥

जसले काव्यको मर्म बुझेर लेख्न थाल्दछ ।
महान कवि त्यै बन्छ उच्चतातिर लाग्दछ ॥६॥

गाँसेर काव्यको माला, गरेर रस सिञ्चन ।
फुटाई ध्वनिको मूल नुहाउँछन् चिरन्तन ॥७॥

जति सकिन्छ ज्युँदैमा हामीले कीर्ति छर्नु छ ।
‘नीलकण्ठ’ बनी साँच्चै कीर्ति साँचेर मर्नु छ ॥८॥

# लेखकीय

भन्द्र आए भरतमणिले राष्ट्रको गीत गाऊँ ।
नौला-नौला विषय बटुली विश्वलाई दिलाऊँ ।।
लेखे, टापे, प्रवचन गरे, मार्ग कोरे, त्यसैले ।
लेखैँ सानो लिखत उनको वन्दना गर्न मैले ।।

(१)

यिन्को जन्मस्थल छ शिवको धामले घेरिएको
डाँडाकाँडा हिम-शिखरका दूनमा बेरिएको
त्यस्मै लामा करम गति छन् काव्यमा लेख्नलाई
साधा नै हो यस परिधिमा जीवनी देख्नलाई ।।

(२)

यस्मै आए कतिकति नयाँ भावका शुद्ध सृष्टि
मेरो जिम्मा अभिमुख भयो छन्दमा लम्ब दृष्टि
मेरो अन्तर्दिल हृदयमा धारणा बन्न आयो
लेख्दालेख्दै सरल कविता काव्य बन्दै उदायो ।।

(३)

यस्मै राखैँ भरतमणिका शुद्ध आशीर्विचार
बन्दै जाओस् क्रमश गतिले विश्वमाथि प्रचार
यिन्को अन्तर्हृदय रसिलो शारदाले बनाउन्
त्यस्कै भावामृत उपज जो लेखनीले बताउन् ।।

(४)

# प्रकाशकीय

बनेपामा रहेको छ शब्दयात्रा प्रकाशन
गरी वाङ्मयको सेवा बिताउँदैछ यो दिन
दस वर्ष भयो सेवा गर्दैछ यसले अझ
सम्मान र पुरस्कार यो समर्पण गर्दछ
दुइटा छन् पुरस्कार र सम्मान अठाह्र छन्
उपाधि दिइएको छ त्यसैले उच्च स्थान झन्
सधैँ कदरको पत्र पत्रकारहरू लिने
वृत्तचित्र बनाएको छ यो संस्था उज्यालिने
स्थापना गरिएको छ बनाएर छ सालिक
गाह्रोसाह्रो परे केही सहयोग पुऱ्याउँछ
छाप्छ पुस्तक यो, सार्वजनिकै गर्छ ती सब
र फैलाउँछ सर्वत्र वेबसाइट र ब्लग
बनिए मन्दिर-स्तम्भ, पुस्तकालय खोलियो
भनिने 'शब्दसञ्चार' छ कार्यक्रम रेडियो
पत्रिका मासिकै छाप्छ 'अक्षरधाम' नामको
र साप्ताहिक अर्को छ 'नेपालभूमि' नामको
'शब्दसंवाद' नामैले हुन्छ वार्ता सधैँ त्यहाँ
दुइटा छात्रवृत्ति छन् बर्सेनी दिइने जहाँ
मञ्जुश्री हरिको सोच, सङ्कल्प, कर्तृता अनि
जग्गादाता बने कृष्णमणि, दाता अरू पनि
दाता र सहयोगीको पाएको साथ-सङ्गम
सल्लाहकारको काम गर्ने भरत जङ्गम ॥१॥

कविता-काव्य सम्मान दुई हजार सत्तरी
सालमा दिइएको थ्यो, कवि श्री नीलकण्ठमा

भट्टराई उनी लेख्छन् छन्दमा कविताहरू
ठूला-साना दुवै काव्य लेखिएका प्रशस्त छन्
पाएछन् प्रेरणा राम्रो भेटी भरत जङ्गम
'कालो सूर्य' उपन्यासलाई गरे समीक्षण
दोस्रोपल्ट महाकाव्य 'भरतांशु' तयार भो
'इन्दु' को 'अंशु' पर्याय, त्यसैले 'भरतांशु' भो
भ्रष्टाचारविरोधी हुन् यसका काव्यनायक
आख्यानकार हुन् साथै कवि हुन्, गीतकार हुन्
टिप्पणीकार हुन्, पत्रकार हुन् र विवेचक
प्रकाशक उनी, संस्था सञ्चालक र सेवक
सेवा समाजको गर्छन् अनि कानुनविद् उनी
सम्पदाको गरी रक्षा इतिहास-समीक्षक
उनको योगदानैको गरेर सम्झना पनि
'विचार र दृष्टिकोण' छापियो, पढियो अनि
पहिलोपल्ट नै मोती महोत्सव मनाइयो
र 'कालजयी व्यक्तित्व' ग्रन्थ ठूलो निकालियो
'भरतेन्दु' महाकाव्य लेखियो अनि छापियो
हीरकोत्सवका लागि अब शक्ति लगाइयो ।।२।।

'भरतांशु' महाकाव्य यो संस्थाबाट छापिने
भयो, र यसका लागि नमः श्री नीलकण्ठमा
काव्यनायकलाई झन् बधाई अधिकाधिक
सर्वत्र कीर्ति यो फैलोस्, संस्थाको शुभकामना
सहयोगी, शुद्धिकर्ता, अक्षराङ्कक, मुद्रक
आवरण कलाकार, सबैमा धन्यवाद छ ।।३।।

– हरि मञ्जुश्री

अध्यक्ष : शब्दयात्रा प्रकाशन

# विषयसूची


| | |
|---|---|
| मङ्गलाचरण | १ |
| पहिलो गति | ३ |
| दोस्रो गति (बालकर्म) | १० |
| तेस्रो गति (साहित्य खण्ड) | १८ |
| चौथो गति (कर्म खण्ड) | ४२ |
| पाँचौ गति (धर्म संस्कृति) | ६० |
| छैठौं गति (मठ रक्षा) | ६७ |
| सातौं गति (धर्म वर्ग) | ७४ |
| आठौं गति (धार्मिक खण्ड) | ८५ |
| नवौं गति (डोलेश्वर क्षेत्र) | ९५ |
| दसौं गति (भ्रष्टाचार निवारण) | १०२ |
| एघारौं गति (भ्रष्ट विरोधी विज्ञान) | ११९ |
| बाह्रौं गति (भ्रष्टाचार विरोधी शास्त्रको शक्ति) | १३४ |
| तेह्रौं गति (शास्त्रीय अङ्ग) | १४१ |
| चौधौं गति (स्तर विभाजन) | १५१ |
| पन्ध्रौं गति (शास्त्राध्ययनको उपागम) | १६० |
| सोह्रौं गति (सामाजिक बनोट र उपनिवेशवाद | १७४ |
| सत्रौं गति (मुलुकका विशेषता) | १८४ |
| अठारौं गति (विचार र व्यवस्था) | १९२ |
| उन्नाइसौं गति (निर्बल कानून दलगत स्वार्थ) | २०५ |
| बिसौं गति (निष्कर्ष) | २१५ |

# यस महाकाव्यमा रचना भएका श्लोक वाचन गर्ने पुरुष तथा महिलाहरू

| | | | |
|---|---|---|---|
| १) | पहिलो गति | सरु बस्नेत | ३–९ |
| २) | दोस्रो गति | योगेन्द्र अधिकारी | १०–१७ |
| ३) | तेस्रो गति | सरु बस्नेत | १८–४१ |
| ४) | चौथो गति | कविता भट्टराई | ४२–५९ |
| ५) | पाँचौ गति | टेकु लुईटेल | ६०–६६ |
| ६) | छैंठौं गति | योगेन्द्र अधिकारी | ६७–७३ |
| ७) | सातौं गति | योगेन्द्र अधिकारी | ७४–८४ |
| ८) | आठौं गति | देव लुईटेल | ८५–९४ |
| ९) | नवौं गति | शिव त्रिपाठी | ९५–१०१ |
| १०) | दसौं गति | प्रभा भट्टराई | १०२–११८ |
| ११) | एघारौं गति | शिव त्रिपाठी | ११९–१३३ |
| १२) | बाह्रौं गति | प्रभा भट्टराई | १३४–१४० |
| १३) | तेह्रौं ग ति | शिव त्रिपाठी | १४१–१५० |
| १४) | चौधौं गति | मनिता न्यौपाने | १५१–१५९ |
| १५) | पन्ध्रौं गति | डा. उत्तम न्यौपाने | १६०–१७३ |
| १६.) | सोह्रौं गति | कान्ति न्यौपाने | १७४–१८३ |
| १७) | सत्रौं गति | डा. उत्तम न्यौपाने | १८४–१९१ |
| १८) | अठारौं गति | दिपा भट्टराई | १९२–२०४ |
| १९) | उन्नाइसौं गति | प्रभा भट्टराई | २०५–२१४ |
| २०) | बीसौं गति | सरु बस्नेत | २१५–२२७ |

माथिका वाचक तथा वाचिकाको स्वरवाचन सुन्नु परेमा गति (सर्ग) को शुरूमा क्यूआर कोड छ त्यसलाई आफ्नो मोबाइलमा स्क्यान गरी हेर्न र सुन्न सक्नुहुन्छ।

# मङ्गलाचरण

प्राणी समस्तको रक्षा
गर्नका निम्ति सत्त्वर
सबैका घर या खेत-
बारी झोर सबैतिर ॥१॥

दृश्यादृश्य भई घुम्ने
गङ्गाधार बगाउँदै
शिवशक्ति सदा आऊन्
काव्य तत्त्व खुलाउँदै ॥२॥

उनैको शक्तिले राम्रो
निर्विघ्न काव्यको गति
गङ्गा-प्रवाह झैं आओस्
यो मेरो लक्षका प्रति ॥३॥

काव्य-कर्म-कला निम्ति
श्रम-सागर तर्दछु
शैवशक्ति प्रभालाई
नमस्कार म गर्दछु ॥४॥

द्यौताका सँगमा दैत्य-
दलको मन-फूट भै
सिन्धु मनधनले गर्दा
आएको कालकूटले ॥५॥

कण्ठ नीलो भएका ती
सर्वात्मा नीलकण्ठले
दिऊन् काव्यगति सङ्लो
प्रसन्न भाव-भक्तिले ॥६॥

उनैको शिमा बस्ने
चन्द्रकी चाँदनी अनि
शक्ति सौजन्यकी देवी
गङ्गा प्रवाहकी पनि ॥७॥

एकै साथ बसून् आई
यो काव्य-भित्र तत्त्व मै
निर्विवाद बनोस् काव्य
पवित्र प्रतिभा सधैं ॥८॥

काव्यनायकका साथै
काव्यकार दुवै कुल
एकाकार भई आऊन्
बोकेर भाव नर्मल ॥९॥

दुवैको बलमा पाओस्
काव्यले अति उच्चता
सुधासार समानै होस्
यसको भित्र शुद्धता ॥१०॥

# पहिलो गति

शिव–शक्ति दुवै आई
सृष्टि–संहार गर्दछन्
यिनै पर्वतमा घुम्दै
शुद्ध संस्कार भर्दछन् ॥१॥

यिनैको बन्दना गर्छु
निर्विघ्न काव्य होस् अनि
युगौंयुग सुधा पुग्ने
ज्ञान गङ्गा बनोस् भनी ॥२॥

नेपाल देश हो सानो
किन्तु विशाल भैदिने
शक्ति छन् जसमा द्यौता
बारम्बार उदाउने ॥३॥

यो पुण्यभूमिको नाम
अहिले सम्म व्यापक
बन्दै छ यी धरामाथि
ईश हुन् मार्गदर्शक ॥४॥

कतै ईश्वरको बास
कतै मैदान खेलको
कतै आनन्दका साथ
लिने स्वाद समीरको ॥५॥

कतै पाषाणमा पस्छन्
कतै काष्ठकला मुनि
विभिन्न रूपमा बस्छन्
शक्तिका स्रोत नै बनी ॥ ६ ॥

यो पुण्य भूमिमा धेरै
वर्षाकाल पुगे पनि
बारम्बार घुमीरन्छ
अन्त्य हुन्न कतै पनि ॥७॥

त्यसै संसारको माथि
विशाल क्षेत्र मण्डल
बनेको छ पराकालै
समानै कृत कुण्डल ॥८॥

जसमा पहिले हुन्थ्यो
अथाह जल–सागर
स्नान दानादिका लागि
पुग्थे भक्त बराबर ॥९॥

विपश्वी बुद्धले आई
सरोज बीज रोपण
गरेथे त्यसमा सौम्य
स्मित भै पुष्पको वन ॥१०॥

स्वयंम्भू त्यसमा आई
शान्तिको दीप भैदिए
देदीप्यमानको ज्योति
फैलाई मन हर्दिए ॥११॥

ध्यानोच्चगिरिमा आई
शिवले ध्यान जो गरे
खालि अन्तरमा उन्ले
सत्कर्मी प्रेरणा भरे ॥१२॥

मञ्जुश्री बोधिले आई
निहाले शैलशैलमा
वारिपारि खुला डाँडा
जमेको जल धारमा ॥१३॥

विचार उनको आयो
यहाँ वस्ती बसाउँदा
सुरक्षित सबै हुन्छन्
धर्म राज्य बनाउँदा ॥१४॥

त्यही बेला सुशौर्यका
बलले जल सम्पदा
खोली मैदानमा ल्याए
बस्ती भो अनि सर्वदा ॥१५॥

पहिले बासको रूप
त्यहीँबाट शुरु भयो
त्यो भन्दा पहिले जम्मै
जहाँ सरोवरै थियो ॥१६॥

त्यही  विस्तारको वस्ती
राज्यको रूपमा गयो
राजा बन्ने बडो मौका
चैँ धर्माकरको भयो ॥१७॥

कालान्तमा गई फेरि
दानासुर उदाउँदै
आएर झील नै पाऱ्यो
जलमार्ग पुराउँदै ॥१८॥

कृष्णका पाउ त्यै बेला
परेथे यस ठाउँमा
उनैको जयकार भो
सम्पूर्ण गाउँ गाउँमा ॥१९॥

सामर्थ्य उनकै पाई
वस्तीकै रूपमा गयो
त्यो बस्ती राज्य भै फेरि
ग्वालाको हातमा गयो ॥२०॥

टेकु दोभानमा आई
'ने' मुनि ध्यान गर्दथे
उनकै भरमा ग्वाला
त्यसमा राज्य गर्दथे ॥२१॥

थियो धर्मार्थकै राज्य
पाशुपच्छेत्र पावन
गाई, ब्राह्मणका साथै
सबैको थ्यो सुरक्षण ॥२२॥

जहाँ मानवता बोकी
राजा राज्य चलाउँथे
बाटा घाटा कुवा पौवा-
समाजमा खुलाउँथे ॥२३॥

कृष्णका पाउको स्पर्श
पाएर धर्म-सङ्गति
मिलेको हो कि वा त्यस्मै
बसेर शिव या सती ॥२४॥

साधा जीवनका मान्छे
द्यौताको ध्यान गर्दछन्
अतिथि जन वा योगी
मान्यको मान गर्दछन् ॥२५॥

सबै प्राणीहरू यौटै
स्रष्टाका सिर्जना भनी
माया प्रेम दया गर्दै
बस्छन् आकाशका मुनि ॥२६॥

चौतर्फी पर्वते घेरा
बीचमा जलसम्पदा
निर्माण कसरी कस्ले
गऱ्यो हो सत्यमैं हुँदा ॥२७॥

सृष्टिकर्ता थिए ब्रह्मा
उनैको रचना भनौँ
पार्वती-शिवको-क्रीडा-
स्थल पो हो कि त्यो अनि ॥२८ ॥

हेर्दा लाग्छ कुनै थाल
भात भाग लगाउने
ढुंङ्गा र मृत्तिकाबाट
बनी गङ्गा बहाउने ॥२९॥

या भ्यूँटाकारको नक्सा
कुम्हाले वर्गले गरे
या बीच भागका गर्खा
राक्षसी दलले हरे ! ॥३०॥

यी पुण्य भूमिका घेरा
आकार रमणीय छन्
हैम शोभा यहाँ पर्छन्
किरणावलि आउँछन् ॥ ३१॥

यो स्वर्गभूमिको रूप–
लावण्य परिपूर्ण छ
प्राणीको जसले भित्री
मन–मुग्ध गराउँछ ॥३२॥

शार्दूलविक्रीडित–
गर्थे रे वनबाग पर्वत घुमी खोजेर श्री जङ्गम
होला काव्यसुधा समस्त रसिलो सौन्दर्यको सङ्गम ।
बाल्थे दीपक न्यायको घुमिघुमि सत्कर्म फैलाउन
घुम्छन् रे वनबाग पर्वत सधैं प्रसिद्धि फैलाउन ॥३३॥

भरत जङ्गमजीको बिम्ब हो काव्यरूप
अटुट कलमी, उपन्यासमा सिद्धहस्त ॥
जीवन पनि जङ्गमको सत्य, रोमाञ्चकारी ।
शरीर, कद र बोली व्याप्त भै पद्मकारी ॥
– भरतेन्दु महाकाव्य

## दोस्रो गति (बालकर्म)

जहाँ शैवशिला हुन्छन्
त्यहाँ मङ्गल गान छन्
जहाँ व्योम खुला बन्छन्
सदा समृद्धि आउँछन् ॥१॥

त्यस्तो नेपाल हो देश
विश्वमा उच्चता लिने
पूर्वापर सबैलाई
दैवी–शक्ति जुटाउने ॥२॥

यसैमा दून छन् हाम्रा
विशाल कृतकालका
पाषाण–मृत्तिकाबाटै
बनेका वारपारका ॥३॥

काष्ठमण्डपको नाउँ
पाएको मण्डलाकृति
सुशोभित यसैमा छ
बस्छन् मान्छे यहाँ कति ! ॥४॥

यसैमा त्रिपुरा राज्य
थिए रे ! इतिहासमा
वर्ण्य वस्तु बनेका छन्
श्रुतिस्मृति समाजमा ॥५॥

मञ्जुश्री बोधिले त्रेता-
युगको मध्य भागमा
आई राज्य खडा पारे
भन्ने गर्छन् पुराणमा ।।६।।

चौतर्फी पर्वते कान्ला
उत्तरी हिमश्रृङ्खला
दिनमा सूर्यका ज्योति
रातमा शशिका कला ।।७।।

जुनकीरिसरि तारा
शशिमा साथ लाउँछन्
सर्वदा दिन या रात
दैवी ज्योति उदाउँछन् ।।८।।

यसैको पूर्वमा पर्ने
प्राचीन भादगाउँको
टौमढी टोलमा यौटा
घर्बार जमिदारको ।।९।।

थियो त्यै घरमा पस्दा
इन्द्रा गोविन्दको पनि
छोराको जन्म भो नाउँ
भरत राखियो अनि ।।१०।।

चार साल थियो मार्ग
गते चैं दशका दिन
इन्द्रा गोविन्दको द्वार
बल्यो सन्तानले झन ।।११।।

धर्मका धारले भन्छ
पुत्रको कामना गर
वंशवृक्ष खडा गर्दा
मिल्छ स्वर्ग सरासर ।।१२।।

त्यसैको कामना गर्दा
गोविन्दहरिको पनि
पुत्र–पंक्ति हुँदै आए
विचार बुद्धिका धनी ।।१३।।

इन्द्राबाट भए पैला
पुत्र नैं भरतमणि
पारिवारिक सञ्जाल–
भित्र भो अनि सन्सनी ।।१४।।

सीमा नाघी गयो हर्ष
विस्मात सव शून्य भो
ज्ञानगङ्गा बगेजस्तै
गृहस्थाश्रम धन्य भो ।।१५।।

शुक्ल शशाङ्कका जस्तै
विकास उनको भयो
मेधावी मनको सौम्य
स्वभाव उनको थियो ॥१६॥

साथी सङ्गतिका साथ
खेलबाड रमाउँथे
धर्मगाथाहरू ल्याई
अरूलाई सुनाउँथे ॥१७॥

शिक्षा मठ–मन्दिरैको
पिताकै पहिचानको
भएकाले उनी गर्थे
सुपूजा भक्ति भावको ॥१८॥

धर्म संस्कृतिका स्तोत्र–
मन्त्रले गान गाउँदै
साँझ बिहानमा भन्थे
बुबाको साथ लाउँदै ॥१९॥

त्यसैले उनको शिक्षा
पहिलो घरमै भयो
गुरु नियुक्त भै आए
सिक्नु बाह्रखरी थियो ॥२०॥

साक्षरता लिए साथै
भन्न थाले कथा अनि
शिवको महिमा साथै
श्रीमद्भागवतै पनि ॥२१॥

पढ्ने पढाउने बानी
सबैको हुन गो त्यहाँ
सुन्ने सुनाउने त्यस्तै
बढ्दै गए जहाँ तहाँ ॥२२॥

चाह वैदिक आफैमा
भित्रको परिपूर्णता
यथाशक्य हुँदै आयो
हट्तै गो अनि धृष्टता ॥२३॥

क्रमशः उनको शिक्षा
औपचारिकमा गयो
एस्.एल्.सी पारका साथै
स्नातकैसम्मको भयो ॥२४॥

त्यो बेला त्यति नै शिक्षा
धौलागिरी समानको
मानिन्थ्यो उच्चता नाप्ने
स्तर साथै विचारको ॥२५॥

औपचारिक शिक्षामा
लिए विश्रामको क्षण
स्वाध्यायन गरि फेरि
बढाए ज्ञान–दर्शन ॥२६॥

साथै समाजका सेवी
समाजभित्र नै गए
उच्चस्तरीयता बोक्ने
प्रशासक उनै भए ॥२७॥

प्राचीनकालमा यौटा
लिच्छवी नान्य देवले
सिम्रौनगढमा जम्दै
राजा भै राज्य गर्दथे ॥२८॥

उनी कर्णाटकी  राजा
पहिलो क्रमका थिए
वैशाली मिथिला केही
क्रमशः हातमा लिए ॥२९॥

उन्ले कर्णाटकै देखिन्
राज गुरु पुरोहित
ल्याएथे साथमा आफ्नै
दुबै बन्दै समन्वित ॥३०॥

बाह्रौं शताब्धिमा आई
उनकै वंश–वल्लभ
हरिसिंह भए राजा
नेपालभित्र गै जब ॥३१॥

उनले साथमा ल्याए
जङ्गम वर्ग यी लिँदै
राजप्रासादमै राखे
गुरु पूज्य बनाउँदै ॥३२॥

सन्तति तिनकै व्याप्त
भएछन् यस भेगमा
शिव सन्निधिमा राख्दै
आफनै रेखदेखमा ॥३३॥

तिनै सन्तान हुन् ऐले
कोही शर्मण लेख्तछन्
कुनै शर्मा कुनै लाओ
केसी, रावल भन्दछन् ॥३४॥

ती जम्मै भादगाउँको
आसपास खराब र
छरिएर रहेका छन्
विभिन्न कर्मले तर ॥३५॥

परन्तु शिवकै धर्म
सामाजिक बनाउँदै
आएका छन् जहाँ जो छन्
कर्म गर्दै गराउँदै ।।३६।।

नान्यदेव थिए शैवी
उनका सन्तति सबै
शिवकै भक्त भै आए
धर्मान्तर नभै कतै ।।३७।।

त्यो बेला राज्यको सीमा
अत्यन्तै साँघुरो थियो
जो शक्तिमा सधैं हुन्थ्यो
त्यो राज्य उसकै भयो ।।३८।।

कर्णाट वंशका राजा
क्रमशः नयपालको
भादगाउँ लिए हात
युद्धकै परिणाम हो ।।३९।।

शिखरिणी छन्द-

भयो जन्मावस्था भरतमणिको यै भवनमा
क्रमैले हुर्के यी कुसुमित मुमाकै शरणमा
लिए शिक्षा चाँडै घर र परका शिक्षक लिई
पिता पुर्खा बुझ्दै अब अगि बढे सिर्जन दिई ।।४०।।

## तेस्रो गति (साहित्य खण्ड)

उन्का साहित्यका साना
छ ओटा पुष्पहार छन्
जस्ले अन्यायको ढोका
चारैतिर लगाउँछन् ॥१॥

उपन्यास कलालाई
विशेष भावना दिए
साहित्य सारका ढोका
खुलाई उनले लिए ॥२॥

चारोटा पुष्पका हार-
समान उपन्यास छन्
जसले विश्वका केही
इतिहास बताउँछन् ॥३॥

कालोसूर्य थियो पैलो
दोस्रो चैं व्यूहचक्र हो
रातो घाम भयो तेस्रो
चौथोमा ख्वपदेश भो ॥४॥

यिनको महिमा व्याख्या
संक्षेप रूपले यहाँ
पहिचान गराएर
आउँछन् यस काव्यमा ॥५॥

केही निबन्धका साथै
कथाका मञ्जरीहरू
फुट्पाथे कविता साथै
विचार बल्लरीहरू ॥६॥

समेटेर फुलेका छन्
साहित्य बाटिका भरि
वायुको मन्दताभित्र
पसी यो वासना छरी ॥७॥

## कालोसूर्य (उपन्यास)

कालो सूर्य उपन्यास
पहिले रचना गरे
राजनीतिसँगै भ्रष्ट-
आचार त्यसमा छरे ॥८॥

सप्ताह भरका सात
दैनिकी अति सुन्दर
त्यसभित्र अटेका छन्
भाव दिन्छन् बराबर ॥९॥

पहिलो दिनको यात्रा
चियाको धूनमा थियो
अभाव व्यक्तिना साथै
निराशा अनि जन्मियो ॥१०॥

कर्मनिष्ठ युवालाई
संज्ञा भो कर्म–धृष्टको
भ्रष्टाचार गरे मात्रै
ऊ सधैं कर्मनिष्ठ भो ॥११॥

दोस्रो दिवा तथा सोम
अभाव खड्किँदै गयो
दैनिकी धान्नका लागि
दौडान सबको थियो ॥१२॥

त्यही दौडानका माझ
गरीब जन भित्रियो
ऊ बाटो घर या चोक
सर्वत्र ठगिँदै गयो ॥१३॥

यौटा निश्छल नेपाली
दशैंमा ठगिँदा पनि
न्याय गर्ने कुनै छैनन्
न्याय–मूर्ति भए पनि ॥१४॥

अभाव सिर्जना हुन्छन्
आपूर्ति बन्द गर्दिए
कर्मनिष्ठ युवा त्यस्तै
बाध्यताले विदेशिए ॥१५॥

देशीका निम्ति यो देश
बन्दैन कहिल्यै पनि
विदेशी बलले गर्छ
रजाई यसमा अनि ।१६।।

भ्रष्ट आचारका मान्छे
अड्डाका नायिके हुँदा
अभाव सिर्जना हुन्छ
अवैध फायदा लिँदा ।।१७।।

उपभोग्य सबै चीज
भकारी धनसारमा
थुप्रिएर बसेका छन्
रित्तो हुन्छ बजारमा ।।१८।।

सिङ्गो देश खुला हुन्छ
भ्रष्टाचारीहरू प्रति
अभाव सामना गर्छन्
निरीह जनता जति ।।१९।।

कर्मनिष्ठ भएका यी
नेपाली जन–भावना
बुझ्ने कोही यहाँ छैनन्
यत्रतत्र समाजमा ।।२०।।

स्वच्छता, सत्यता भन्ने
व्यक्ति नै भ्रष्ट बन्दछन्
तिनैको माझमा पीडा
पोखेर किन सुन्दछन् ॥२१॥

देशको त्यो दशालाई
समाज सामुमा लगी
यथार्थ रूपले राख्छन्
आखिरी बिन्दुमा पुगी ॥२२॥

तेस्रो मङ्गलको यात्रा
कर्मचारीहरूप्रति
जोडिएर हिंडेको छ
हुँदैछ देशकै क्षति ॥२३॥

नेपाली जनको नाता
त्यसैमा मेटिँदै गयो
विदेशी शक्तिले आफ्नो
प्रभुता करमा लियो ॥२४॥

नेपाली जनको मर्म
बुझिँदैन कतै पनि
आउँछन् मान्यता बोक्न
वैदेशिक धनी अनि ॥२५॥

नेपाली हुनुको गर्व
गर्ने ठाउँ कतै पनि
देखिदैन यहाँ खोज्दा
घुमेर देश फन्फनी ॥२६॥

जो देशको हुँदैहैन
उसैको मान्यता बढी
कर्मकार सबै गर्छन्
उन्कै हुन्छ ढलीमली ॥२७॥

पछाडि उनकै लाग्छन्
मन्त्री सचिव सम्मका
कर्मचारी सबैखाले
स्वतन्त्र यस देशका ॥२८॥

लाज लाग्ने यहाँ हुन्छ
नेपाली भन्नमा पनि
आफ्नै नाक खुला कट्छन्
विदेशी धनले उनी ॥२९॥

बुधबार थियो चौथो
रेष्टुराँमा तताउने
रातको महिमा राखी
मद्य-प्याला  समाउने ॥३०॥

त्यसैमा देशका नेता
ताण्डवी नृत्य गर्दछन्
पद–पावरको धाक
लगाई भ्रष्ट बन्दछन् ॥३१॥

रातारात भएका छन्
करोडौं धन आर्जिने
प्रतिष्ठा मानले गर्छन्
खाल्डोमा देश हाल्दिने ॥३२॥

कसैको घरमा आगो
बल्दैन दिन रातमा
गरिबी सुस्कँदै घुम्छ
तिनका आँत आँतमा ॥३३॥

कुनै छन् साँझको नास्ता
हजारौं रेष्टुराँ पुगी
विदेशी स्कचका पेग–
माथि गर्छन् उँगी उँगी ॥३४॥

यो बानी रहँदासम्म
नेपाली भाग्य उन्नत
कदापि हुन सक्दैन
भन्ने छन् कवि सम्मत ॥३५॥

नेतृत्व वर्गकाले नै
यो कर्म गर्दछन् भने
अबोध जनतालाई
चरित्र को सिकाउने ? ॥३६॥

यस्तै भ्रष्टहरूलाई
उजागर गराउँदै
कविको लेखनी चल्छ
खबर्दारी गराउँदै ॥३७॥

गुरुबार थियो पाँचौं
यात्रा गाडी बिकाउने
त्यसैमा जोडिँदै आयो
रातारात कमाउने ॥३८॥

द्यौताका प्रतिमालाई
विदेशी दरबारमा
लगी श्रृङ्गारका लागि
राख्छन् कोठा सजानमा ॥३९॥

विदेशी डुलुवाको यो
कमाइ अति उत्तम
सहयोगी यहीँका छन्
सौपी दिन्छन् धमाधम ॥४०॥

करोडौं उसको हुन्छ
हजार यिनको पनि
प्रफुल्ल मनमा हुन्छन्
देश खोक्रो भएपनि ॥४१॥

नेपाली जन छन् केही
उसैमा दासता दिने
मन्त्री सचिव नै आई
चोरी गर्न सिकाउने ॥४२॥

निमुखा जनको हाड
प्राणान्त घोटिँदा पनि
दैनिकी टार्नका लागि
पुग्दैन जे गरेपनि ॥४३॥

शक्ति सम्पन्नका साथै
विदेशी शक्तिले यहाँ
फिँजाएका सधैं हुन्छन्
पखेटा धनधान्यमा ॥४४॥

उसैका साथमा द्यौता-
लुकेर बेचिँदै गए
रातारात तिनै यात्रु
धर्मार्थकामका भए ॥४५॥

धनको धारमा मान्छे
धकेली ज्यान फाल्दछ
नेपाली जनको बुद्धि
विदेशी नै उराल्दछ ॥४६॥

सम्पत्ति देशमै मिल्छ
सहयोगी यहीं छन
विदेशीहरूका लागि
सुम्पिने गर्दछन् किन ? ॥४७॥

विदेशी धनमा हामी
बेचिँदै किन आउने !
आफ्नो सम्पत्तिको रक्षा
गरी यहीं रमाउने ॥४८॥

भन्ने भाव यहाँ दिन्छन्
कविले रविबारका
पात्रको गतिमा हेर्दै
नोपली धन-सारका ॥४९॥

छैठौं शुक्रे थियो यात्रा
कर्मका पारखी सँगै
राष्ट्रवादी सदाचारी
व्यक्तिमा धृष्टता दिँदै ॥५०॥

पदोन्नति सबै रोक्ने
भ्रष्ट प्रशासकै प्रति
व्यङ्ग्यवाण दिएका छन्
स्रष्टाले नै दिने जति ।५१।।

मूल्याङ्कन दिनेले नै
पक्षपात गरे भने
कर्मनिष्ठ सबै मर्छन्
मनोबल कहाँ हुने ।।५२।।

राष्ट्रवादी म हूँ भन्ने
व्यक्तिले पनि सर्वदा
मूल्य राखी दिनैं पर्छ
भन्नेमा कवि आउँदा ।।५३।।

भ्रष्टाचार यहाँ खुल्छ
कर्मनिष्ठ छुटेपछि
विदेशिन्छन् तिनी जम्मै
देश बन्ला कहाँ अनि ।।५४।।

सातौं शनिश्चरे यात्रा
पाशुपच्क्षेत्रको थियो
न्याय सल्लाहका लागि
'ल' फर्मतिर लम्कियो ।।५५।।

भए भेट कडा मित्र
अशिष्ट व्यवहारका
वकालत गरी हिँड्ने
थिए न्याय बजारका ॥५६॥

उनकै कक्षमा आए
छक्का पञ्जा सबै थरि
पैसा पावरका न्याय
फर्सिनेछन् सधैंभरि ॥५७॥

न्याय किताबका पाना
भरेर मात्र बस्दछ
शुद्धता लिनका लागि
पैसा, पावर पस्तछ ॥५८॥

यस्ता कानूनका ज्ञाता
देशमा भरिँदै गए
देशै बेच्न पछि हुन्नन्
भन्नेमा जनता भए ॥५९॥

पैसा पावरको न्याय
कत्तिको सत्यवान छ
भन्ने बोध त्यहाँ हुन्छ
हुर्केको अभिमान छ ॥६०॥

चपेटा तिनकै खाई
निरीह जनताहरू
छट्पटी मनमा लिन्छन्
भन्दै के कसरी गरूँ ॥६१॥

व्यूहचक्र यहाँ त्यस्तै
भ्रष्ट शासकका प्रति
खबर्दारी गरी हिँड्छ
कुनाकोप्चा भएजति ॥६२॥

निरीह जनतामाथि
सत्ताकै उच्च बोल छन्
विकास गर्भ मै हुन्छ
धाक धम्की लगाउँछन् ॥६३॥

छोटो समयको घेरा
बाँधेर व्यूह रच्तछन्
सत्ता र धारणा लेखी
इतिहास बनाउँछन् ॥६४॥

महाभारतको व्यूह
यसमा अभिव्यक्त छ
जसले देशका किल्ला
जबर्जस्ती समाउँछ ॥६५॥

शिक्षा–सागरमा जम्मै
शिष्टता नै हराउँछन्
गर्ने–गराउने भन्दै
विदेशी शक्ति आउँछन् ॥६६॥

धर्म–संस्कृतिका शब्द
पानाभित्रै हराउँछन्
नेपालीपनको खिल्ली
विदेशीले उडाउँछन् ॥६७॥

त्यो जम्मै सहने शक्ति
नेपाली जनमा पनि
हराई क्रमले चेत
सबैभित्र पस्यो अनि ॥६८॥

भावना मनको खोली
आवाज निस्किँदै गए
त्यसैले देशमा जम्मै
व्यूह चक्र हुँदै गए ॥६९॥

रातो घाम–
रातो घाम उपन्यास
तेस्रो सौजन्य सागर
देखिन्छ चीनको यात्रा
इतिहास बराबर ॥७०॥

राजनीति सँगै अर्को
समाजभित्रको गति
के छ ? भन्ने सबै खुल्छ
धारणामा भए जति ॥७१॥

माओको क्रान्तिले ल्यायो
आमूल परिवर्तन
परन्तु जनता जम्मै
कुण्ठायुक्त भए झन ॥७२॥

सामन्ती जनको कब्जा
देशमै दरिलो भयो
मुख नै जनताको यो
ताल्चाले बन्द झैं भयो ॥७३॥

तिब्बती सभ्यता साथै
समस्त देशका सबै
धर्म संस्कृतिमा आयो
खडेरी उर्बरा नभै ॥७४॥

पारम्परिक संस्कार
सबैको पहिचान हो
त्यसैको महिमा गुम्दा
अस्तित्व देशकै गयो ॥७५॥

तै पनि भन्दछन् नेता
यो हाम्रो परिवर्तन
बद्‌लिदै बद्‌लिँदै जान्छ
अर्कै बन्छ सनातन ॥७६॥

पुराना पातले छोड्छन्
तरुमा नव मञ्जरी
आई कोमलता दिन्छन्
बसन्तमा सधैंभरि ॥७७॥

यो काव्य चीनको यौटा
जीवन्त इतिहास हो
धर्म-संस्कृतिमा सोझो
भएको त्यो विनाश हो ॥७८॥

परिवर्तनको नाउँ
राखेर जन-भावना
कुल्चिँदै कुल्चिँदै जान्छन्
सत्ताधारी समाजमा ॥७९॥

वर्चस्व उनकै हुन्छ
संविधान भए पनि
पैतालामुनि राखेर
जनकै हुन्छ बन्धनी ॥८०॥

आत्माले जे भनोस् भन्छ
जन–सञ्जालमा गई
आज्ञा चैं मुखले हुन्छ
जान्ने बुझ्ने उनै भई ॥८१॥

गरीबात्माहरूलाई
संविधान बने पनि
भाग्य रेखा भए त्यस्तै
क्यै छैन परिवर्तन ॥८२॥

धर्ती पल्टाउँदै खेती
गर्नेका पसिना पनि
अर्थहीन भई बग्छन्
नारामा जे भने पनि ॥८३॥

गाउँ समाजका पाटी-
पौवा र पथ पौरख
भग्नावशेषमै हुन्छन्
बन्दैनन् कृति गौरव ॥८४॥

उद्यमी जनका लागि
क्यै छैनन् सुविधाहरू
गर्नु नगर्नुका बीच
बन्दछन् दुविधाहरू ॥८५॥

ख्वपदेश–

ख्वपदेश पनि त्यस्तै
इतिहास बुझाउने
धर्म–संस्कारका साथै
जात जाति मिलाउने ।।८६।।

ख्वप हो पहिलो नाम
देशको इतिहासमा
भादगाउँ हुँदै आयो
बद्लिएको समाजमा ।।८७।।

भक्तपुर स्वयं फेरि
जो ऐलेसम्म ख्याति छ
यत्र तत्र त्यही ख्याती
दिन्छ आमोद लोकमा ।।८८।।

समाजभित्रको यौटा
जातीय धारणा पनि
छर्लङ्गिन्छ सबै ठाउँ
सुधार भावना बनी ।।८९।।

सम्पत्तिवालकै बोल
बोल्दछन् सब ठाउँमा
गरीब वर्ग पिल्सेर
बस्दछन् गाउँ गाउँमा ।।९०।।

कामको नामले जात
किटेको पनि देखियो
राजाज्ञाबाट संस्कार
चलेको पनि लेखियो ॥९१॥

कथा–
उपन्यास रचेजस्तै
कथाका वल्लरीहरू
समाजभित्रका साना
घटेका घटनाहरू ॥९२॥

यथार्थ रूपले आए
कथा अर्को विधा बनी
पुस्तकाकारमा छैनन्
तथापि मूल्यका बनी ॥९३॥

प्रबन्ध–
"पचास् प्रसङ्गको यौटा
प्रबन्ध पारिजातको
सङ्ग्रह उनको आयो
चिन्तायुक्त समाजको ॥९४॥

भ्रष्टाचार पनि त्यस्तै
वैचारिक प्रबन्ध हो
साथै छारष्ट भै आयो
विधा अर्को निबन्धको ॥९५॥

त्यो कालो सूर्यको ज्योति
संसारभर व्याप्त छ
व्यक्ति समाजका साथै
विश्वमै राग छर्दछ ॥९६॥

उसको रागले जम्मै
हरियाली सुकाउँछ
छेपारोसरिको बन्दै
आफ्नो रङ्ग लुकाउँछ ॥९७॥

यो हो सिर्जनको सानो
समाज चिन्न दर्पण
सोझा निश्छलले गर्छन्
जिन्दगी नै समर्पण ॥९८॥

बुद्धि वर्गत झ्याउन्न
ठूलो भाग समाउन
सक्तैन भिड्नुनै पर्छ
धनको रास ल्याउन ॥९९॥

कर्मका फूलको बास्ना
संसारै मगमगाउँछ
सप्त–गङ्गा तरी आफैं
भुमरा अनि आउँछ ॥१००॥

त्यस्तै साहित्यका साझा
धारणा स्मृति सारमा
बनेका छन् सबै नौला
स्रष्टाकै मन भावमा ॥१०१॥

शास्त्रीय सार हो यौटा
ज्ञान गङ्गा सुपानको
मान्छेका निम्ति यो हुन्छ
कल्पवृक्ष समानको ॥१०२॥

त्यसैमा आउँछन् हाम्रा
मस्तिष्क शुद्ध मन्थन
गर्ने गराउने साझा
रूपले अझ दिन्दिन ॥१०३॥

समाजभित्रका धेरै
ग्रन्थिका सार तत्त्व नै
स्रष्टाबाटै खुला हुन्छन्
अनन्त काल सम्म नै ॥१०४॥

व्यासका लेखनी देखि
भारती रत्नसागर
संसार व्याप्त भै आयो
हल्लियो युग द्वापर ॥१०५॥

धेरै पूर्व इसाभन्दा
भारवी कालिदासले
इतिहासहरू लेखे
पढ्दै आयो समाजले ।।१०६।।

ती ऐलेसम्म नै ताज
नमुना बन्दछन् सबै
मन–मस्तिष्कका साथै
हुँदैन लेखनी नभै ।।१०७।।

साहित्य सारमा आई
देशको चित्र बोल्दछ
व्यक्ति समाजको भित्री
धारणा सब खोल्दछ ।।१०८।।
भ्रष्टाचार सवै खाले
उजागर गराउँदै
आचार स्थापना गर्छ
लक्षणा शक्तिले सधैं ।।१०९।।

भरतमणिकै सङ्लो
प्रेरणाले मनोबल
उच्चतामा लगी राखिन्
कान्ताले अनि निश्छल ।।११०।।

आफू बन्दै सुधा-पान
गरेझैँ भक्ति भावले
सवै साहित्यको पान
गर्न थालिन् समानले ॥१११॥

भरतमणिकै सेरो-
फेरो साहित्य सङ्गम
गराई उनले थालिन्
अनुसन्धानको क्रम ॥११२॥

यस्मै आए सबै पक्ष-
विपक्ष दृष्टि दर्शन
धर्म-कर्म सँगै न्याय
सामाजिक समर्पण ॥११३॥

विद्यावारिधिका लागि
आफैले नै टुपी कसिन्
तिनै साहित्यको फेरो
मारेर घरमा वसिन् ॥११४॥

कान्ता वाशिष्ठको कर्म-
कलाले उच्चता लियो
विद्यावारिधिले उन्को
क्रमशः पूर्णता लियो ॥११५॥

मन्दाक्रान्ता छन्द–

लेखी ल्याए अमर रचना
देशको पूर्वकाल
भ्रष्टाचारी जन जति थिए
खोल्दिए हालचाल
त्यस्तै आफ्नो करम गतिमा
लाग्दछन् कर्मवीर
धेरैबाट अनुभव गरी
आउँछन् पूर्व नेर ।।११६।।

जब चर्चा कतै चल्छ मेरा 'भरतदाई' को ।
म रिँगिन्छु र मस्तिष्क झनन्न हुन्छ, सत्य हो ।।

विधा- विषयका लागि उहाँको दृष्टि हो कि त ।
उहाँका लागि हुन् सारा विधा-विषय विस्तृत ।।

महत्त्वपूर्ण हो प्रश्न, म देख्छु विषयै तर ।
विधा-विषय जो भोग्दै आफू बस्ने अझै पर ।।

उहाँको स्पर्श पाएर धेरै विधा कृतार्थ छन् ।
उहाँकै स्पर्षले गर्दा धेरै विषय ग्राह्य छन् ।।

–भरतेन्दु (महाकाव्य) बाट

# चौथो गति (कर्म खण्ड)

गीता गायनका साथै
वैदिक धर्म दर्शन
आत्मा र परमात्माको
सम्बन्धी आत्म दर्शन ।।१।।

उनले मनमा राखी
धर्ममा धार लाउँछन्
द्यौता मानवको सोझो
सम्बन्ध यी जुटाउँछन् ।।२।।

दृष्टि दर्शनमा जाँदा
प्राचीन धर्म–दर्शन
देव–देवीहरू राखी
गरे आफ्नो समर्पण ।।३।।

पशुका पतिको पूजा–
सेवा गर्ने परम्परा
भारती मूलका भट्ट
राख्ने थियो दरादरा ।।४।।

त्यस्तो परम्परालाई
मिचाइ गर्नुहुन्नथ्यो
धर्मका स्थानमा ढोका
लाउनु पनि हुन्नथ्यो ।।५।।

भएथ्यो त्यसले हाम्रो
आपसी धर्म-मित्रता
बिग्रिने तथ्य भै आयो
आवाज त्यो जतातता ॥६॥

पूर्वकै स्थितिमा लाने
भन्दै भरत जङ्गिगए
आखिरी शिवको इच्छा
नियुक्त नव फर्किए ॥७॥

धर्मशाला गुठी मासी
मठ-मन्दिरका शिला
हटाई व्यक्तिमा लाने
देखाए नीतिको कला ॥८॥

राजनीति सबै ठाउँ
धर्म संस्कारमा भयो
त्यो पछि घरको भाषा
बिगार्नेतिर लम्कियो ॥९॥

शुद्ध संस्कारको हाम्रो
चलनै बिग्रिएपछि
पश्चिमी धर्म संस्कार
ल्याउने बुझिएपछि ॥१०॥

नेपाली जनता आए
चोक मार्ग तताउन
भरतमणि लम्किए
त्यसैमा दिन अग्रता ।।११।।

जानकी मठमा त्यस्तै
महन्त स्थापना सँगै
राजनीति खुला आयो
मान्छे आफ्नो भनी लिँदै ।।१२।।

मान्छे आफ्नो भए मात्रै
ढुकुटी हात लाउने
उद्देश्य मनमा राखी
भित्री इच्छा पुगाउने ।।१३।।

त्यसमा पनि संघर्ष
भक्तले गर्नु नै पऱ्यो
नेतृत्व वर्गको इच्छा
आखिर मेटिँदै गयो ।।१४।।

जानकी मठको माया
नेपाल भारतै भरि
पसेको छ पराकाल
देखिनै सर्वदा भरि ।।१५।।

त्यस्तै अन्य शिला साथै
सरस्वती सुपूजन
लक्ष्मीनारायणै व्यक्त
अव्यक्त उनमा छन ॥१६॥

भैरव  भैरवीलाई
भावनापूर्ण पूजन
गर्दछन् भक्तले खोजी
यत्रतत्र जहाँ छन  ॥१७॥

सादा जीवनमा रम्दै
देवी देवल मर्मत
गर्ने गराउने गर्छन्
वैदिक विधि सम्मत ॥१८॥

प्यागोडा, शैल या घण्टा
शैलीका मठ मन्दिर
उनका मनले रोज्छ
आर्यावर्त सवैतिर  ॥१९॥

जो रोज्छ मनले त्यस्तै
निर्माण गर्दछन् यिनी
सबै शक्तिहरू मान्छन्
शैवमार्गी भए पनि ॥२०॥

नित्यकर्म सकी आफ्नो
प्रात–भ्रमणमा हुँदै
पशुका पतिमा आई
दर्शन उनको लिँदै ॥२१॥

व्यापार–
राजनीति सँगै फेरि
व्यापारी पथमा पनि
क्रमैले पाइला चाले
किन व्यर्थै बसौं भनी ॥२२॥

मानवी व्यस्ततालाई
व्यापारी वर्गमा पनि
राखे भरतले केही
समय साधना भनी ॥२३॥

रुष भारतका साथै
जापानी र अमेरिकी
सामान देशमा ल्याए
नेपाली दीदिए झिकी ॥२४॥

आयात जति जे गर्थे
निर्यात त्यति नै गरे
लेन देन दुवै गर्दा
नाफाले ढुकुटी भरे ॥२५॥

पुख्यौली ढुकुटीले नै
सम्पन्न जिन्दगी छ यो
तै पनि मानवी कर्म
गर्ने नै मनमा भयो ॥२६॥

तस्मात् व्यापारको बाटो
आयका निम्ति खोल्दछन्
भ्रष्टाचार बिना चोखो
आय-आर्जन रोज्दछन् ॥२७॥

राजनीति र ठेक्कामा
शुद्धता छ असम्भव
खेती व्यापारमै यस्तो
चोखो बन्दछ वैभव ॥२८॥

त्यसैले यिनको कर्म
व्यापारतिर लम्कियो
घाटा नाफा दुवै मिल्ने
भएर मन फर्कियो ॥२९॥

न केही ज्ञान भयो त्यस्मा
रहेन जीविका बनी
कर्म योद्धाहरू खोज्छन्
विभिन्न स्थानमा पनि ॥३०॥

विचार बुद्धिका लागि
उनले कर्मको गति
यत्रतत्र लिँदै जान्छन्
जो हुन्छ मन–सम्मति ॥३१॥

आवास फर्किई फेरि
नित्य पूजा गरीकन
भान्सा भोजनमा लाग्छन्
शुद्ध सात्विक जे छन ॥३२॥

पत्रकारिता–
देश देशान्तरै जाने
विभिन्न पत्रपत्रिका
सञ्चालक भई लेखे
खोज गर्दै ससूत्रका ॥३३॥

लेख छन् यिनका धेरै
समाजभित्रकै कुरा
जाति भाषा सँगै तर्क–
वितर्क छन् दरादरा ॥३४॥

तर्क जागृतिका साथै
गोरखापत्रमा हुँदै
मातृभूमि समीक्षा र
चर्चामा लेखनी दिँदै ॥३५॥

पत्रकार हुँदै आए
भरत नयापालमा
समाचार चियो गर्दै
जानुपर्ने जहाँतहाँ ॥३६॥

सम्पादन स्वयं गर्थे
गुठीको धर्मदर्शन
नेपालीजनको बोली
आवाजको विमर्शन ॥३७॥

जो देख्छन् मनमा टिप्छन्
सत्यता अनि ल्याउँछन्
भ्रष्ट व्यक्तिहरूलाई
भय दी घच्घच्याउँछन् ॥३८॥

साहित्यपछिको उन्को
पत्रकार विधा पनि
सशक्त रूपले आयो
जन जागृति होस् भनी ॥३९॥

त्यो बेला रेडियो यौटा
साधन दूर भाषको
लेखि दिन्थे समाचार
सम्पूर्ण जन विश्वको ॥४०॥

समाचार दिनेबाट
प्रवेश उनले गरे
देशी वैदेशिका वार्ता
विश्लेषक उनै भए ॥४१॥

राजनीति-
प्रजातान्त्रिक संस्कार
यिनमा विद्यमान छ
भ्रष्टाचारप्रति ज्ञान
त्यसैको अभियान छ ॥४२॥

काँग्रेस दलमा आई
सुझाव यिनको थियो
सर्व-सम्मतिले जाने
पुस्तकै पनि लेखियो ॥४३॥

पञ्चायती प्रजातन्त्र
एकत्व भावको थियो
त्यसमा पनि गै खेल्ने
प्रयास पहिलो भयो ॥४४॥

परन्तु जनताबाटै
अल्पता उनले लिए
त्यो बेला नीतिमा नौला
अपरिपक्व नै थिए ॥४५॥

चीन भारत छन् हाम्रो
दायाँ बायाँ दुवैतिर
सिद्धान्त साधना बेग्लै
भएका यी बराबर ॥४६॥

अध्ययन दुवै गर्दै
प्रजातान्त्रिक यी भए
व्याप्त भ्रष्टहरू माथि
प्रहार क्रमले गरे ॥४७॥

माओको क्रान्तिले ल्यायो
चीनमा परिवर्तन
त्यो पछि यिनले हेरे
जनतामाथि शासन ॥४८॥

जो माथि पदमा जान्छन्
उनैको हुन्छ शासन
गरीब जनता उस्तै
पिडा र त्रासमा छन ॥४९॥

त्यो देखि उनको त्यस्तो
सिद्धान्त अस्वीकार भो
रामराज्यसरि भन्दै
प्रजातान्त्रिक भाव भो ॥५०॥

भ्रमण–
पूर्वपश्चिमका धेरै
भ्रमण देशको गरे
विकास तिनको लेखी
नेपाल देशमा छरे ॥५१॥

सभ्यता संस्कृति खाना–
पिनाको शुद्धता भने
नेपाल देशकै माने
घर गाउँ सबै हुने ॥५२॥

जहाँ जान्थे जहाँ बस्थे
त्यहाँको इतिहास नै
किताबी रूपमा लिन्थे
प्रबुद्ध वर्गमा छुने ॥५३॥

सौम्य आख्यानका साना
कथा र उपन्यासले
नेपालीपन नै ल्याए
वैदेशिक विहारले ॥५४॥

सत्य तथ्य सबै लेखी
भूगोल अनि दर्शन
सत्ता संस्कारका साथै
साहित्यिक प्रवर्तन ॥५५॥

समाजभित्रका साना
समस्यासित गन्थन
गरेका घटनालाई
गर्दछन् गूढ मन्थन ॥५६॥

देव देवालयै जो जो
बेच्ने प्रयासमा थिए
नीति नैतिकता बोकी
तिन्कै विरुद्धमा गए ॥५७॥

आखिरी सत्यको जीत
नखड्कीकन भैदियो
सत्यनिष्ठा सबै देव-
देवीका भरमा थियो ॥५८॥

तारका सुरले जस्तो
त्रिलोकै बसमा लियो
त्राही भै देवता आए
सत्यकै शक्ति प्राप्त भो ॥५९॥

धर्मयुद्ध हुँदै आयो
विजय सत्य-शक्तिकै
भयो र राक्षसै भागे
त्राही भै ती जतातत्तै ॥६०॥

त्यस्तै नेपालको छोटो
समयावधिमा पनि
दानवी शक्तिले कब्जा
जमाई गर्छ मन्परि ॥६१॥

देवीदेवलमा उस्को
भावना अति मन्दछ
त्यसैले दानवी चाला
उसले मात्र गर्दछ ॥६२॥

त्रिदेव जसरी लागे
सत्यनिष्ठा गराउन
दानवी शक्तिको यौटै
घमण्ड जो हटाउन ॥६३॥

त्यस्तै भरतले न्याय
दफा दफा खुलाउँदै
दानवी शक्तिको कर्म
पन्साए पार लाउँदै ॥६४॥

उनको भावना यौटै
सत्य र भगवानको
पक्षमा अगि आएर
काम गर्ने समाजको ॥६५॥

समाजभित्रका साना
ठूला जे जति काम छन्
गर्ने गराउने गर्छन्
यिनी शक्ति समान छन् ॥६६॥

समाजभित्रका साना
ठूला जे जति काम छन्
गर्ने गराउने गर्छन्
स्वयं यी शक्तिवान छन् ॥६७॥

निर्भय न्यायको शक्ति
दैवले कसरी दियो
अन्यायी जनका लागि
सातो-पुत्लो उतै गयो ॥६८॥

पारिवारिक सञ्जाल-
भित्र भैकन आउने
बोलीले अनि नीतिले
लेखनी नै समाउने ॥६९॥

सेना प्रहरी साराका
थिए बन्दुक साथमा
कापी र लेखनी मात्रै
योद्धा भरत हातमा ॥७०॥

लट्ठी घुमाउँदै कोही
प्रहरी पछि आउँथे
भरत् जङ्गम चैं केही
नीति मात्र सुनाउँथे ॥७१॥

खवर्दारी सधैं गर्न
चोकका मण्डला भरि
सबै झण्डा लिई जान्थे
नारा जुलुस नै गरी ॥७२॥

त्यो बेला शिवका भक्त
भरत्ले शिव अर्चन
गर्ने गराउने गर्थे
जनशक्ति उठाउन ॥७३॥

भरत् जङ्गम चैं कापी
कलम हातमा लिई
प्रशासन तिरै जान्थे
आस्वासनहरू दिई ॥७४॥

उनैका बलले आयो
गुठी मास्ने मसाउने
प्रक्रिया रोक्नका लागि
मान्छे हाँस्ने हँसाउने ॥७५॥

यसरी उनको सादा
जीवनी उच्चतातिर
उक्लँदै उक्लँदै आयो
श्रम र शक्तिको भर ॥७६॥

बुद्धि विशद विद्याको
आश्रय ली यहाँ उहाँ
अन्यायी पक्ष पेलेर
दिए न्याय समाजमा ॥७७॥

राष्ट्रराष्ट्रियता सामु
आएका जति काम छन्
नि:स्वार्थ भावले गर्दै
सबैका सामु पर्दछन् ॥७८॥

राजा भरतको जस्तै
यिनको कर्मको गति
त्यस्तै नै भन्दछन् कोही
बुझ्दछन् जसले जति ॥७९॥

भन्छन् कोही पुनः त्यस्तै
न्यायका विधि सम्पदा
सर्वमान्य सधैं हुन्छन्
विचलिन्छन् यदा कदा ॥८०॥

पुर्ख्यौली भक्तिको भाव
उनमा विद्यमान छ
शील सुन्दरता माथि
भावना शुद्ध आउँछ ॥८१॥

जन्मभूमि सदा उन्को
आराध्य देवता सरि
मन–मस्तिष्कमा बस्छ
दिनरात सधैं भरि ॥८२॥
कर्मको फूलले उन्को
शिर–ताज बनाउँछन्
अक्षता गन्धका साथै
धूपदीप चढाउँछन् ॥८३॥

माता पूज्यवती जस्तै
जन्मधर्ती पुकार्दछन्
पाखुरी बलिया पारी
लेखनीले सुसार्दछन् ॥८४॥

संसार चिन्नका लागि
ख्वपदेश छ शक्तिमा
शिक्षा सामर्थ्य जो पाए
उसैको भाव–भक्तिमा ॥८५॥

त्यसैले जिन्दगी सामु
ख्वपकै शब्द चित्र छ
सेवामा सर्वदा लाग्ने
उनको मनभित्र छ ।।८६।।

मालिनी छन्द-

घर परिधि घुमेरै
दैवयोगै जुटाए
अनुचित मनका ती
भावधारा छुटाए
अझ पनि अगि बढ्छन्
शैवयोगै लिएर
जनबल पनि पाई
सत्यतामा अडेर ।।८७।।

*।। चौथो गति समाप्त ।।*

**कालो काक हुँदैन शुभ्र सुकिलो धोए पखाले पनि**
**होला स्वर्ण कहाँ फलाम गतिलो गाले पगाले पनि ।**
**आँखा बन्द हुँदैछ पस्दछ जसै कालो करालो धन ।**
**सोही कारणले सदैव दिलमा सन्तोष राखौँ मन ।।**
**-भरत महाकाव्य सर्ग ७ बाट**

## पाँचौ गति (धर्म संस्कृति)

द्यौताको प्रतिमा राखी
पूजा गर्ने परम्परा
अनादि कालको नै हो
ऐलेसम्म छ यै पूरा ।।१।।

चल्दैछ धरतीमाथि
आर्यावर्त सनातनी–
हरूका बीचमा त्यस्तै
वेदमन्त्र भनी भनी ।।२।।

मन्त्रका साथमा भाव
तादाम्य जब बन्दछन्
उन्को सत् कर्मले ठेली
स्वर्गका द्वार खुल्दछन् ।।३।।

ब्रह्मकर्म सबैका हुन्
होइनन् किन्तु जातका
चन्द्रार्क नभका ज्योति
देखिन्छन् दिन रातका ।।४।।

प्रभा ती छर्दछन् यौटै
आ–आफ्नो धर्ममा रही
प्रहर्षित भई बस्छिन्
दुवैका बीचमा मही ।।५।।

भावनायुक्त पूजाले
धर्मका द्वार खुल्दछन्
प्रतिमा स्थापना गर्ने
ब्रह्मत्व प्राप्त गर्दछन् ॥६॥

जो संरक्षक भै बस्छ
उसको महिमा पनि
सामान्य गतिको हुन्न
उच्चता प्राप्त हुन्छ नि ॥७॥

नेपाल देशको केन्द्र
काष्ठमण्डपमा हुने
पशुका पतिको स्थान
गर्छ व्यापकता दिने ॥८॥

देशदेशान्तरैकाले
श्रद्धा र भावना लिई
आउँछन् कष्टका साथ
साक्षातै शिव सम्झिई ॥९॥

तिनै शैव शिलामाथि
पैंसठ्ठी पुस तेह्रमा
एक्कासी हुन्नरी आयो
पुजारी पूज्य वर्गमा ॥१०॥

पूजारी देशकै राख्ने
आज्ञा भो सरकारको
उद्देश्य हातमा पार्ने
तालाचाबी भँडारको ॥११॥

खजाना मूल्यका आफ्नै
भागवण्डा लगाउने
गुठी धर्म सबै मासी
विदेशी धर्म ल्याउने ॥१२॥

सुरक्षा गर्नका लागि
भरतमणि जङ्गिगए
आस्थावान सबैलाई
सूचना उनले दिए ॥१३॥

कानूनी रूपले जान
सर्वोच्च सम्म ती गए
आखिरी दैवको शक्ति
जुटेरै विजयी भए ॥१४॥

सुरक्षा धर्मको गर्न
राखेको गुरुजो थियो
मास्ने शक्ति शिला लागे
सत्य नै बिजयी भयो ॥१५॥

पाशुपत् क्षेत्रको सानो
श्लेष्मान्तक् वनमा पनि
विधर्मी जनले आई
चिहान गर्दछौं भनी ॥१६॥

सर्कार सामुमा भाग
गरी संघर्ष चर्किँदा
अक्षम हुन गो सत्ता
निरपेक्ष दिने हुँदा ॥१७॥

भरतमणिले आई
धर्म संस्कारको भर
लिई मुद्दा दिए न्यायी
संस्थामा गै सरासर ॥१८॥

न्यायाधीशहरू आई
बहस सबले गरे
पाशुपत् क्षेत्रमा मूर्दा
नगाड्ने फैसला गरे ॥१९॥

यसका निम्ति स्यावासी
भरतमणिले लिए
वैधर्मी जन, फर्किई
आ–आफ्नो स्थानमै गए ॥२०॥

हाम्रो गौरवको गाथा
यथावत हुँदै गयो
धर्म कर्मसँगै मोक्ष–
मार्ग फराकिँदै गयो ॥२१॥

बेधर्मी दलको झम्टा
विधिमै प्रतिकार भो
शैव–शक्ति झुटा कैल्यै
नहुने जनभाव भो ॥२२॥

शिवको क्षेत्रमा धावा
कसैले बोल्दछन् भने
स्वतः निस्तेज भै जान्छन्
जुर्मुराएर आउने ॥२३॥

दैवी शक्ति नजानेका
मान्छेको हो दुराशय
बुझेका वर्गको हुन्छ
भावनामा सदाशय ॥२४॥

बानेश्वर काष्ठमण्डप्
भागको उच्च ठाउँमा
शिवेश्वर रहेका छन्
प्रसिद्ध 'बान' नाउँमा ॥२५॥

पशुका पतिको क्षेत्र
मन्दिरैदेखि दक्षिण
गङ्गा गोमतिको पूर्व
बाग्मतीदेखि पश्चिम ॥२६॥

बाणगङ्गा दुई धारा
अवतीर्ण जहाँ छन
तिनैको तीरमा बस्न
बानेश्वर गएछन ॥२७॥

स्नान या पानका लागि
पवित्र जलधारले
सन्तुष्टि मनमा लिन्छ
जनशक्ति अपारले ॥२८॥

ती वानेश्वरको रक्षा
गर्नका निम्ति तत्पर
भई भरतनै आए
साथ भक्ति बराबर ॥२९॥

सहयोग सबै पाई
मन्दिरै स्थापना भयो
वाणगङ्गा थियो सानो
शिवको धामनै भयो ॥३०॥

कसैका हातको बाँण
आएर त्यस ठाउँमा
गङ्गा प्रवाहमा ल्यायो
होला त्यो कृतकालमा ॥३१॥

ठूला साना जहाँ जे हुन्
पवित्र जलधारमा
अवतीर्ण भइन् गङ्गा
यो सानो धीर धाममा ॥३२॥

बन्यो मन्दिर नै जस्का
सन्निधि अलि पर्तिर
भक्तको भावना बोक्ने
लिङ्ग थापे नयाँ वर ॥३३॥

महत्त्व यिनकै राख्न
भरत भाव भर्दछन्
तन या मनका साथै
धनले काम गर्दछन् ॥३४॥

बसेका छन् हाम्रा अनवरतले श्री पशुपति
उनैको सामुन्ने अलिक पर वाणेश्वर पति
दुवैको रक्षामा भरतमणि लागे समयमा
अझै जाँदै छन् श्री शिव शहरका यी शिविरमा ॥३५॥

## छैठौं गति (मठ रक्षा)

काभ्रेको पश्चिमी क्षेत्र
बनेपा बागमा हुने
धनेश्वर महादेव
साक्षातै धर्म भर्दिने ।।१।।

मान्यता अनि विश्वास
पहिले देखि नै थियो
त्यसैमा अहिले सम्मन्
जनभाव हुँदै गयो ।।२।।

भक्तको भावना फिर्दै
विचार हुन्छ जो जति
त्यसैले भन्दछन् ऐले
पूर्वका पशुका पति ।।३।।

पूजाहारी रहेका छन्
दैनिकी पूजनादिमा
औंसी एकादशी साथै
विशेष हुन्छ पूर्णिमा ।।४।।

माघ श्रावणको मास
भेला उत्सवको पनि
पराकालतिरै देखिन्
व्यवस्था हुन गो भनी ।।५।।

भन्दछन् विज्ञले ऐले
त्यो प्रथा अझसम्म छ
धर्म मास्ने कुनै आए
मासिने छ स्वयं तन ॥६॥

सबैजातहरू आई
पूजा र पाठ गर्दछन्
ती धनेश्वरको लिङ्ग
स्वयम्भू लिङ्ग भन्दछन् ॥७॥

सुरक्षा उसको गर्न
भरतमणि जङ्गम
आएथे जहिले देखिन्
विकासभो धमाधम ॥८॥

श्री धनेश्वरको लिङ्ग-
माथिको शिर भागमा
फुटेर चोइटा आयो
अचम्मै हुन गो त्यहाँ ॥९॥

अनिष्टै सबले माने
खैलाबैला हुँदै गयो
भरतमणिको भाव
विचार त्यसमा भयो ॥१०॥

चाँदीले चन्द्रमा जस्तै
मोरेर अग्र भागमा
राखी क्षमार्चना गर्दा
शान्ति हुन्छ समाजमा ।।११।।

भन्ने सम्मतिका साथ
त्यो कर्म शीघ्र गर्दिए
रुद्राभिशेषका साथै
श्री शोभा प्राण भर्दिए ।।१२।।

त्यसकै साथमा अर्को
श्री कृष्ण प्रतिमा पनि
भक्तको भावना बोकी
निर्माण हुन गो अनि ।।१३।।

स्थानीय जनको सानो
सहयोगी भएपछि
भरतमणिले ल्याए
विकास गर्न पद्धति ।।१४।।

भग्नावशेषको यौटा
जीर्ण मन्दिरमा पनि
आस्था विश्वासले काम
गरेर धाम भो अनि ।।१५।।

सुखास्वादनका लागि
धन नै हुन्छ सार्थक
धनधान्यादिले मुक्त
जीवनी हो निरर्थक ॥१६॥

भक्त भाव लिई जान्छन्
धनधान्यादि वैभव
पूजापाठ गरी फिर्छन्
भावना हुन्छ सम्भव ॥१७॥

नीलकण्ठेश्वरकाभ्रे (कामदको छेउ)
बनेपा धुलिखेलको
बीचैमा छ खुला यौटा
मन्दिर नीलकण्ठको ॥१८॥

द्यौता र दानवी खेला
समुद्र मन्थनै हुँदा
निस्केको विषको घडा
शिवले कण्ठमा लिँदा ॥१९॥

प्रभाव बिषको पर्दा
नीलाम्य कण्ठ जो भयो
आकार त्यसकै देखि
सुनाम नीलकण्ठ भो ॥२०॥

उनैको सम्झनालाई
धर्तीका ठाउँ ठाउँमा
प्रतिभा स्थापना गर्दै
राख्दछन् यस नाउँमा ॥२१॥

त्यही विशेषता साथै
ईश्वर नाम अर्थमा
राखेछन् प्रतिमा ल्याई
बनेपा धुलिखेलमा ॥२२॥

साथै सरस्वती माता
अक्षराधाममा लगी
राखे शास्त्र सुधा देवी
पूजा गर्छन् सबै पुगी ॥२३॥

यस्मा सावित्रीका साथै
भरतमणि जङ्गम
जुटेका छन् हुँदासम्म
लगाई तिनमा मन ॥२४॥

अनुष्ठानहरू सारा
शब्द यात्रा प्रकाशन
त्यहीं गर्ने गरेका छन्
इतिहास बनाउन ॥२५॥

मञ्जुश्री हरिको धेरै
त्यसमा त्याग सुन्दछु
गाउँ समाजका साथै
भरतमणि भन्दछु ॥२६॥

यो भेग भरिका धेरै
मठ मन्दिरका प्रति
भरतांशु पुगेका छन्
प्रकाश तिनमा छरी ॥२७॥

यस्तै नै कर्मका रेखा
जन्मान्तसम्म नै रहून्
म भन्छु कर्मको मोल
ब्रह्मत्व सम्म नै पुगून् ॥२८॥

उग्रेश्वर–
जैशीथोक समाजैले
काभ्रे द्यौपुर मण्डन
फेदीमा शिवको स्थान
बनाए 'उग्र' चिन्तन ॥२९॥

ध्रुव दाहालको धेरै
श्रम साधन देखियो
भावना उनकै पैलो
काव्यमा अनि लेखियो ॥३०॥

धेरै शिशिरले पार
पाएको छैन मन्दिर
नयाँ नै छ अझै सम्म
निर्मित अति सुन्दर ।।३१।।

व्यवस्था जो वसाहाको
गर्न या शूल स्थापना
गर्ने बेला पुगेका छन्
भरतमणि जङ्गम ।।३२।।

त्यसमा पनि उस्तै नै
भावना उनले लिए
ईश्वरीय सदा शक्ति
बुझेका उननै थिए ।।३३।।

जस्को आस्था र विश्वास
ईश्वरै प्रति आउँछ
यो विश्वास सधैं राखून
कर्म मन्त्र सुनाउँछ ।।३४।।

**मन्दाक्रान्ता छन्द**

काभ्रेका ती धनपति शिला ईशको नाम राखी
पुज्छन् अर्का पनि शहरमा नीलकण्ठै पुकारी
राखे आफ्नै मठ-परिधिमा भक्तको भावनाले
रक्षा गर्ने भरतमणि छन् त्यै थलाका हुनाले ।।३५।।

## सातौं गति (धर्म वर्ग)

बागेश्वर महादेव
चाँगुको आसपासमा
शैव शक्ति लिई बस्छन्
आफ्नै मन्दिर कोशमा ।।१।।

वाल्मीकेश्वरको नाम
अहिले त्यसमा दिए
पूजा र पाठका लागि
सबैले भावना दिए ।।२।।

किन्तु मन्दिरको रूप
मिल्किएसरिको थियो
पुराना प्रतिमा छैनन्
उठाई कसले लियो ।।३।।

आसपास हुने साना
प्रतिमा रुग्ण चालका
भाँचिएका फुटेका छन्
मिल्किएका बिहालका ।।४।।

भरतमणिले त्यस्तो
अवस्था जब दर्शन
गरेथे मनमा आयो
भएन मान–मर्दन ।।५।।

आफ्नै आवासमा बाँकी
रहेको शिवलिङ्गमा
विचार हुन गो पैले
बोले त्यही समाजमा ॥६॥

सर्व सम्मतिले आयो
लिङ्गको स्थापना गरौं
यो देवालयको भित्र
प्रतिमा शिवको भरौं ॥७॥

त्यै बेला घरको ल्याई
विधिपूर्वक स्थापना
गरेथे भक्तले ऐले
गर्दछन् शिव साधना ॥८॥

भरतमणिको आफ्नै
भावको परिणाम हो
अलपत्रे अवस्था त्यो
क्षेत्र नै देवधाम भो ॥९॥

पर्दा भरतको दृष्टि
विनाश देख्न आउँछन्
ती देवालयले रूप
लावण्य फेर्न पाउँछन् ॥१०॥

## अनन्त लिङ्गेश्वर

काष्ठमण्डपको पूर्व
काष्ठमण्डपकै पूर्व
लिङ्गेश्वर अनन्त छन्
भादगाउँ विशालै यो
आग्नेय कोण रम्दछन् ॥११॥

गुण्डु गाउँ समाजको
दक्षिणी भेगमा त्यहाँ
अनन्त लिङ्ग पर्वत् छ
योगी ध्यानस्थ छन् जहाँ ॥१२॥

दक्षिणी भेगमा पर्छ
अन्तलिङ् पाव पर्वत
जहाँ योगीहरू पैले
पाउँथे ध्यान वर्कत ॥१३॥

उत्तरीमुखको सानो
पर्वते वन कन्दरा
बीचमा शैव पाषाण
छन् बसेका मनोहर ॥१४॥

अनन्त लिङ्गको नाम
भन्दछन् सबले त्यहाँ
पर्वतस्थ शिलामाथि
पूजा गर्छन् सबै जहाँ ॥१५॥

आनन्दप्रद यो ठाउँ
पवित्र जल सम्पदा
जसमा उब्जिने गर्छन्
स्नानादि हुन्छ सर्वदा ॥१६॥

एकान्त साधनालाई
उपयुक्त हुने हुँदा
योगी ध्यानी यहाँ बस्छन्
ब्रह्मशक्ति उदाउँदा ॥१७॥

शैवशक्ति सदा पाई
पूजा पाठ गरिन्छ रे
त्यसैले यसको नाउँ
ऋष्यारण्य भनिन्छ रे ॥१८॥

योगी वर्ग यहाँ बस्थे
ध्यानाकृष्ट भई सदा
शैव शक्ति जुटेको यो
पवित्र स्थान जो हुँदा ॥१९॥

स्नान ध्यान सदा पूजा-
पाठ या तर्पणाञ्जलि
गर्नलाई हुनै पर्ने
पानीको खोज भो अलि ॥२०॥

कुवा खन्न भनी आए
तिनै ऋष्यादि जो जहाँ
खने जोड गरी केही
पवित्र जल भो त्यहाँ ॥२१॥

भयो साथै शिला यौटा
लिङ्गाकार प्रकाशित
त्यो लिङ्ग धरतीभित्रै
भाँसिदै गो कता स्वतः ॥२२॥

लिङ्ग दर्शनले मात्रै
भएनन् साधु तुष्टित
त्यस्को अन्त्य पता पार्न
खन्दै गए अझै तब ॥२३॥

मिलेन अन्त्य नै यस्को
तीस हात हुँद पनि
अनन्त लिङ्गको नाम
राखेथे मुनिले अनि ॥२४॥

लिच्छवी मल्लका राजा
त्यहींको जल सम्पदा
ल्याई स्नानादि जो गर्थे
जस्मा पावनता हुँदा ॥२५॥

प्रताप मल्लले रानी
पोखरी खन्न लाउँदा
अनन्त लिङ्गेकै पानी,
हाले कुण्ड भराउँदा ॥२६॥

गंगाको जल झैं भन्छन्
अनन्त लिङ्गको जल
कदापि धमिलो हुन्न
सर्वदा हुन्छ निर्मल ॥२७॥

जसले धर्मका लागि
कुण्ड कूप खनाउँछन्
पवित्र पार्नका लागि
सप्त मूल जुटाउँछन् ॥२८॥

सप्त धाराहरू मध्ये
प्रताप मल्लले पनि
अनन्त लिङ्गको यौटा
जलधारा लिए अनि ॥२९॥

त्यो पवित्र भुइँ माथि
शिव धाम बनाउँन
ईश्वरात्मा सदा पाई
पूजा पाठ चलाउँन ॥३०॥

जङ्गम वर्गको धेरै
लामो यो इतिहास छ
जसले धर्म या कर्म
गर्ने साथै गराउँछ ॥३१॥

संरक्षक बनी यस्को
भरतमणि जङ्गम
जैले आए प्रभा छर्दै
विकास भो धमाधाम ॥३२॥

उनको मनमा सानो
विचार जब आउँछ
धर्म धाम शिला माथि
दैवशक्ति पलाउँछ ॥३३॥

त्यसैको आडमा उन्ले
टेकेर परिपूर्णता
दिने रक्षा सधैं गर्ने
गर्छन् जैले जतातता ॥३४॥

धन या मन सुम्पेर
ज्यानको श्रम साधना
गर्दै जान्छन् सदाकाल
देवताकै उपासना ॥३५॥

अनन्त लिङ्गको चारै–
तर्फको वन वागमा
वृन्दावन भनेका छन्
वर्तमान समाजमा ॥३६॥

वृन्दा हो तुलसी–बोट
विष्णुको अवतार नै
सर्वौषधि पनि त्यै हो
पवित्र वन पार्दिने ॥३७॥

जसको नामले मात्रै
वाटिका बन्छ पावन
स्वर्ग मर्त्य दुवैको यो
साँध सीमा मिलाउन ॥३८॥

## शिखरेश्वर (दक्षिण गोदावरी)

काष्ठमण्डपको सोझै
दक्षिणी भागमा पनि
गोदावरी बहेकी छन्
शुद्ध स्नानादि होस् भनी ॥३९॥

फर्पिङ पारिको खाँच
जहाँ दक्षिणकालि छन्
अनादि कालकी गङ्गा
भागीरथी समान छन् ॥४०॥

त्यही खाँच खुला गर्दै
विकास देवधामको
भयो कालान्तमा आई
प्रसिद्ध नयपालको ॥४१॥

गो कुण्ड त्यसमै पर्छ
जसको जल पावन
गोदावरी तिनै हुन्छिन्
शक्तिका स्रोत छन् वन ॥४२॥

दैवी पाषाण छन् त्यस्मा
त्यस्तै छन् वन थावर
साँच्चै देवत्व छ भन्ने
स्पष्ट हुन्छ बराबर ॥४३॥

प्रकृति पुरको त्यस्तो
सुन्दराकृति खाँदमा
थिएन मूर्ति नै यौटा
आधार स्तम्भ माझमा ॥४४॥

त्यसको स्थापनालाई
भरतमणि जङ्गम
जुर्मुराए खुशी बन्दै
आए सम्मतिमा जन ॥४५॥

उनकै घरको यौटा
शिवको प्रतिमा लगि
राखे उत्सवका साथ
शिखरेश्वर हुन् भनी ॥४६॥

हो त पाषाणकै यौटा
शिव लिङ्ग स्वरूपमा
स्थापित वेदका मन्त्र
विहित शिव भावमा ॥४७॥

त्यसैमा अर्चना गर्छन्
भक्तले मन–मुग्ध भै
धूप र दीपको ज्योति
देखाई दिन रातमै ॥४८॥

ऐले लाग्छिन् त्यहाँ धर्ती
स्वर्गकै द्वार हो सरि
घुम्छन् मृगादिका जत्था
बाल बृद्धा सबै थरी ॥४९॥

संरक्षक हुने जिम्मा
उनकै भागमा गयो
जिम्मेवारी लिई आफ्नो
कर्तव्य त्यसमा भयो ॥५०॥

त्यो सानो चेपमा ऐले
विशाल मठ–मन्दिर
धर्मशाला सँगै आङ्‌ना
बनेका छन् सबैतिर ।।५१।।

बग्थिन् गङ्गा जहाँ झोर–
भित्रमा लुप्त भैकन
देखाइन् अहिले आफ्‌नो
प्रवाह स्निग्ध पावन ।।५२।।

ललितपुरकी गङ्गा
गोदावरी समानकै
दक्षिण कालिको ख्याति
लिन्छन् भक्तहरू सबै ।।५३।।

दुवै गोदावरी नै हुन्
कुनै काल उपार्जित
दैवको महिमा यौटै
शास्त्रले गर्छ सम्मत ।।५४।।

छन् शुद्ध वागेश्वर चाँगुनेर
अनन्त लिङ्गेश्वर गुण्डुनेर
ती दक्षिणैका शिखरेश्वरात्मा
लेख्छन् बुझी जङ्गम शुद्ध आत्मा ।।५५।।

# आठौं गति (धार्मिक खण्ड)

पूर्वोत्तर दिशामा जो
खडा छ भाद गाउँको
रत्नागिरी शिला शैल
प्रसिद्ध त्यस ठाउँको ।।१।।

मञ्जुश्री नामका साथै
बागेश्वरी पनि त्यहाँ
भन्दछन् पहिले देखिन्
मान्छेले घर-गाउँमा ।।२।।

वैदिकी जनले आई
सरस्वती पुकार्दछन्
बुद्ध धर्मीहरू आई
मञ्जुश्रीले पुकार्दछन् ।।३।।

दुईटै धर्मका व्यक्ति
आ-आफ्नो नामले त्यहाँ
पूजा आराधना गर्दै
शान्ति छर्छन् जहाँ तहाँ ।।।४।।

त्यसै पर्वतको चित्र
बनेको अति सुन्दर
दुङ्गे चट्टानको यौटा
बनेको मिल्छ कन्दरा ।।५।।

जसको द्वारमा पुग्दा
हावाको गतिका सँगै
ओंकार ध्वनि गुञ्जिन्छ
गुफाको बीचमा नगै ॥६॥

मानौं त्यहाँ अझै लाग्छ
तपस्वी जनको कुनै
ओंकारोक्ति त्यहाँ घुम्छ
निस्केर व्योममा नगै ॥७॥

त्यहाँ हुन्थ्यो सदाकाल
सिद्धि सन्दर्भ जोडने
तपस्वी जनले ध्यान
गर्दा ओंकार छोडने ॥८॥

ऋषिकल्पहरूबाटै
बनेको अनुमान छ
तप ध्यान गरी बस्ने
सिद्धिस्थान समान छ ॥९॥

मञ्जुश्रीको खुला मूर्ति
एकातर्फ सुहाउँछ
बागेश्वरी उता तर्फ
राख्नका निम्ति ठाउँ छ ॥१०॥

दुई हज्जार चारैमा
मन्दिर त्यसमा भयो
देवत्व झल्किने यौटा
स्वरूप उसले लियो ॥११॥

थियो पर्वतको चोटी
मन्दिर त्यसमा हुँदा
देवधाम सरि लाग्ने
बन्दै गो अब सर्वदा ॥१२॥

वाग्देवी प्रतिमा राख्ने
विचार मनमा लिँदा
सपना विपना जम्मै
तर्कना मनमा हुँदा ॥१३॥

प्रस्तर प्रतिमालाई
काशीका मूर्तिकारको
प्रतिभा श्रम या सीप
झल्किने बारबार त्यो ॥१४॥

ल्याए भरतले बोकी
त्यहीँ राख्ने विचारले
खोजेको त्यही हो जस्तो
रत्नागिरी पहाडले ॥१५॥

सक्कली रूपकी जस्ती
प्रतिमा होइनन् सरि
सरस्वती बनाए जो
भक्तका मनकी परी ॥१६॥

उनको स्थापना लाई
महापुराणको कथा
आयोजना गरी लाए
अर्थ सम्मृद्धिभो तथा ॥१७॥

अर्को मन्दिर भो फेरि
त्यसैमा नव निर्मित
स्थापना प्रतिमाको भो
शास्त्रयि विधि सम्मत ॥१८॥

हिन्दू बुद्ध दुबै आई
आ-आफ्नो नाम कीर्तन
गर्दै पूजा गरेका छन्
इष्ट-शक्ति नबिर्सिन ॥१९॥

प्राचीन कालको यौटा
गुफाको महिमा लिँदै
ऐले विकासमा ल्याए
उनले धन सुम्पिँदै ॥२०॥

म ता सरस्वती साथै
मञ्जुश्री बोधिका शिला
आम्ने-साम्ने बसेका छन्
लिएरै मान्यता बडा ॥२१॥

हिन्दू बुद्ध दुबै माथि
धार्मिक एकता पनि
दिएका छन् तिनैले नै
भावना एउटै बनी ॥२२॥

हिन्दूबाटै बनेको हो
बुद्धको भावना पनि
अहिंसा कर्ममा आयो
एउटै प्राण हुन् भनी ॥२३॥

## भालेश्वर-

भालेश्वर पनौतीका
शिवकै मूर्ति मान्दछन्
भक्तको भावनालाई
सधैं तथास्तु भन्दछन् ॥२४॥

भालको अर्थ हो यौटा
निधार सब जीवको
उत्पत्ति त्यसमै पाई
फैलियो शक्ति शैवको ॥२५॥

अथवा शिवको भाल
आधार स्थान हो कि वा
शिवशक्ति त्यहाँ आई
प्रतिष्ठित भए कि वा ॥२६॥

भालस्य ईश्वरी भन्दै
भक्त भै अति रञ्जित
मठ निर्माणका साथै
मूर्ति भो अनि पूजित ॥२७॥

यो हो जङ्गमको यौटा
पुरानो इतिहास रे !
उन्कै पूर्वजले सेवा
यसमाथि गरे अरे ! ॥२८॥

यो क्षेत्र शिवको क्षेत्र
जङ्गम शिव मार्गका
अनुयायी भएकाले
पुजारी पूज्य वर्गका ॥२९॥

भई कर्म गरी आए
धर्म धाम सबैतिर
डाँडा पाखा खुला खोँच
जो जाँ छन् गिरिमुन्तिर ॥३०॥

**इन्द्रेश्वर–**

पनौतीमै रहे अर्का
इन्द्रेश्वर महाबल
भक्तको मनमा बस्ने
शक्ति भैकन निश्छल ॥३१॥

स्वर्गाधिपतिले आफ्नो
इच्छामा पूर्णता दिँदै
शिला शैव दिएका हुन्
भन्ने भाव लिँदै लिँदै ॥३२॥

गर्छन् भक्तहरू पूजा–
पाठ जो भावना दिई
शिवका साथमा इन्द्र
आ–आफ्नो मनमा लिई ॥३३॥

जङ्गमै वर्गको यस्मा
रेखदेख थियो अरे
पूर्ख्यौली भावना बोकी
ऐलेसम्म हुँदै छ रे ॥३४॥

धर्मास्था धारणा ध्यान
निलिप्त शिव भावमा
गर्ने गराउने गर्छन्
बोकेर दृढ धारणा ॥३५॥

## गौखुरेश्वर-

अनन्तेश्वर छन् हाम्रा
हिमाली टाकुरामुनि
बस्छन् शैल शिला बन्दै
यत्र तत्र सधैं उनी ॥३६॥

अनेक नाउँमा उन्का
प्रतिमा प्रतिभा बनी
प्रतिस्थापित छन् साझा
हर्ताकर्ता उनै भनी ॥३७॥

त्यस्तै शक्ति सुधासार
काभ्रेको धुलिखेलमा
राखेका छन् सबै आई
गौखुरेश्वर नाममा ॥३८॥

गाईको खुरमा आई
उत्पन्न ईश्वराकृति
अथवा खुर झैं लाग्ने
भावनाका जनश्रुति ॥३९॥

छन् त्यसै स्थानमा ऐल
विशाल जनमाझमा
पूजा आराधना हुन्छ
दैनिक शुभ साँझमा ॥४०॥

जङ्गमै वर्गको बोल
प्रभाव पहिले यहाँ
थियो रे अहिले त्यस्तै
हुँदैछ पूजनादिमा ॥४१॥
पूजापाठ गरी शक्ति

उपार्जन गराउने
पूर्ख्यौली धारणा नै हो
विशुद्ध ज्ञान पाउने ॥४२॥

त्यसैले धर्मसंस्थामा
विशेष मनभाव छ
नयाँ निर्माणका साथै
सम्भार हुन आउँछ ॥४३॥

जङ्गम जातिको जैले
नेपालप्रति आउने
क्रमानुगति भो राजा
महाराज समाउने ॥४४॥

साथैमा धर्मको धारा
अविच्छिन्न हुँदै छ यो
तिनकै कर्मले गर्दा
यो क्षेत्र शिव शैल भो ॥४५॥

सतीका अङ्गको पात
यहीं भो गुह्य नाउँमा
पार्वती शिवको लीला
पनि भो ठाउँ ठाउँमा ॥४६॥

उन्कै शक्ति सदा पाई
शिलाले शिव नाउँमा
खडा भै पूजिने गर्छन्
सर्वत्र यस ठाउँमा ॥४७॥

मन वचन दिएरै
गौखुरे इन्द्र ईश
अलिदिन पछि फेरि
शारदा भाल ईश
चहुर गिरि गुफामा
मूर्ति राख्नै लगाए
भरतमणि हुनाले
भक्ति धारा जगाए ॥४८॥

## नवौं गति (डोलेश्वर क्षेत्र)

डोलेश्वर महादेव
यिनैको अगुवाईमा
सञ्चालित हुँदै आयो
पूजा-पाठ समाजमा ॥१॥

उत्तराञ्चलका सिद्ध
केदारनाथको शिर
छेद भै डोलमा आयो
पाशुपत् क्षेत्रका तिर ॥२॥

भन्ने पुराणले गर्छ
व्याख्यान सत्य सौरभ
फैलाई विश्वका सामु
नेपाल गर्छ गौरव ॥३॥

अनुसन्धानका लागि
विचार लिनुपर्दछ
अरेमाथि अरे भन्दा
प्रमाण दिनुपर्दछ ॥४॥

प्रत्यक्ष ज्ञान क्यै हुन्छ
अनुमान सबैतिर
गरेर सत्यमा पुग्न,
विश्वास हुन्छ निर्भर ॥५॥

शब्द प्रमाणले सोझै
जो भन्छ मान्नुपर्दछ
नभने मन खेलाई
यथार्थ जान्नुपर्दछ ।।६।।

ब्रह्मज्ञानी कुनै छैनन्
त्रिकाल दृष्टि पाउने
प्रत्यक्षसरि भैं आफैं
सत्यतामा समाउने ।।७।।

त्यस्तै द्वापरको अन्त्य
पञ्चपाण्डवको कथा
जोडिएको सबै भन्छन्
यथार्थ हुन्छ बेपत्ता ।।८।।

पञ्चपाण्डव संसार
शिवको खोजमा गए
न लाग्दा उनको पत्ता
अलमल्ल परे त्यसै ।।९।।

अन्तर्दृष्टि दिई हेर्दा
केदार कन्दरा मुनि
रहेछन् शिव एक्लै नै
महिषाकृतिका बनी ।।१०।।

भीमको रीस चर्केर
खुँडा प्रहार नै भयो
तत्काल शिर त्यो आफै
पाशुपत् भालमा पुग्यो ।।११।।

भन्छन् क्वै जनले आई
प्रमाण शब्दको लिई
क्वै भन्छन् शिवले आफैं
काटे खुँडा स्वयं लिई ।।१२।।

त्यो शिर पाशुपत् क्षेत्र
देखिँदैन कतै पनि
अन्तर्निहित भो शिर
लिङ्गमा भन्दछन् कुनै ।।१३।।

अनुसन्धानले तत्थ्य
कसोरी सिद्ध गर्दिने
भक्त समाजको भित्री
कसोरी मन भर्दिने ।।१४।।

अनुसन्धानकै लागि
भरतमणिले पनि
सपना विपना खोज्ने
भेट्टाएसरि भो अनि ।।१५।।

भक्तपुर सिपाडोल
शिवमन्दिरमा गए
कृष्णशिला त्यहाँ देखे
उनी अचम्मका भए ॥१६॥

क्यामरा साथमा बोकी
त्यसको चित्र खिच्दछन्
परन्तु क्यामराभित्र
सम्पूर्ण रिक्त देख्दछन् ॥१७॥

बारम्बार भएको त्यो
लीलाले सब झस्किए
के भो के भो भनी फेरि
क्यामराभित्र दोष् दिए ॥१८॥

अचम्म माथिको अर्को
अचम्म थपिंदै गयो
अर्कोपल्ट पनि त्यस्तै
निस्तेज क्यामरा भयो ॥१९॥

के हो यस्तो यहाँ हाम्रा
सम्पूर्ण क्यामराहरू
निस्तेजमात्र बन्दैछन्
खोजौं यो कारणै बरु ॥२०॥

भन्दै शैव शिलामाथि
गहिरो ध्यान दृष्टिले
हेर्नथाले उनी एक्लै
गम्भीर मन चित्तले ॥२१॥

आखिरी भुमरी पर्दै
बतास कानमा गयो
केदारनाथ यो भन्ने
आवाज उसले दियो ॥२२॥

अनि सम्मतिका लागि
सूचना सबमा गरे
अनुमान सबैको भो
सम्भावना दिँदै गरे ॥२३॥

नेपालै भरका मूल
पशुका पति छन् यहाँ
पाशुपत् क्षेत्र मान्दैछन्
सबैले धर्म कर्ममा ॥२४॥

उछिट्टिएर जो आयो
ज्योतिर्लिङ्ग तिरै नगै
समीपवर्ती पाखामा
बस्यो हो मान्यता लिँदै ॥२५॥

ज–जस्को मनले भन्छ
त्यो त्यो नै अनुमान हो
यथार्थता भने पैल्यै
त्यै काल साथमा गयो ॥२६॥

जान्दछन् त सही सत्य
शिवशक्ति स्वरूपले
मान्छेको खोजमा मिल्छ
अनुमान प्रमाणले ॥२७॥

जो जे होस् सत्यता भन्ने
विश्वास मनमा भयो
केदारनाथको अंश
शिरोभाग यहाँ रह्यो ॥२८॥

केदार जान जो सक्छन्
जान्छन् ती याम याममा
जो सक्तैनन् यहाँ जान्छन्
उनैको शिर धाममा ॥२९॥

नाग झील हुँदा पैले
मञ्जुश्री बोधिले यहाँ
डाँडा पाखा सबै घुम्दै
फालेथे जल पारमा ॥३०॥

त्यसैको पूर्वमा पर्ने
डोल क्षेत्र खुला गरी
प्रसिद्ध धाम भो ऐले
शिवको स्थापना गरी ॥३१॥

यो क्षेत्र धन्य हो भन्छ
शिव या शक्तिको स्थल
हावापानी दुवै मिल्दा
भावना हुन्छ निर्मल ॥३२॥

## हिन्दु धर्म र कर्म

शार्दूलविक्रीडित छन्द–

हिन्दू धर्म र कर्मका शिव सती
संस्थापना गर्दछन्
नेपाली जन माझमा अझ बढी
तिन्कै कथा सुन्दछन्
द्यौताका दलले यसै नगरमा
सञ्चेतना ल्याउँछन्
तिन्कै रक्षणमा हिंडेर कविले
कानून पल्टाउँछन् ॥३३॥

## दशौं गति (भ्रष्टाचार निवारण)

भूपू सांसदले जम्मै
पेन्सन खान पाउने
ऐन पारितका लागि
ल्याए पास गराउने ।।१।।

उद्देश्य मनमा राखी
खजाना रित्तिए पनि
रित्तियोस् सबले खाऊँ
पुग्दछ जति ले भनी ।।२।।

सबै सांसदको यौटै
सहमति हुँदै गयो
सभाले पास गर्दा त
क्यै बाधा नहुने भयो ।।३।।

राष्ट्रिय ढुकुटीलाई
जोगाऊ अभियानमा
भरतमणि गै लागे
वैधानिक विचारमा ।।४।।

सर्वोच्चभित्र गै हाले
मुद्दा यथार्थ होस् भनी
सर्वोच्चले पनी ल्यायो
निवृत्ति हुन्न यो भनी ।।५।।

दोहोरो सुविधा लिन्थे
सर्कारी कर्मकारले
त्यो जम्मै खारिजी पारे
न्यायकर्मी विचारले ॥६॥

प्राडो र पजेरो चढ्ने
सांसदहरुको मन
भताभुङ्ग गरी ल्याए
जोगाई राष्ट्रको धन ॥७॥

खोजीनीति नगर्दामा
राष्ट्रका ढुकुटीहरू
सिध्याउने सबै हुन्छन्
भन्ने प्रमाण छन् अरू ॥८॥

तिनै प्रमाण बोकेर
खबर्दारी उठाउँदै
बारम्बार हिंडेका छन्
हवाला तिनमा दिँदै ॥९॥

विदाको दिनमा गाडी
चढी निजी समानको
ओसार्ने व्यक्तिका लागि
उडाए खिल्ली सानको ॥१०॥

अभिमान सबै झारे
तेलको भो बचावट
गाडीको आयु लम्बी यो
क्यै लागू भो फटाफट ।।११।।

बहाना रचना गर्दै
खाने सांसदको गति
रोकावट गरी ल्याए
सुधार भन्दिए मति ।।१२।।

जनता जनको खाँचो
पूरा गर्ने छु मै भनी
प्रतिबद्ध भई आए
गल्ली घुमेर फन्फनी ।।१३।।

सभ्य समाजमा आत्म–
विश्वास दरिलो गरी
पुगे सांसद भै माथि
जून तार पुगेसरि ।।१४।।

लाए बादलको घेरा
स्वयं प्रकाश पाउन
हुण्डरी पनि मच्चाए
अझै धूलो उडाउन ।।१५।।

कुस्ताकुस्ती सधैं हुन्छ
काममा वार लाउन
खाने बेला भने जान्छन्
जम्मै हात मिलाउन ॥१६॥

पार्टीको बीचमा पार्टी
शत्रुवत् हुन आउँछ
सुविधा भोग्नका लागि
मैत्री भाव जगाउँछ ॥१७॥

भूपू राष्ट्रपति त्यस्तै
उप राष्ट्रपति क्रम
प्रधानमन्त्रीका साथै
प्र.न्यायाधीश नै सम ॥१८॥

गृहमन्त्री पनि त्यस्तै
विशेष सुविधा लिन
कस्सिए उच्चता प्राप्त
गरेका अन्य जो छन ॥१९॥

अध्यादेश गरी ल्याए
प्रम ती बाबुरामले
त्यसको मान्यता हुन्न
भनेछन् भरतांशुले ॥२०॥

सहमति सबैको भो
त्यसैमा ताल लाउँदै
खारेजीमा लगे फेरि
भ्रष्टाचार बुझाउँदै ॥२१॥

संविधान सभा पैलो
विधान विपरीत भै
म्याद थप्दै उँभो आयो
आफ्नो आयु बढाउँदै ॥२२॥

जो सभासद भै आए
उनको चाहना पनि
बढोस् यस्तै गरी धेरै
भन्ने नै हुन गो अनि ॥२३॥

यौटा सानो कुरामाथि
अल्झिए महिनौं दिन
सभा वस्ता सबै जान्थे
केवलै हाजिरी लिन ॥२४॥

यौटा कुरा नमिल्दामा
उठेर हिंड्दथे सबै
प्रभुत्वमा सबै जान्थे
समाधानतिरै नगै ॥२५॥

क्वै जान्थे घरको माल-
सामान किन्न खातिर
क्वै जान्थे पाहुना लाग्न
आफन्त जनका तिर ॥२६॥

खुराफाती कुरा गर्थे
कसैले गै बजारमा
जग्गा दलाल भै जान्थे
क्वै सभासद ठाउँमा ॥२७॥

गुठीको धनमा आँखा
लाएर पनि हिड्दथे
सुन, चाँदी कुनै जग्गा
आवास पनि खोज्दथे ॥२८॥

पुरातात्विक सामग्री
हातमा पर्छ कि भनी
खनी खोजी कुनै हिंड्थे
नेपाली धरती मुनि ॥२९॥

यस्तै यस्तै कुरा गर्थे
जिम्मेवार सधैं भई
संविधान छिटो लेख्ने
प्रसङ्गतिर नै नगै ॥३०॥

सभाको आयु नै लामो
रबर तन्किएसरि
तन्किँदै तन्किँदै आयो
कुनैको जिन्दगी भरि ॥३१॥

यो भ्रष्टाचार हो भन्दै
भरतादि गई त्यहाँ
सीमा तोक्न गरे माग
बाध्य भै तोकियो नयाँ ॥३२॥

यी जम्मै देशका लागि
भ्रष्टाचार छुटाउने
अभियान रचे उन्ले
अर्थतन्त्र बचाउँने ॥३३॥

अरबौं बँच्न गो अर्थ
नेपाली राज्यकोषमा
अन्यायी वर्गका सामु
न्याय भो उच्च देशमा ॥३४॥

राजनैतिक व्यक्तित्व
खानका निम्ति लुब्ध छन्
भन्ने प्रमाण यी राख्तै
सतर्क पार्न पुग्दछन् ॥३५॥

भरतमणिको एक्लो
असङ्गत विचार यो
भ्रष्टाचार सफा पार्ने
न्यायिक अभियान हो ॥३६॥

भ्रष्टाचारप्रति उन्को
संघर्ष चुलिँदै गयो
सर्वोच्च न्यायको ढोका
क्रमशः खुलिँदै गयो ॥३७॥

भ्रष्टाचार गरौं भन्ने
लेखेन संविधानले
त्यसैमा सत्यता बोल्ने
गर्दैछ अभियानले ॥३८॥

साझा सम्मति नै हुन्छ
भित्र जे जे भए पनि
बाहिरी मुखले भन्छ
राम्रो हो भ्रष्टले पनि ॥३९॥

अवैधानिक सम्पत्ति
खानुहुन्न कुनै अरू
भन्दै खाँदै दुवै गर्छन्
शक्तिका पारखीहरू ॥४०॥

तिनैको मुखमा ताल्चा
लाउने अभियान हो
केही सक्षम भै आयो
हिंड्दै छ न्याय मार्ग यो ॥४१॥

विश्व आक्रान्त भै आयो
भ्रष्टको कर्मले सबै
नेपाल पनि बाँचेको
देखिँदैन यहाँ कतै ॥४२॥

अधिकार सबै खोज्छन्
कर्तव्य सम्झिँदैन क्वै
यो ताण्डव सबै हुन्छ
नेपाल देशभित्र नै॥४३॥

पानीको योजना आयो
मेलम्ची जलधारको
अगला हिमालको भित्री
भागमा वारपारको ॥४४॥

परन्तु भ्रष्टको हाली–
मुहाली त्यसमा भयो
ठेकेदार उहाँदेखि
भागेर देशमै गयो ॥४५॥

प्रभाव भ्रष्टकै धेरै
रहेछ नयपालमा
भन्ने सन्देशका साथ
फर्किएछ बिहालमा ॥४६॥

देशको मुटु नै भन्ने
भ्यालीका जनताहरू
काकाकुल भए जम्मै
निराशा थपियो अरू ॥४७॥

पञ्चवर्षीय यो काम
तीस वर्ष हुँदा पनि
सकिएन अझै आयो
प्रकोप बाढको अनि ॥४८॥

नयाँ नेपालको खाका
सुनाई पूर्व निर्मित
सबै भत्काउँदै आए
समाजभित्र अर्पित ॥४९॥

निर्माण पुल  जो हुन्छन्
तत्कालै भत्किने गरी
बिल भुक्तानका लागि
भ्रष्ट घुम्छन् सबैथरी ॥५०॥

स्थानीय तहका राजा
रजौटा अभिमानले
बेलुनसरिका बन्छन्
पैसा र अधिकारले ।।५१।।

जहाँ बाटाहरू छैनन्
त्यहाँ गाडी करोडको
किनेर राख्दछन् छुट्टै
डाटा दिन्छन् विकासको ।।५२।।

भ्रष्टता नहुने कोही
भेटिएन कतै पनि
साना ठूला र मझ्यौला
मात्रै हुन् गणना अनि द ।।५३।।

यस्ता भ्रष्टहरूलाई
ठेगान लाउने भनी
भरतमणिले ल्याए
अभियान यहाँ पनि ।।५४।।

भ्रष्ट विरोधका बाटा
क्रमशः खनिँदै छन
न्याय सञ्जालमा ल्याई
उजागर गराउन ।।५५।।

विश्व प्राज्ञिक संस्थामा
भ्रष्टाचार विरोधको
शास्त्र सम्मानले सुम्पे
नेपाली उपहार भो ॥५६॥

विश्वविद्यालयी पाठ
विश्वमा नै पढाउने
भन्ने चर्चाहरू आए
भ्रष्ट भाव मिटाउने ॥५७॥

यसैले उनको कर्म
प्रभावित हुँदै गयो
धेरै कलेजमा पाठ
अनिवार्य हुने भयो ॥५८॥

भन्ने आवाज छन् केही
मञ्चमा र विचारमा
ल्याउँछन् उनले एक्लै
यत्र तत्र प्रचारमा॥५९॥

अन्धकार भयो धेरै
सबैको घर गाउँमा
पुगेन जलको धार
वहाव त्यस ठाउँमा ॥६०॥

भन्ने झुट्टो दिए ज्ञान
जनता माझमा गई
अरबौंको भयो खेल
उद्योग पतिमा गई ॥६१॥
अर्का हाकिम भै आए

त्यही  पावर पूर्ण भो
उर्जा शक्ति जलाधार
चाहिने जति उत्रियो  ॥६२॥

भयो स्वर्णपुरी जस्तै
लोड सेडिङ अन्त भो
त्यही पावरले देशै
उधारो झलमल्ल भो ॥६३॥

तिनै हाकिमको ऐले
वद्नामी अति बोलदछन्
कामै क्यै नगरी खायो
मिथ्या पोल सुलाउँछन् ॥६४॥

चोखो नियतको मान्छे
बद्नामी भै हराउँछ
भ्रष्टाचारी खुराफाती
कर्मठ हुन आउँछ ॥६५॥

आफू त्यो पदमा जाने
लाखौं लाख कमाउने
विचार मनमा राखी
गर्छन् भन्ने भनाउने ॥६६॥

जहाज किन्नको लागि
जो जो बजारमा गयो
घोटाला अरबौं हुन्छ
खजाना देशको गयो ॥६७॥

लाउडा धमिजा साथै
रक्तचन्दनको अनि
वाइवडी जुटे जम्मै
उपचार विधा पनि ॥६८॥

जो भ्रष्ट उही नै बोल्छ
अर्काको खइरो खनी
पद प्राप्त भए गर्छ
राम्रो छ अहिले भनी ॥६९॥

यस्तै नै भावना बोक्ने
वीर कर्मठ छन् यहाँ
नीति निर्माणका लागि
खटी हिंड्छन् जहाँ तहाँ ॥७०॥

तिनैको मनमा सोझो
मार्ग निर्माण गर्दछन्
भरतमणिले घुम्दै
बुद्धत्व प नि भर्दछन् ॥७१॥

यो भ्रष्ट दुनियाँलाई
आचार संहिता पनि
काम लायक नै हुन्न
के पढ्ला उसले अनि ॥७२॥

लाखौँ लख अरिङ्गाल
बीचमा गजको बल
बेकामको भई जान्छ
अनि ऊ हुन्छ निर्बल ॥७३॥

तै पनि कर्मका निम्ति
निस्तेज नबनी यहाँ
भरत् जङ्गमले गर्छन्
भ्रष्टाचार निवारण ॥७४॥

त्यसैको निम्ति ऊ खट्छन्
संस्था समाजमा दिई
दायाँ–बायाँ सबै हेर्दै
कानून हातमा लिई ॥७५॥

यो भ्रष्ट दुनियाँलाई
आचार संहिता पनि
काम लायक नै हुन्न
के पढ्ला उसले अनि ॥७६॥

लाखौं लाख अरिङ्गाल
बीचमा गजको बल
बेकामको भड्ढ जान्छ
अनि ऊ हुन्छ निर्बल ॥७७॥
त्यस्तै नै भ्रष्टका सामु
आचार संहिता पनि
मिथ्या साबित भै जान्छ
यौटाले जे गरे पनि ॥७८॥

तै पनि कर्मका निम्ति
निस्तेज नबनी यहाँ
भरतमणिले गर्छन्
भ्रष्टाचार निवारण ॥७९॥

त्यसैको निम्तिमा खट्छन्
संस्था समाजमा गई
दायाँ बाँया सबै हेर्दै
कानून हातमा लिई ॥८०॥

मन्दाक्रान्ता छन्द–

भ्रष्टचारी दल र बलको
पार्नलाई उछित्तो
संस्था ल्याए भरतमणिले
देशनै हुन्छ रित्तो
भन्दै आफ्नो अमृत मनले
बोध सारा गराए
केहीलाई नित नियमका
सत्यताले हराए ।।८१।।

जता हेर्छन् देख्छन्
सबजन भुलेका कुपथमा
सुधारैको चेष्टा
हरपल रहेकै छ मनमा
सबै बाधा खेप्छन्
अघि अघि बढेरै सबतिर
दृढेच्छा कस्तो श्री
भरत भरतै हुन् कि अटल ।।८२।।

## एघारौं गति (भ्रष्ट विरोधी विज्ञान)

पवित्र भावना बोकी
निस्पक्ष कर्म गर्छ जो
देश समाजका लागि
आचारवान बन्छ त्यो ॥१॥

पक्षपात गरी जस्ले
कुटिल चाल चल्दछ
त्यही नै देशका लागि
भ्रष्टाचारी ठहर्दछ ॥२॥

उसलै पार्छ है देश
समाज गहिरो गरी
खाल्डोमा भुमरी पार्दै
नउठ्ने सर्वदा गरी ॥३॥

नीति नियम आचार
मिचेर जनतासित
खेलवाड गरी हिंड्छ
त्यै हुन्छ परिभाषित ॥४॥

देश समाज या व्यक्ति
सबैको अर्थतन्त्र जो
बाध्य पारी थुती लिन्छ
त्यै हुन्छ भ्रष्ट देशको ॥५॥

भ्रष्टता र गरीबीले
मितेरी जब लाउँछन्
त्यहाँ आचारका साथै
नैतिकता हराउँछन् ॥६॥

व्यक्तिको बाहिरी रूप
गरीब जब बन्दछ
आचार मनको भित्री
भागमा शान्त बस्दछ ॥७॥

बाहिरी रूपले धेरै
बाध्यता सिर्जना गरी
भित्रको मन फर्किन्छ
व्यक्तिबाट सधैंभरि ॥८॥
विकास जसमा छैन
गरीबी व्याप्त बन्दछ
बाध्यता बोध भै उस्को
नीतिमा आँच आउँछ ॥९॥

आधा विकासका देश-
हरूको पनि यै गति
गरीबी उच्च भै जान्छ
बिग्रिन्छ जनको मति ॥१०

नीति नैतिकता सामु
बाध्यता बलवान भै
साँढे झैं डुक्रिँदै हिँड्छ
सर्वदा धन- खोज मै ।।११।।

जन्मिदा धनकै खाँचो
बाँचुञ्जेल जरुरतै
मर्दा पनि उही खाँचो
चल्दैन धन नै नभै ।।१२।।

गाँस कपास आवास
सबैमा अनिवार्य छ
नहुँदा त्यसको पूर्ति
भ्रष्टाचार उदाउँछ ।।१३।।

त्यो भन्दा पर गै अर्का
अवस्था स्थिति हेरेरै
समयानुगति नौला
सिर्जना अगि आउँछन् ।।१४।।

त्यस्तै संस्कार संस्कृति
कुलानुसार चल्दछन्
नहुँदा धन, सम्मान
समाजभित्र गुम्दछन् ।।१५।।

आय-आर्जनले जस्का
आधारभूत खर्चको
पूर्णता हुन सक्दैन
ऊ भ्रष्टाचारमा गयो ॥१६॥

गरीबी भ्रष्टको पाठ
सिकाउने छ देशमा
नीति नियम छाडेर
ऊ हिँड्छ भिन्न भेषमा ॥१७॥

हुन्न पूर्ति जहाँसम्म
गाँस बास कपासको
भ्रष्टाचार उँभो लाग्छ
व्यक्ति बन्छ विकासको ॥१८॥

बेच्छ मानवता उस्ले
समाजभित्र गैकन
देख्दैन नीतिको लेश-
खोज्दछ मात्र त्यो धन ॥१९॥

दैवादेश जहाँ त्यस्तै
भुलेर ऊ निरङ्कुश
भई समाजमा जान्छ
हुन्न क्यै नीतिको तुष ॥२०॥

गरीबी धृष्टता साथै
सङ्गाती सब भ्रष्टका
कारण हुन आऊँछन्
अव्यवस्थित देशका ॥२१॥

सम्पन्नका कुनै देश
भ्रष्टाचार निवारक
देखिन्छन् विश्वका सामु
ती हुन्छन् जन–रक्षक ॥२२॥

नीतिका सामुमा आफ्नो
उच्च शिर झुकाउँछन्
शुद्धता कर्ममा ल्याई
ढुक्क छाती फुलाउँछन् ॥२३॥

आचारशील ती हुन्छन्
मानवी धर्म बोल्दछन्
भ्रष्टता मनमा लिन्नन्
भएमा  पनि पोल्दछन् ॥२४॥

विकास भ्रष्टको शत्रु
जहाँ छन् नीतिका कुरा
थोरै लगानमा धेरै
काम गर्छन् दरादरा ॥२५॥

गरीबी त्यसमा हुन्न
चरित्र  अगि आउँछ
शुद्धाचार त्यहाँ हुन्छ
विकास उभ्भिल्याउँछ ॥२६॥

खाने प्यूने तथा बस्ने
सर्कारै गर्न आउँछ
सुरक्षा उसकै हुन्छ
सर्वत्र शान्ति छाउँछ ॥२७॥

सबै सम्पन्न भै बस्छन्
कर्ममाथि समान छ
योग्यता जसको जे छ
त्यै कर्म गर्न पाउँछ ॥२८॥
मन्त्री सचिवले काम

उच्चता लिन आउँछन्
हली या भरिया उस्तै
मान्यता सम पाउँछन् ॥२९॥

बाँच्न निम्ति कुनै टण्टा
व्यक्तिमा नहुने भए
भ्रष्टाचार कहाँ होला !
निर्धक्क ऊ हुने भए ॥३०॥

पहिले धर्म हो बाँच्नु
त्यो पछाडि बँचाउनु
त्यो पछि क्रमले हुन्छ
सत्यता पहिल्याउनु ॥३१॥

सम्पन्न व्यक्ति वा राष्ट्र
निस्फिक्री व्यवहारमा
भएर योग्यता आफ्नो
गर्दै जान्छ परीक्षण ॥३२॥

नौलानौला दिँदै जान्छ
सिर्जना अनि भावना
छुद्रता उसमा हुन्न
यथार्थ गर्छ कामना ॥३३॥

सभ्य समाजको यौटा
पहिचान ऊ बन्दछ
भ्रष्टता उसमा हुन्न
नीतिले गर्नु भन्दछ ॥३४॥

सम्पन्न घरमा हुन्छ
परन्तु मन बिग्रिए
ऊ भ्रष्टाचारमा जान्छ
कुसङ्‌गति हुँदै गए ॥३५॥

गरीबीले कुनै गर्छन्
कुनै सङ्गत सारमा
कुनै हेपाइतीबाट
लिँदैछन् भ्रष्ट-धारणा ॥३६॥

कसैले नीति निर्माण
गरेर भ्रष्ट बन्दछन्
देशको ढुकुटी रित्तो
पारेर  प्रष्ट बन्दछन् ॥३७॥

देवालय कुनै हेर्छन्
दानको धन पाउन
सामान महँगा किन्छन्
कुनै कोठा सजाउन ॥३८॥

यातायात सबै सिद्ध
साधन प्रति फन्फनी
घुमेर महँगा किन्छन्
खजाना रित्तिए पनि ॥३९॥

कुनै सामानको सोझो
ब्यापार पनि गर्दछन्
निजी आर्जनका लागि
चट्टान पनि फोर्दछन् ॥४०॥

कुनै व्यक्ति कुनै संस्था
कुनै सर्कारले पनि
भ्रष्टाचार खुला गर्छन्
प्रतिष्ठानै गुमे पनि ॥४१॥

भ्रष्टाचार कुनै यौटा
ब्यक्तिबाट भयो भने
अनुकार्य हुदैं जान्छ
संसारभर फैलिने ॥४२॥

देश समाजको यौटा
कोरोनासरि रोग हो
विश्व आक्रान्त  नै पार्छ
दुर्दशा हुन्छ देशको ॥४३॥

कीटाणु रोगमा हुन्छन्
भ्रष्टतामा मनोबल
रोगका ओखती हुन्छन्
भ्रष्ट हुन्छन् हलाहल ॥४४॥

भ्रष्टले देशका जम्मै
विकास सरिफासरि
चपाएर सबै निल्छन्
कोरोनाले निले सरि ॥४५॥

त्यसैले देशमा कैल्यै
स्थायित्व हुन दिन्न यो
अस्थिर देशको सत्ता
बन्दैन कत्ति कामको ॥४६॥

ब्यक्ति समाजका साथै
सत्ता सर्वोच्च भ्रष्ट भै
न्याय कर्मी सबै भ्रष्ट
रहन्न अनि देश नै ॥४७॥

चुम्बकीय कडा शक्ति
भ्रष्टमा विद्यमान छ
त्यसैले तान्दछ जम्मैं
आफू जस्तै बनाउँछ ॥४८॥

प्रजाताात्रिकका जम्मै
देशमा अति रोग यो
भएर बल्भिने गर्छ
ब्यक्ति या वर्ग भोगको ॥४९॥

दिँदैन यसले कैल्यै
शान्ति विकासको गति
अगाडि जानका लागि
नीतिले दिन्छ सम्मति ॥५०॥

तगारो भ्रष्टता बन्छ
बाटो -घाटो सबैतिर
अनि त धसिँदै जान्छ
पानी भैँ देश मुन्तिर ॥५१॥

नेपाल देशमा हेर्दा
भ्रष्टाचार सबैतिर
मौलाएर घुमेको छ
हावाकासरि फिर्फिर ॥५२॥

भ्रष्टाचारी भए नेता
सचिव कर्मकार झन्
बढेर अग्रता पाए
मन्त्रीले व्योम छुन्छ झन् ॥५३॥

त्यो कर्म देशमै मास्न
भरतमणिले यहाँ
अभियान चलाएर
मास्तै आए जहाँ तहाँ ॥५४॥

संस्था सौजन्य खोलेर
कानून हातमा लिई
रोकथाम गरेका छन्
मुद्दा अदालती दिई ॥५५॥

भ्रष्ट विरोध विज्ञान
आफैँमा परिपूर्ण छ
परन्तु यसले अर्को
आधार पक्ष ल्याउँछ ॥५६॥

यस्को निदानका लागि
मनोविज्ञानले पनि
रसिलो  पेचिलो बोल्दै
सम्बन्ध जोड्दछन् अनि ॥५७॥

राजनीति परीवेश
समाज सङ्गतै तथा
ममत्व भावको वृद्धि
यिनै हुन् यसका व्यथा ॥५८॥

मनोविज्ञनले जम्मै
विश्लेषण गरीगरी
निराकरणमा लान्छ
अन्त्य हुन्छ सधैंभरि ॥५९॥

समाज शास्त्रकै अर्को
पाटो यो बन्न सक्दछ
कानूनी शास्त्रमा आई
भ्रष्टता जुध्न सक्तछ ॥६०॥

चरित्र जसको राम्रो
आचारवान हुन्छ  त्यो
शुद्धाचार जहाँ हुन्छ
उसमा भ्रष्ट भन्छ को ? ॥६१॥

भ्रष्ट व्यक्तिहरू माथि
आचार भर्न जङ्गम
लागेका छन् अहोरात्र
दुबैको साथ सङ्गम  ॥६२॥

गरी मनोदशा बुझ्दै
न्यायको लिइ आड नै
जोगाए देशको धेरै
गुमेको अर्थतन्त्र नै ॥६३॥

यो विज्ञान भयो नौलो
विश्वका सब देशमा
ताजकै रूपमा आयो
महत्त्वपूर्ण  भेषमा ॥६४॥

यसले विश्वमा बढ्ने
भ्रष्टाचार निवारण
अवश्य पार्छ नै भन्छन्
लज्जा बोध छ कारण ॥६५॥

भ्रष्टता चोरको कार्य
जो लुकीकन गर्दछ
जव पर्दा खुला हुन्छ
कठ्घेराभित्र पर्दछ ॥६६॥

अनि उस्को मनोभाव
लज्जामा परिवर्तित
भई सत्य सुधा बन्छ
सद्भाव गर्छ सञ्चित ॥६७॥

उद्देश्य यस सस्थाको
भ्रष्टाचारी खुलाउने
न्याय सञ्जालमा ल्याई
भद्रव्यक्ति  बनाउँने ॥६८॥

भ्रष्टविरोधको यौटा
विज्ञान थपिंदै गयो
नयाँ पाठ्य विधा बन्दै
आउने निश्चितै छ यो ॥६९॥

लोभी अभद्रका लागि
दानता भद्रता दिने
ओखती शास्त्र नै बन्छ
उनको रोग हर्दिने ॥७०॥

सभ्य समाजका लागि
यो बन्छ अब तत्पर
अरूकै दाँजोमा बन्छ
यो विज्ञान बराबर ॥७१॥

यो जम्मै देशमा हुन्छ
देशको आत्म तत्त्व झैं
सभ्यता साधना निम्ति
अनिवार्य छ विश्व मै ॥७२॥

मालिनी छन्द–
मन वचन खुलाई भ्रष्टताको विरोध
प्रकरण अगि आयो प्रष्ट गर्दै सुबोध
कर कलम अझैं नै यै विधामा रमाई
सर सर सर गर्दै बढ्छ कापी समाई ॥७३॥

भ्रष्टाचारविहिन शासन चलोस् सत्कर्म होस् सुन्दर।
शिष्टाचार, सुशीलता सबतिरै छाओस् भनी सादर ॥
राख्छन् नित्य विचार ज ो भरतका साम्ने पुगी अर्पिएँ।
केही जाँगरले मिलाइ उनका आफ्नै कुरा कल्पिएँ ॥
– भरतेन्दु महाकाव्यबाट, पं. याज्ञवल्क्य

## बाह्रौं गति
### (भ्रष्टाचार विरोधी शास्त्रको शक्ति)

विवेकशीलता साथै
सदाचार जहाँ छन
भ्रष्ट विरोधका यस्तै
सिद्धान्त शास्त्रमा छन ॥१॥

व्यक्ति विकासले जम्मै
पक्षको भावना पनि
विशुद्ध मार्गमा लान्छ
ऊ बन्छ धन्यको अनि ॥२॥

नीति अभ्यासले गर्दा
सत्कर्मी सोच बन्दछ
घुसखोरी सबै शत्रु
देशका शास्त्र भन्दछ ॥३॥

घुसखोरी खुराफाती
लालची देशमा कुनै
छुट्कारा लिन सक्तैन
कठ्घेरा मिल्दछ झनै ॥४॥

रोग लागेपछि त्यस्को
ओखती खोज गर्दछन्
समस्या जब आउँछन्
समाधान निकाल्दछन् ॥५॥

भ्रष्टाचार पनि त्यस्तै
कानुनी घरमा पुगी
निर्मूलतिर लम्किन्छ
सत्य साबितमा लगी ॥६॥

अध्ययन जहाँ हुन्छ
भ्रष्टाचार विरोधको
त्यहाँ सर्वज्ञता मिल्छ
कार्य गरेर शोधको ॥७॥

यो शास्त्र बुझ्नका लागि
पढ्नु नै अनिवार्य छ
त्यो पछि देशको माया
व्यक्तिभित्र पलाउँछ ॥८॥

सामान्य ज्ञानका साथै
जान्छे यो शोधकर्ममा
मिल्दछ सजिलै सार
आएर ज्ञान धर्ममा ॥९॥

गुणागुण दुवै नै छन्
यसका कर्म तत्त्वमा
मेलमिलापका साथै
गर्दछ बृद्धि सोचमा ॥१०॥

शिक्षा चरित्रको ल्याई
उद्योगी बन भन्दछ
आलस्य सब फालेर
कर्ममा लाग भन्दछ ॥११॥

राज्यको ढुकुटीलाई
संरक्षण सधैं दिँदै
अनुशासनमा राख्छ
कर्मचारी सबै लिँदै ॥१२॥

सबै मानवका लागि
सजिलोपन पार्दछ
भ्रष्टाचारीहरूलाई
कानूनले खसाल्दछ ॥१३॥

भ्रष्ट व्यक्ति सबैमाथि
घृणाको भाव ल्याउँछ
समाज उसका लागि
नित्य काल रिसाउँछ ॥१४॥

उसको मनले भन्छ
म भ्रष्ट व्यक्ति हूँ भनी
काल काट्तछ जो बाँकी
चिन्तामा पाइला गनी ॥१५॥

देश या व्यक्तिको खल्ती
रित्तो पार्दा अति खुसी
बनेथे जसरी जो जो
चिन्तामग्न भए पछि ॥१६॥

असामाजिक झैं बन्छ
सबैका सामुमा हुँदा
पश्चात्ताप सधैं हुन्छ
एकान्त स्थानमा हुँदा ॥१७॥

यो विज्ञान सबैका ती
सत्यासत्य दुबैथरी
कर्म कर्तूत खोलिन्छन्
भेटेसम्म सधैंभरि ॥१८॥

यथार्थ बोल्नका लागि
यो शास्त्र अगि बढ्दछ
भ्रष्टका कर्मको जम्मै
डटेर पोल खोल्दछ ॥१९॥

राजनीति तथा अर्थ
समाज शास्त्र सन्निधि
भएर कर्ममा जान्छ
सिकाई न्यायको विधि ॥२०॥

प्रवृत्ति मूलको बाटो
सकारात्मक पार्दछ
देश समाजका सामु
मर्यादा यो दिलाउँछ ॥२१॥

भ्रष्ट तत्त्व कुनै स्थायी
उद्योग व्यवसायको
रूपमा गनिने हैन
जीवन्तसम्म व्यक्तिको ॥२२॥

भन्ने बोध खुला गर्दै
महत्ता यसले लियो
धर्म र कर्मका निम्ति
आधार यसकै थियो ॥२३॥

देश देशान्तरमै यो
भ्रष्ट तत्त्व हटाउन
अनिवार्य भएको छ
यो विज्ञान पढाउन ॥२४॥

यसले भ्रष्टको भित्री
भावधारा फिराउँछ
देश समाजका माझ
शुद्धाचार बनाउँछ ॥२५॥

कर्मको पाठ लाएर
व्यक्तिलाई बुझाउँछ
आचार शास्त्रका पङ्क्ति
ल्याई भित्र मिलाउँछ ।।२६।।

भ्रष्ट व्यक्ति हुनूभन्दा
कर्मका पसिनाहरू
बगाई खानु नै राम्रो
शास्त्र भन्छ अझै अरू ।।२७।।

अर्काका पसिना खानु
व्यक्तिहत्या गरेसरि
निर्दोषी हुन सक्तैन
पाप घुम्छ सधैंभरि ।।२८।।

देशको ढुकुटी रित्तो
पार्नेको पनि यै गति
परत्रसम्म नै जान्छ
मिल्दैन त्रिदिवा गति ।।२९।।

क्षणिक धनको लोभ
गरेर स्वर्ग हर्दछ
स्वर्ग मर्त्य दुवै बिग्रे
कुम्भीमा अनि पर्दछ ।।३०।।

यी यस्ता व्यक्तिको केही
उद्धार भावना लिई
सुरक्षा यसले गर्छ
ज्ञान गङ्गा सुधा दिई ॥३१॥

भरतमणिको एक्लो
प्रयास कर्मले यहाँ
भ्रष्टाचार सफा पार्ने
अभियान जहाँ तहाँ ॥३२॥

चलाएर खटेका छन्
निर्बिघ्न शुद्ध भेषमा
सभ्यता अर्थ संस्कार
जोगार गर्न देशमा ॥३३॥

यस्तै नै शुद्धता होओस्
भन्ने छ शुभकामना
सधैं छ प्रार्थना हाम्रो
वाग्देवी दिव्य धाममा ॥३४॥

शार्दूलविक्रीडित छन्द–

ल्याए जो अभियान भ्रष्ट मतिको उद्धार गर्ने भनी
लेखे पुस्तकका प्रशस्त नमुना सञ्चार साझा गनी
आए देश–विदेशका सब कुना बोकेर सञ्चेतना
फैलाई अगि बढ्न गो मन सुधा यस्कै नयाँ पक्षमा ॥३५॥

## तेह्रौं गति (शास्त्रीय अङ्ग)

भ्रष्ट विरोधका शास्त्र
अङ्ग प्रत्यङ्गका छन
भ्रष्ट व्यक्ति सबैलाई
आचार सभ्यता दिन ॥१॥

प्रविधि विधिका साथै
नीति र पद्धति पनि
यो शास्त्रभित्रका अङ्ग-
प्रत्यङ्गहरू छन् अनि ॥२॥

प्रविधि पहिलो अङ्ग
पढ्ने पढाउने यहाँ
गरिन्छ पहिलो दोस्रो
अवस्था बीच बीचमा ॥३॥

पहिलोमा कलाचार्य
गरेका छात्र वर्गमा
शोध कार्य दिनूपर्ने
भ्रष्ट विरोध शास्त्रमा ॥४॥

व्यवस्थापनका साथै
मानवीकि र कानुन
समाज शास्त्र, संस्कृत
संस्कृति क्षेत्रका जुन ॥५॥

उत्तीर्ण छात्र छात्राछन्
तिनैमा मान्यता दिई
शोध संस्कारमा लाने
पद्धति देशमा लिई ।।६।।

यो विधा शास्त्रको नौलो
आयाम थप्नुपर्दछ
शिक्षा भविष्यका लागि
निश्चितै अनि गर्दछ ।।७।।

दोस्रो स्थायी व्यवस्था हो
प्राथमिक हुँदै तह
बढाई ज्ञानको ज्योति
दिनै पर्ने सबै तह ।।८।।

नहुँदा चेतना फेरि
हुन्न क्यै गर्न विश्वमा
भ्रष्टाचार विरोधीको
चाहन्न भ्रष्ट सुन्नमा ।।९।।

रोकथाम हुँदा विधि
अर्को छ अङ्ग शास्त्रैको
यदि त्यो विधि बिग्रेमा
दशा लाग्दछ त्यसै गरी ।।१०।।

भ्रष्टता रोक्नका लागि
चेतना अनिवार्य छ
त्यस्तै प्रचारका साथै
घृणा भाव जगाउँछ ॥११॥

जो घृणित भई बस्छ
समाजभित्र दिन्दिन
उसको मनमा लाग्छ
आचारवान नै हुन ॥१२॥

कारबाही  पनि त्यस्तै
भ्रष्टमाथि भयो भने
न्यूनीकरणमा जान्छ
मौका हुन्छ  उ सुध्रिने ॥१३॥

प्रक्रिया यसका धेरै
प्रशासनिक भित्र छन्
छड्के र उजुरी साथै
शङ्कामा हुन आउँछन् ॥१४॥

अर्को अङ्ग खडा हुन्छ
राजनैतिक पद्धति
निर्दलीय सँगै घुम्ने
बहुदलीय पद्धति ॥१५॥

निर्दलीय व्यवस्थामा
एकत्व भाव आउँछ
देश समाजका लागि
शान्ति–सूत्र फिजाउँछ ।।१६।।

परन्तु शत्रुका आँखा
त्यसैमाथि सधैंभरि
परेर हमला गर्छन्
एकता भड्किने गरी ।।१७।।

जो बस्छ माथिको सत्ता
सम्हाली त्यस देशमा
सर्वेसर्वा उही हुन्छ
विकास जान्छ लेशमा ।।१८।।

एकदलीयता त्यस्तै
एकत्व भाव ल्याउँछ
व्यक्ति स्वच्छ भए त्यस्को
अर्को भाग्य उदाउँछ ।।१९।।

परन्तु स्वच्छता माथि
अनेक आँच आउँछन्
भागवण्डा नमिल्नेले
कताकता घुमाउँछन् ।।२०।।

यो पद्धति नयाँ ता हो
परन्तु बहुवादमा
नचल्ने स्थितिमा जान्छ
बोकी सन्त्राश विश्वमा ॥२१॥

यो पनि नायिके स्वच्छ
भएमा मात्र चल्दछ
नभए देशका भित्री
कोप्चामा अग्नि बल्दछ ॥२२॥

स्वच्छता लिनका लागि
सन्त महन्तमा पनि
अप्ठ्यारौ स्थिति सिर्जन्छ
दिन मास गनी गनी ॥२३॥

बहुल बादको सत्ता
सञ्जाल अहिले सबै
देशमा व्याप्त बन्दैछ
नारा विकासको दिंदै ॥२४॥

देश समाजका लागि
समर्पित हुने भनी
मञ्चमा भन्दछन् खालि
पार्टीका बन्दछन् अति ॥२५॥

देश सुधार्नका लागि
भावना एक छेउमा
देखिँदैन कतै खोज्दा
भ्रष्टै छन् ठाउँ ठाउँमा ॥२६॥

पार्टी पार्टीहरू बीच
बाह्य आभ्यन्तरै पनि
गुट भै झगडा गर्छन्
सत्तामा तगडा बनी ॥२७॥

मारामार सधैँ हुन्छ
व्यक्ति र दल बीचमा
पुरुषार्थ त्यही हुन्छ
विकासहीन देशमा ॥२८॥

चाहिन्छ सबको सत्ता
त्यो हुन्न कहिल्यै पनि
नपाउने खडा हुन्छ
विरोधी दलको बनी ॥२९॥

आचार संहिता उस्को
हराएसरिको भयो
वेकाम गर्दछन् दङ्गा
प्रतिष्ठा सव उम्कियो ॥३०॥

हानथाप हुँदै जान्छ
सर्वदा उच्च थानमा
भाग पायो भने उस्ले
शान्त हौं भन्छ कानमा ।।३१।।

पूर्ण विकासका देश
धनमा परिपूर्ण छन्
विकास गर्नका लागि
एकताबद्ध बन्दछन् ।।३२।।

देश समृद्धि नै पैलो
उद्देश्य सबको हुँदा
विरोध गौण भै जान्छ
बढ्दछ अझ्झ सम्पदा ।।३३।।

छिचिमिरा सरि हुन्छन्
दलका गुट गौरव
सीमित मात्र मा हुन्छन्
विकास बन्दछन् तब ।।३४।।

जो सत्ता माथि गै बस्छ
नीतिले नाथ लाउँछ
त्यो नाथ हट्न सक्तैन
सधैं बुद्धि पलाउँछ ।।३५।।

भ्रष्टतातिर सोच्दैन
उसले नीति मार्गमा
क्रमश:पाइला चाल्छ
विकास गर्छ देशमा ।।३६।।

निश्चितै याम यो तोक्छ
सत्तामा बस्न देशले
बारम्बार कुनै जान्न
दिन्न त्यस्तो विधानले ।।३७।।

वैधानिकहरूलाई
कसैको बलले पनि
ठेलेर लान सक्तैन
उपाय जे गरे पनि ।।३८।।

घुसपेठ हुँदै हुन्न
भ्रष्टको जुन देशमा
भ्रष्टाचारी जहाँ हुन्न
बाधा हुन्न विकासमा ।।३९।।

त्यहाँ छ नमुना पैलो
भ्रष्टाचार विरोधको
शास्त्र सम्मानको पार्न
विकासोन्मुख देशको ।।४०।।

विकास नभएकोमा
राम्रो पाठ पढाउनु
न्यायी समाजमा ल्याई
लज्जा बोध गराउनु ॥४१॥

गरीबी देशका लागि
बहुलता अफाप हो
विकास व्यक्तिको हुन्छ
हुन्न केही समाजको ॥४२॥

अधिकार सबैको छ
माग्दा माग्दै हराउँछ
जनता सबको भित्र
रित्तो पेट कराउँछ ॥४३॥

राज्य सक्षम भै आए
जनता बन्छ सक्षम
यदि हुन्न भने त्यस्तो
पुग्दैन शास्त्रको दम ॥४४॥

सक्षम बन्नका लागि
सत्ताधारीहरू सबै
मिलेर त्यागमा आए
बन्छ विकृतिमा नगै ॥४५॥

शुद्धता सबको हुन्छ
भावमा अति निर्मल
नदीको वेग झैं हुन्छ
विकास मार्गमा बल ॥४६॥

शिखरिणी छन्द–
भए भ्रष्टाचारी जति जति
यहाँ क्रूर मनका
तिनैलाई शिक्षा दिन मन गरी
विज्ञ जनका
लगेरै सामुन्ने नियम विधिका
अङ्ग बुझ्नी
भई आयो अर्को स्तर
विविधताको छ पजनी ॥४७॥

एक एक गरी त्यागौं दुष्कर्म, भ्रष्ट, दुष्कृति ।
रोपौं हृदयमा आजै सदाचार सुसंस्कृति ॥१९०॥
व्यभिचार, अनाचार, भ्रष्टाचार महारिपु ।
विजयी बन हे भाइ सर्बत्र समता सिकू ॥ १९१॥
–भरत महाकाव्यबाट

## चौधौं गति (स्तर विभाजन)

संसारभरका देश–
ठूला साना सबैथरी
आ–आफ्नो स्तरमा चल्छन्
अस्तित्वमा सधैं भरि ।।१।।

भ्रष्टाचार कतै हुन्न
कतै हुन्छ बढी बढी
भ्रष्टता नहुने देश
सुखमा पुग्दछन् चढी ।।२।।

सम्पन्न देशले त्यस्को
उन्मूलन गराउँछन्
विपन्न देश चैं आफू
आफैंभित्र डराउँछन् ।।३।।

एकाध भ्रष्टका लागि
सम्पन्नले निराकृति
गरेर अगि आउँछन्
त्यहाँ हुन्न विसङ्गति ।।४।।

भ्रष्टता सबमै हुन्छ
साना ठूला जहाँजति
लेखा  जोखा कतै हुन्न
कतै हुन्छ भएजति ।।५।।

त्यसको स्तरका लागि
असाध्य हुन आउँछ
तोक्नै नसकिने हुन्छ
भ्रष्टाचारी गनाउँछ ।।६।।

भ्रष्टाचार भए धेरै-
थरिका देश देशमा
व्यक्तिले गर्दछन्खोजी
विभिन्न कर्म भेषमा ।।७।।

यो शास्त्रले पनि त्यस्को
स्तर निर्धारणै गरी
ल्याएको छ बडा साना
मिलाएर सबै थरि ।।८।।

सामान्य घुस हो पैले
काम-काज गराउन
अड्डाभित्र चलेको जो
सय पचास पाउन ।।९।।

यसले भ्रष्टतालाई
शुरुआत गराउँछ
क्रमशः अगि आउँदा
देश जम्मै डराउँछ ।।१०।।

कसैले हातमा पैसा
सम्झौताले थमाउँछ
कसैले माल सामान
घरभित्र पठाउँछ ॥११॥

यसका पनि छन् भाग
नियतीले फसाउने
अर्को प्रचलितै हुन्छ
लेन देन गराउने ॥१२॥

तेस्रो आवश्यकै हुन्छ
जस्को वेतन शून्य छ
त्यो भ्रष्टाचार नै हुन्छ
किन्तु यो मात्र क्षम्य छ ॥१३॥

नियतवशको घूस
आपराधिक हो तर
भ्रष्टताको शुरू यै हो
फैलिँदै जान्छ यो पर ॥१४॥

जसको साथमा पैसा-
छ उस्को माम सत्वर
बन्दछ नभए जान्छ
घस्रिएर सधैं पर ॥१५॥

अदुआ त्यसमा आए
बेहाल कर्मकारमा
भएर फैलिने गर्छ
तुरुन्तै परिवारमा ॥१६॥

सामान्य घुसले गर्दा
मुद्दा जान्छ अदालत
पूरा कानूनले गर्छ
केलाईकन निश्चित ॥१७॥

हारे जेल खडा गर्छ
जिते जागिरमा पुनः
फर्काउने उही गर्छ
दोषीमाथि कडापन ॥१८॥

प्रशासनिक सेवामा
विभिन्न विधिले लिने
घुस नै भ्रष्टता बोध
दुबै गर्ने गराउने ॥१९॥

जो जो छन् पदमा पुग्ने
अनैतिक कमाउँछन्
सामान्य सरि यो हुन्छ
अस्तित्व नै गुमाउँछन् ॥२०॥

सेवाग्राही सबै बाट
लिने जो घुस नै भयो
गर्ने गराउने बीच
भ्रष्टाचार हुँदै छ यो ॥२१॥

निर्णय गर्नका लागि
पहिले घुस माग्दछन्
कार्यान्वयनमा फेरि
त्यसैको पछि लाग्दछन् ॥२२॥

सैनिक, प्रहरी, न्याय
प्रशासन विभाग नै
लिने काम सबै गर्छन्
भ्रष्टाचार बढाउनै ॥२३॥

ठेक्का पट्टा सबैखाले
दुहुने क्षेत्र बन्दछन्
साझेदारी पनि त्यस्तै
भ्रष्टकै अङ्ग बन्दछन् ॥२४॥

न्यायाधीशहरू त्यस्तै
सेवाग्राहीहरू कहाँ
गएर पाउने न्याय
आचारवान छन् कहाँ ॥२५॥

संस्थागत पनि व्याप्त
भएको हुन्छ देशमा
भ्रष्टाचार जहाँ सम्म
कार्बाही हुन्न देशमा ॥२६॥

संस्था खडा गरी गर्छन्
समूहात्मक भ्रष्टता
राजनीति यसैभित्र
पसेर गर्छ मित्रता ॥२७॥

चन्दा चुनावका लागि
भनेर हात लाउँछन्
व्यापारी वर्गले फेरि
मूल्य वृद्धि गराउँछन् ॥२८॥

आय कम्ति हुने वर्ग
मूल्यको मार खेप्तछन्
जित्ने नेता गई फेरि
तिनैको ढाड सेक्तछन् ॥२९॥

नयाँ कानूनको पास
गराई भ्रष्ट भैकन
तिनै वर्गहरू जान्छन्
अर्थतन्त्र सबैलिन ॥३०॥

गैर सर्कारका संस्था
खोली सम्पन्न भैं जहाँ
हस्तक्षेप गरेका छन्
घाटा पुग्छ विपन्नमा ।।३१।।

स्वदेशी रूपयाँ पैसा
विदेशी बलमा दिने
उत्पादन सबै उस्को
किन्ने चैं देशकै हुने ।।३२।।

धर्म–संस्कृतिका साथै
शिक्षा स्वास्थ्यसबैतिर
सामुदायिक संस्थामा
भ्रष्टाचार भयक्तर ।।३३।।

भई विपन्नका कैल्यै
आउन्नन् सुखका दिन
सम्पन्न देश तम्सिन्छन्
हुर्मत यिनको लिन ।।३४।।

स्वदेशी जनमा मात्रै
हुने हो एकता भने
कसैको बल पुग्दैन
हुर्मत त्यसरी लिने ।।३५।।

यसैकारणले हुन्छ
धनी गरिबमा सधैं
विभेद अनि हेपाई
कर्म या साँधमा सबै ॥३६॥

अर्थ संसारमै जान्छन्
सबैका दृष्टि दर्शन
उद्योग आयको स्रोत
सक्तैन भ्रष्ट विर्सन ॥३७॥

त्यसैमा झुम्मिने गर्छन्
सिनुमाथि झिँगासरि
धपाए पनि भाग्दैनन्
भन्किन्छन् भन्भनी गरी ॥३८॥

नियन्त्रण हुनै पर्ने
राजनीतिक वर्गमा
किन्तु त्यहीं बढी हुन्छ
भ्रष्टता सर्गसर्गमा ॥३९॥

स्वदेशदेखि दौडेर
विदेशसम्म पुग्दछ
यो भ्रष्टाचारको तन्तु
तानेर व्यक्ति लग्दछ ॥४०॥

व्यक्ति सुध्रे सबैमाथि
सुधार अनि आउँछ
सुध्रिएन भने व्यक्ति
उस्कै वर्ग समाउँछ ॥४१॥

शार्दूलविक्रीडित छन्द–
भ्रष्टाचार विरोधका सब कुरा
शास्त्रीय सञ्जालमा,
आएछन् कसरी सुधारनु
भनी राखेर प्राधान्यमा ।
ती चर्चा यस काव्यमा पनि
भए यो कर्म राम्रो भनी,
लेखें हुर्मतले लिई कलम
यो आवाज छर्नै छ नि ! ॥४२॥

राम्रो संस्कृतिको धनी नगर यो सानो भए तापनि ।
जङ्गमका कुलरत्न श्री भरतजी अन्तै बसे तापनि ॥
जन्मस्थलप्रति प्रेम नै छ जसको जे-जे भने तापनि ।
नेताको इतिहास छैन कहीँ लौ यो भक्तपुरमा कहीँ ॥
–भरतेन्दु महाकाव्यबाट

# पन्ध्रौं गति
## (शास्त्राध्ययनको उपागम)

भ्रष्टविरुद्धको शास्त्र
पढ्नुको के विशेषता
भन्ने कुरा यहाँ आयो
खोज्नुपर्छ यताउता ॥१॥

प्राज्ञिक वर्गमा यो हो
विल्कुलै नव पद्धति
भ्रष्टाचार हुँदै आयो
ती वर्ग सबको अति ॥२॥

भ्रष्टाचार कहाँ हुन्छ
किन र कसरी भनी
अनुसन्धानले ल्यायो
यथार्थ शास्त्रमा अनि ॥३॥

त्यही शास्त्र सुधालाई
चिन्तन सबले गरी
भौतिक रूपमा ल्याए
अध्यात्म पक्षका परि ॥४॥

ऐले मानवको धेरै
लालसा चुलिँदै गयो
अर्थ संसारका माथि
कुदृष्टि सबको भयो ॥५॥

भ्रष्टाचारी सबै बुझ्न
विज्ञानसँग सम्मत
शास्त्र निर्माण भै आयो
यो नौलो हुन गो मत ॥६॥

ऐले समाजमा आयो
यो नौलो शास्त्र दर्पण
भरतमणिले ल्याए
गर्दै जीवन अर्पण ॥७॥

कसैले नगरेदेखिन्
यो सम्भव कहाँ थियो
भरतमणिको एक्लो
प्रयास यसमा भयो ॥८॥

यो ऐले विश्वमै राम्रो
महत्त्वपूर्ण बन्दछ
यथार्थ कसमा के छ
समाज पनि जान्दछ ॥९॥

सबैले नै थाहा पाए
खवर्दारी हुने थियो
खवर्दारी गरे मात्र
भ्रष्टता रोकिने छ यो ॥१०॥

भ्रष्टाचारी मनोभाव
अन्तरात्मा खुलाउन्
यो शास्त्र क्षमतावान
भएको छ बुझाउन् ।।११।।

यो शास्त्र बुझ्नका लागि
दुई भाग गराउँछन्
बुझ्दै परम्परा फेरि
वर्तमान समाउँछन् ।।१२।।

परम्परा छ यो पैलो
आधार यसको पनि
धर्म संस्कारमा देखा
परेको कर्म सन्सनी ।।१३।।

आचार मनको फाली
भ्रष्टाचार जगाउने
मानवी मनको ढोका
समाजमा खुलाउने ।।१४।।

प्रवृत्ति पूर्वकै आयो
प्रक्रिया बदलीकन
मात्र बढ्दै उँभो आयो
बाँसझैं अझ झन्झन ।।१५।।

मान्छेका यी सबै कर्म
भावनासित जोडिने
हुँदा यो मन विज्ञान
मार्गमा शास्त्र मोडिने ॥१६॥

यसका पनि धेरै छन्
प्रशाखा भै उपागम
आएका शास्त्रमा मिल्दै
कर्म वृत्ति बुझाउन ॥१७॥

ऐतिहासिकता साथै
धार्मिक अनि दर्शन
व्यावहारिक कानूनी
यी पक्ष हुन्न बिर्सिन ॥१८॥

यिनै पक्षहरू ल्याई
शास्त्रले पनि मन्थन
गरेर तत्त्वमा पुग्छ
यथार्थ खोल्न झन्झन ॥१९॥

ऊ सक्षम हुँदै जान्छ
आधार विन्दु नै बनी
भ्रष्ट तत्त्व निमिट्यान्न
गर्ने हो देशमा भनी ॥२०॥

प्राचीन कालमा हेर्दा
इतिहास पुराणमा
द्यौता दानवको युद्ध
चर्किएको समाजमा ॥२१॥

देखिन्छ दानवी पक्ष
हुङ्कार बलले दिने
असत्य पक्ष चैं हार्ने
सत्य नै विजयी हुने ॥२२॥

दानवी मन हो खालि
चोर, डाँका, लुचा, छली
जहिलेसम्म पाइन्छ
राज्य गर्ने ढलीमली ॥२३॥

जस्तो दानवले गर्थे
त्यस्तै भारतमा पनि
कुरु पाण्डवको युद्ध
भएथ्यो भ्रष्ट नै बनी ॥२४॥

सत्यका पथमा पाण्डु
विपक्षी कुरु कौरव
आ–आफ्नो सोचले गर्थे
दुबैले आत्म गौरव ॥२५॥

धर्मार्थ कामका लागि
जिन्दगी पाण्डु मान्दथे
त्यो सत्य कामनालाई
असत्य कुरु भन्दथे ॥२६॥

धर्मार्थ नभई भोग
मात्रैमा कुरुको मन
लाग्थ्यो हर्दम सत्ताको
लालशा अनि भ्रन्भ्रन ॥२७॥

अर्काको राज्य खोसेर
ल्याउने इतिहास छ
सम्पत्ति उसकै माथि
रजाइँ गर्न आश छ ॥२८॥

ती जम्मै भ्रष्टका पैला
नमुना हुन आउँछन्
त्यसैको पाठले ऐले
भ्रष्टाचार गराउँछन् ॥२९॥

अर्को दर्शनको धारा
ज्ञानको मूल बन्दछ
तर्क वितर्कले खोज्दै
यथार्थ यै हो भन्दछ ॥३०॥

त्यसैले ज्ञानको ज्ञान
विज्ञान पनि भन्दछन्
दृष्टि दर्शनमा लाई
सत्यासत्य बुझ्झाउँछन् ॥३१॥

बलिया तर्कले साना
कम्जोर तर्कमा गई
हमला तिनले गर्छन्
शुद्ध दर्शनको भई ॥३२॥

दर्शनै दृष्टि हो जस्ले
हेराइ सिंहको सरि
गहिरोपनले हेर्छ
खुम्च्याई भ्रुकुटी तरी ॥३३॥

त्यसमा सोचले तानी
भित्री यथार्थ ल्याउँछ
भ्रष्टाचारीहरूलाई
रङ्गे हात समाउँछ ॥३४॥

क्रमैले धर्मको पक्ष
अगाडि पर्न आउँछ
परमात्मासँगै आत्मा
यसले नै मिलाउँछ ॥३५॥

धर्मको अर्थ हो आफ्नो
स्वसिद्ध कर्मको गति
सिंहादि वनका जन्तु-
भित्रै छ धर्म-सङ्गति ॥३६॥

मान्छेमा मानवी धर्म
मठमन्दिर धाउने
ध्यान, योग सधैं पूजा-
पाठभित्र रमाउने ॥३७॥

दान दीक्षा सुरक्षामा
लाग्नेले धर्म पाउँछ
एकत्व भावले गर्दा
स्वर्गति पनि पाउँछ ॥३८॥

भ्रष्टाचार खुराफात
सन्मार्ग नै बिराउने
आफू ममत्वमा जाने
अर्कोमा दोष लाउने ॥३९॥

यी हुन् धर्म विरोधीका
कर्मका पक्ष पावर
यिनैमा झुमिने गर्छन्
भ्रष्टाचारी बराबर ॥४०॥

समुदायसँगै व्यक्ति
जातिमा धर्म सङ्गति
जुटेर रहने गर्छ
बिग्रिन्छ जब त्यो मति ॥४१॥

ऊ भ्रष्ट भावमा जान्छ
समाज रुष्ट बन्दछ
त्यही समाजको भित्र
ऊ एक्लो दुष्ट बन्दछ ॥४२॥

उपादेय बुँदा मध्ये
चौथो हो व्यवहारिक
यसैमा जोडिने गर्छ
मनोविज्ञान मार्मिक ॥४३॥

यसमा भ्रष्टतालाई
विचार गर्नुपर्दछ
कर्ममा बाध्यता हुन्छ
त्यो सबै बुझ्नुपर्दछ ॥४४॥

कानूनी पक्ष हो पाचौं
जो संविधान जान्दछ
उसैको फैसलालाई
समाज सब मान्दछ ॥४५॥

भ्रष्टविरोधका लागि
मानवी धर्मका सँगै
लेखी या मुखले भन्ने
परम्परा छँदाछँदै ॥४६॥

वर्तमान हुँदै आयो
पैसा पावरकातिर
लागेर भ्रष्टता मान्न
भो निर्विघ्न सबैतिर ॥४७॥

त्यसैले यो नयाँ शास्त्र
ल्याउनु अनिवार्य छ
लागू गर्न भने गाह्रो
स्यावासी तर पाउँछ ॥४८॥

संवैधानिक व्याख्यान
यो शास्त्र पनि गर्दछ
पृथकै शक्तिमा जानु
यसले पनि भन्दछ ॥४९॥

कार्य, न्याय, व्यवस्थामा
स्वतन्त्र शक्ति पाउने
अधिकार स्वयं हुन्छ
देशलाई बनाउने ॥५०॥

राष्ट्रिय एकताभित्र
स्थानीय परिवेशमा
सबै शक्ति क्रियावान
भएर पुग्छ देशमा ।।५१।।

गाउँ जिल्ला तथा क्षेत्र
सबैका पूर्ण पैरवी
बनेर आउनु पर्ने
लिएर भाव भैरवी ।।५२।।

समन्वय सबैलाई
गरेर जानु पर्दछ
प्रजातान्त्रिक यो देश
अगाडि सर्नु पर्दछ ।।५३।।

पढ्ने पढाउने गर्ने
सबैको अधिकार हो
कुरामात्र गरी खाने
देशैभित्र विकार हो ।।५४।।

प्रयोगात्मक शिक्षामा
प्रविधि भित्र आउँछ
विकास विधिको बाटो
त्यसैले नै हिँडाउँछ ।।५५।।

नीति छन् सबका नौला
भ्रष्टाचार हटाउने
परन्तु त्यसकै रक्षा
छन् गर्ने र गराउने ॥५६॥

त्यसैको निम्ति यो शास्त्र
भ्रष्टाचार विरुद्धको
ल्याए भरतले लेखी
संसारमै प्रसिद्ध भो ॥५७॥

देशी र देशको रक्षा
सुविधा निम्ति राज्य हो
परन्तु भ्रष्टकै हाली–
मुहाली देशमा भयो ॥५८॥

नीति निर्माणमा जान्छन्
ढुकुटी सकिने गरी
सीधासाधा सबै ल्याई
दिएर नरको बलि ॥५९॥

त्यस्ता व्यक्तिहरू आई
कस्तो नीति बनाउला
सुरक्षा भ्रष्टकै गर्ने
ऊ निश्चित गराउला ॥६०॥

केही भिन्न भने हुन्छ
सिद्धान्त व्यवहारमा
सिद्धान्त जटिलो बन्छ
क्यै होलो व्यवहारमा ॥६१॥

यी शास्त्र सम्मति व्याख्या
कानून पनि गर्दछ
त्यसैको आड लागेर
निर्णय गर्न पुग्दछ ॥६२॥

जो जति ध्यानले पढ्छ
ऊ त्यति गहिराइमा
पुगेर तत्त्वमा जान्छ
आचार सत्त्व ल्याउन ॥६३॥

धर्म कर्म सँगै मोक्ष–
मार्गमाथि हिंडाउने
गर्छ आचारमा टेकी
भ्रष्ट व्यक्ति सुधाउने ॥६४॥

यो शास्त्र धर्मको धाम
बनी समाजमा गयो
देश या विश्वकै निम्ति
सम्मान यसले दियो ॥६५॥

मन्दाक्रान्ता छन्द–

लेखौँ अर्को पनि गति नयाँ
यै सुधा–सारभित्र,
देखौँ धेरै प्रकटित हुने
भ्रष्टकै मानचित्र।
त्यस्मै मेरा कलम कर यी
त्यै कुरा खोज्नलाई
लागे अर्को विषयवनमा
वर्ग सीमा लगाई ॥६६॥

भ्रष्टाचार गरेकोले त्यागे बाँदरका दल।
एक्ले बाँदर घुम्दैछ चहारी वन जंगल
भ्रष्टाचार गरेकोले माहुरीदल एकल।
त्यागदैछन् भइ एकत्र भोगदैछ भ्रष्टको फल॥

एक एक गरी त्यागौं दुष्कर्म, भ्रष्ट दुष्कृति।
रोपौं हृदयमा आजै सदाचार सुसंस्कृति॥
व्यभिचार, अनाचार, भ्रष्टाचार महारिपु।
विजयी बन हे भाइ सर्बत्र समता सिकू॥

–भरत महाकाव्यबाट

## सोह्रौं गति

### (सामाजिक बनोट र उपनिवेशवाद)

व्यक्ति व्यक्तिहरूबाटै
समाज बन्न पुग्दछ
पारम्परिक संस्कार-
बाट त्यो भिन्न बन्दछ ॥१॥

संस्कारमात्र हो भिन्न
जातित्वमा कुनै पनि
भिन्नता हुन आउन्न
स्थान बेग्लै भए पनि ॥२॥

प्रकृति पशुको बेग्लै
परन्तु नरका सँग
मिल्दैन नरको यौटै
आकार हुन आउँछ ॥३॥

जातित्व एउटै हुन्छ
अभेद कृत कर्मले
केही फरकता हुन्छ
थर या स्थान भेदले ॥४॥

जाति धर्म सबैका छन्
मानवेतरमा नगै
जातित्वभित्र नै हुन्छ
पहिचान सधैं लिँदै ॥५॥

संस्कार उसको जान्छ
पुर्ख्यौली व्यवहारमा
अनुकृति हुँदै जान्छ
शास्त्रीय अनि कारण ॥६॥

विश्व मानवको यौटै
स्वभाव मन मन्थन
संसर्गबाट जो हुन्छ
संस्कार परिवर्तन ॥७॥

समाज बन्नका लागि
व्यक्ति नै बन्नुपर्दछ
सत्सङ्ग जब भेट्ला जो
त्यो व्यक्ति अनि बन्दछ ॥८॥

पूर्व पश्चिमका जम्मै
हातेमालो लगाउँदै
हिंडेर घरमा पुग्छन्
भावभक्ति जगाउँदै ॥९॥

सिर्जना चेतना बढ्छ
जो छैन त्यस ठाउँमा
नयाँ प्रभावका काम
बन्न जान्छन् जहाँ तहाँ ॥१०॥

विकास जव जाँ हुन्छ
अविकसितले पनि
आधार ज्ञान यै लिन्छ
विकास बलमा अनि ।।११।।

कर्म संस्कारको सोझो
प्रभाव परिवारमा
परेपछि त्यसै गर्छ
मान्छेले धनसारमा ।।१२।।

समाजभित्र जो हुन्छ
धेरै वर्ग विभाजन
तिनै वर्गहरूबाट
बन्दछ कर्म साधन ।।१३।।

धनी गरीबको रूप
त्यो यौटा हो विभाजन
ब्रह्म राजन्य या वैश्य
शूद्र अर्को सनातन ।।१४।।

चलेका वर्गको रूप
अद्यापि यत्रतत्र छन्
त्यही मावनको लागि
विभक्त भाव भर्दछन् ।।१५।।

मन्त्र ब्राह्मणको जिम्मा
राजन्य बाहुको बल
वैश्य व्यापार हो गर्ने
शूद्रादि कृषिका बल ॥१६॥

यी विभक्त सबै वर्ग
वैदिकी धर्म–दर्शन
देखि मान्य हुँदै आए
समाज साध्य सिर्जन ॥१७॥

वर्तमान गयो अर्को
रूपमा बदलीकन
केही जातीयताबाट
बन्दै गो परिवर्तन ॥१८॥

धनी गरीबमा आयो
गर्न वर्ग विभाजन
उच्च माध्यमका साथै
निम्न वर्ग भएछन ॥१९॥

जातीय वर्ग को धर्म
धन सम्पत्तिमा गयो
संसार समता गर्ने
संस्कार बनिँदै गयो ॥२०॥

धनी किन्तु भए ठूला
मध्यम बीचकै भए
गरीब तल खस्केर
आधार हीनका भए ॥२१॥

उच्च वर्ग सधैं आफ्नो
भोग विलासका भए
शक्तिशाली उनै बन्छन्
गन्यमान्य तिनै भए ॥२२॥

समाज बीचमा पर्ने
समस्या टार्नमा पनि
विकास गर्नका लागि
तिनै अगाडि छन् अनि ॥२३॥

धर्म संस्कारको रक्षा
तिनैको काँधमाथि छ
तिनैको भावनालाई
बुझेर धर्म चल्दछ ॥२४॥

जो धनी वर्गमा पर्छ
ऊ उच्च कुलको हुने
समाज चल्दछ राम्रो
नभए हुन्छ बिग्रिने ॥२५॥

समाज चल्नका लागि
मध्यम वर्गको पनि
महत्त्वपूर्ण नै हुन्छ
भूमिका कर्मको अनि ॥२६॥

उच्च वर्ग उँभो ठान्छन्
निम्न वर्ग सधैं तलै
बीचमा सेतुको काम
हुँदैन मध्यमै नभै ॥२७॥

विकास गर्नका लागि
शान्ति स्थापनमा पनि
भूमिका यसकै हुन्छ
समाजभित्र गै अनि ॥२८॥

दुबैमा समता राख्ने
संयमित सधैं हुँदै
यही मध्यम हो वर्ग
जिम्मेवारी सबै लिँदै ॥२९॥

बुद्धि विवेकले पूर्ण
यै वर्ग हुन आउँछ
नमात्तिने न आत्तीने
सम भाव जगाउँछ ॥३०॥

भोगविलासमा हुन्नन्
कर्मवादी कुनै पनि
चल्छन् समाजका सामु
विशुद्ध ज्ञानका मुनि ।।३१।।

निम्न वर्ग भनी बुझ्छन्
जो बाहुबलले सधैं
कमाई दैनिकी टार्छन्
ज्याला मज्दुरीमा हुँदै ।।३२।।

जसको साथमा केही
रहन्न धन आर्जन
पशुपक्षी सरि गर्छन्
जिन्दगीको विसर्जन ।।३३।।

देश समाजमा यिन्को
शिक्षा सामर्थ्यमा पनि
कम्जोरी अति नै हुन्छ
बलले बाँच्तछन् अनि ।।३४।।

जसको बल सिद्धिन्छ
अर्को आई सघाउँछ
यदि त्यो नभएदेखिन्
वर्गबाट हराउँछ ।।३५।।

सम्पत्ति समता गर्ने
राज्यको अभियान हो
यदि राज्य निदाएमा
बाहु नै बलवान हो ॥३६॥

भ्रष्टाचारीहरू आई
राज्यकोश समाउँछन्
जो शुद्ध भावका व्यक्ति
समाज दुःख पाउँछन् ॥३७॥

उच्च मध्यम या निम्न
सबैका तीन वर्ग छन्
यी सबै वर्गका भित्र
उप वर्ग मिलाउँछन् ॥३८॥

आर्थिकी समता गर्न
भ्रष्टाचार निवारण
ऐन कानूनका साथै
शास्त्रीय हुन्छ कारण ॥३९॥

त्यसैको निम्ति जो आयो
भरतमणिको बल
बुद्धिले शास्त्रको खाका
प्रयोगमा छ निर्भर ॥४०॥

भ्रष्टाचार सबै रोक्ने
शास्त्रीय विधि निर्णय
गरेका छन् सदा लागि
राखेर यो सदाशय ॥४१॥

परन्तु शक्तिका देश
बस्तैनन् ढुक्क भैकन
भ्रष्टाचारीहरू दिन्छन्
यो कम्जोर बनाउन ॥४२॥

जो कम्जोर हुँदै जान्छ
उही छ आड लाउने
मौका छोपी त्यहीँ गर्छ
राज्य नै हात लाउने ॥४३॥
हर्ताकर्ता उही हुन्छ

धर्म संस्कारमा अनि
राजनीति सँगै शिक्षा
भाषा र भेषमा पनि ॥४४॥

आधिपत्य हुँदै जान्छ
क्रमशः शक्ति राष्ट्रको
जान्छन् जरा तलै सम्मन्
प्रमुख हुन्छ भ्रष्टको ॥४५॥

जो भ्रष्टाचारको निम्ति
निर्मूल गर्न थाल्दछ
भ्रष्टाचारी स्वयं खाल्डो
खनेर तल हाल्दछ ॥४६॥

शक्ति राष्ट्रहरू आई
भ्रष्टमै बल गर्दछन्
कम्जोरी देशमा जो छ
त्यो पनि अझ हर्दछन् ॥४७॥

शक्ति राष्ट्रहरू बन्छन्
अर्काको पसिना चुसी
साम्राज्य निम्नमा गर्दै
क्यै काल बन्दछन् खुशी ॥४८॥

उपेन्द्रवज्रा छन्द–
समाज कस्तो छ भनेर जान्नु
त्यो भित्रको तत्त्व बुझेर मान्नु
भन्ने कुराको पहिचान गर्दै
यो लेखनी बढ्छ अगाडि सर्दै ॥४९॥

## सत्रौं गति
### (मुलुकका विशेषता)

विश्वमा रहने साना-
ठूला यी देशको पनि
विभाजन गरी हेर्दा
दुईटा देखिए अनि ।।१।।

पहिलो वर्गमा पर्छन्
विकासवान जो छन
विकासोन्मुख दोस्रोमा
पर्दछन् यी समागम ।।२।।

यी दुवै देशका आफ्ना
विशेष पहिचान छन्
पहिचान तिनैले नै
विशेषता बताउँछन् ।।३।।

पहिलो वर्गका देश
बन्दछन् आत्म निर्भर
दोस्रो वर्ग भने पर्छन्
पहिलो वर्गकै भर ।।४।।

पहिलो वर्गका आफ्ना
उद्योग कृषि कर्म छन्
कृषिका निम्ति औजार
आफैंबाट प्रयुक्त छन् ।।५।।

सुविधाले छिटो गर्छन्
उत्पादन बढी बढी
आफू खाएर नै दिन्छन्
व्यापारी वर्गमा लगी ॥६॥

उसको जिन्दगी बन्छ
जो हुन्छ कृषि निर्भर
अनि उद्योगमा लाग्छ
कसैको नलिई डर ॥७॥

खेतवारी सबै खन्छन्
लगाई सबले मन
कृषि नै हो सबै भन्छन्
विश्वको पहिलो धन ॥८॥

कृषि सम्पन्न जो बन्दै
उद्योग पनि गर्दछन्
मुद्रा विदेशका ल्याई
राष्ट्रिय कोश भर्दछन् ॥९॥

धनी देश उही हुन्छ
उसैका सीपकार छन्
प्रविधिज्ञ त्यहीँ हुन्छन्
प्रविधिहरू रच्दछन् ॥१०॥

स्रोत साधनको केही
रहन्न रिक्तता अनि
समुदाय कसैभित्र
हुँदैन तिक्तता पनि ॥११॥

जहाँ छन् जनता आफैं
सबल अर्थका अनि
प्रविधिकार छन् दक्ष
गर्दछन् उन्नति पनि ॥१२॥

अर्थतन्त्र जहाँ हुन्छ
व्यवस्था पनि मिल्दछ
व्यवस्थित जहाँ हुन्छ
सुशान्ति अनि आउँछ ॥१३॥

जहाँ विकासका बाटा
बिजुली जल-सम्पदा
परिपूर्ण भएका छन्
सम्पन्न हुन्छ सर्वदा ॥१४॥

कर्मवादी सबै हुन्छन्
विद्रोही भाव मास्तछन्
त्यही समाजका मान्छे
निर्धक्क सँग बस्तछन्‌ ॥१५॥

शिक्षा चेतन चातुर्य
कर्ममा भिन्न तैपनि
तिनै देशभरि व्याप्त
छन् मिल्छन् कर्ममा अनि ॥१६॥

पारिवारिक जञ्जाल
रहन्नन् तिनका बढी
जो हुन्छन् गुणका हुन्छन्
शक्ति सामर्थ्यका बढी ॥१७॥

रोजगारी सबैलाई
सर्कार दिन सक्तछ
त्यसैले जनता आफ्नो
देशका प्रति ढुक्क छ ॥१८॥

जो जस्को सीप छ जस्तो
त्यस्तै नै काम पाउँछ
आधारभूतको खर्च
गर्न ऊ दाम पाउँछ ॥१९॥

बजारका सबै वस्तु
सर्कारी मोल राख्तछन्
जो न्यूनवर्गसम्मन्ले
किनेर लान सक्तछन् ॥२०॥

यो नै हो सर्वदा ठूलो
सन्तुष्टि जनमानस
जिन्दगी धान्नका लागि
लाग्दैनन् अन्य आश्रय ॥२१॥

सर्वोपरि हुने गर्छ
कानून जुन ठाउँमा
सुररिक्षत सबै हुन्छन्
त्यसका गाउँगाउँमा ॥२२॥

देखिन्छन् जनतालाई
चिन्ता हुन्न त्यहाँ कुनै
सम्पन्न देशमा मिल्ने
वैशिष्ट्य लाभ हुन् यिनै ॥२३॥

भ्रष्टाचार त्यहाँ हुन्न
आचारवान छन् सबै
भद्र भाव सबै लिन्छन्
अभद्र भावमा नगै ॥२४॥

दौर्बल्य दुष्टता हुन्न
बन्दछन् आत्मनिर्भर
भ्रष्टाचार कुनै हुन्न
मान्दछन् नीतिको डर ॥२५॥

विकासोन्मुखका देश
गरीबीपन भोग्दछन्
उद्योग त्यसमा हुन्न
खेतीको भर पर्दछन् ।।२६।।

वर्षाबादलको झम्टा
बाढी र पहिरो अनि
खडेरी त्यसमै हुन्छ
सुख्खाले खान्छ त्यो पनि ।।२७।।

नदीनालाहरू हुन्छन्
तथापि उपयोगमा
आउँदैनन् बगी जान्छन्
घुम्दै घुम्दै समुद्रमा ।।२८।।

पारम्परिक संस्कार
छोडिँदैन कतै पनि
पूँजी क्यै नभई जान्छ
गरीबीमा सधैं अनि ।।२९।।

जनसंख्या उँभो जान्छ
बेरोजगारी पनि त्यतै
अमेल आयमा हुन्छ
वर्ग विभाजनै कतै ।।३०।।

अनियन्त्रित नै हुन्छ
बजार मोल मालमा
हुनेले किन्दछन् केही
नहुने पर्छ मारमा ॥३१॥

निजी संस्थाहरू गर्छन्
हस्तक्षेप सधैं भरि
जिम्मेवारी कुनै हुन्न
बन्छन् भ्रष्ट त्यसैगरी ॥३२॥

तिनै संस्थाहरू गर्छन्
भ्रष्टाचार घुमीघुमी
सिकाउँछन् अरूलाई
धनलाई चुमीचुमी ॥३३॥

धेरै व्यक्तिहरू आई
जो भ्रष्टाचार गर्दछन्
त्यो देखी जनता जम्मै
खाल्डोमा अनि पर्दछन् ॥३४॥

राजनैतिक संस्कार
पनि त्यै भ्रष्टतातिर
गएर मिसिने गर्छ
बिर्सी नैतिकतातिर ॥३५॥

दिन्छन् त ! नीतिकै नारा
भ्रष्टाचार सिकाउँछन्
देश समाजका सामु
प्रतिष्ठानै गुमाउँछन् ॥३६॥

माफियाजनको हाली–
मुहाली सरकारमा
हुँदै जान्छ सदा काल
देश जान्छ बिहालमा ॥३७॥

देश चाहे जहाँ जाओस्
जनता जे सुकै गरून्
भ्रष्टको भावना हुन्छ
सम्पत्ति हातमा परून् ॥३८॥

यो विश्वका निर्मित राज राज्य
बन्दै गएका सब छन् विभाज्य
विशेषता ती सबको बुझेर
यो लेखनी गो अब सोचनेर ॥३९॥

# अठारौं गति

(विचार र व्यवस्था)

व्यक्ति व्यक्ति बने हाम्रो
स्वयं समाज बन्दछ
समाज सुध्रिए व्यक्ति-
माथि प्रभाव पार्दछ ॥१॥

व्यक्ति समाजका बीच
एकत्व भाव आउँछ
एउटा भावनाबाट
अर्को शुद्ध बनाउँछ ॥२॥

त्यसैले यी दुवै वर्ग
आपस्त परिपूरक
बनेर रहने गर्छन्
बन्दै विज्ञ विचारक ॥३॥

सकारात्मक जो सोच
व्यक्ति समाजमा दुवै
उत्कृष्टता लिने गर्छ
प्रबुद्ध वर्गको हुँदै ॥४॥

यसैका नीतिको व्याख्या
धर्म संस्कारमा पनि
हुँदै गर्दै सबै जान्छन
शान्ति सौहार्द्रका अनि ॥५॥

नकारात्मक जो सोच
मन–मस्तिष्कमा लगी
जो गर्छ ऊअनि बस्छ
दुःख–सागरमा पुगी ।।६।।

उसको देशमा कैल्यै
शान्ति  सद्भावको कुनै
लेशमात्रै कतै हुन्न
विद्रोह बढ्दछन् भनै ।।७।।

क्षुद्रता, लुब्धता साथै
ईर्ष्या डाढे विचारले
आफ्नै व्यक्तित्वमा हानि
गर्दै जान्छ कुचालले ।।८।।

निर्दयी अनि शङ्कालु
भावको व्यक्ति बन्दछ
अनि त्यो माजमा उस्ले
अर्काको खैरो खन्दछ ।।९।।

मिश्रित सोचको व्यक्ति
दुबैमा सम–भावले
अगाडि आउने गर्छ
मान्छ धेरै समाजले ।।१०।।

धनी गरीबका बीच
एकता भाव सङ्गति
बनाएर सधैं बढ्छ
कसैको हुन्न दुर्गति ॥११॥

शिक्षा–संस्कृतिको ठूलो
विकास यसमा पनि
क्रमैले चुलिँदै जान्छ
पुग्छ समृद्धिमा अनि ॥१२॥

भ्रष्टाचार हुनै हुन्न
भन्ने भाव पलाउँछ
कुनै त्यस्ता भएदेखिन्
समाजमा सुनाउँछ ॥१३॥

भ्रष्टाचार विरोधीका
संस्कृतिका विकासले
सचेतना दिँदै जान्छ
मान लिन्छ समाजले ॥१४॥

आचार यसमै हुन्छ
विचार अनि आउँछ
कर्म भाव सँगै अर्को
प्रवृत्ति नै उदाउँछ ॥१५॥

यी पञ्च तत्त्वले हाम्रो
समाज अगि बढ्दछ
एकताबद्ध भै नित्य
विकास–वृद्धि गर्दछ ॥१६॥

आचारवानले मात्रै
विचार गर्न सक्तछ
विचार शुभ आएमा
कर्मभाव पलाउँछ ॥१७॥

ज्ञान राम्रो नराम्रोको
मनले मात्र पाउँछ
मन–मस्तिष्कको योग
जब भित्रै उदाउँछ ॥१८॥

जब त्यो ज्ञानले ढाक्छ
प्रवृत्ति अनि आउँछ
प्रवृत्ति व्यक्तिमा बस्ता
भ्रष्टाचार हराउँछट ॥१९॥

मनोभाव सफा राखे
व्यक्ति समाजको गति
आचारवान भै बढ्छ
भ्रष्टको हुन्छ दुर्गति ॥२०॥

गुणागुण दुवैलाई
एकत्व भावले थिची
शान्ति समृद्धिमा लान्छ
असत्य गुणको मिची ॥२१॥

जिम्मेवार सबै व्यक्ति
संघ–संस्थाहरू सबै
अकर्मण्य हुँदै आए
बिग्रिन्छ देश नै सबै ॥२२॥

उचितानुचितै त्यस्तो
कर्मको पहिचानमा
खटेका छन् सबै भ्रष्ट
विरोधी भै समाजमा ॥२३॥

अहिले दुनिया हेर्दा
धेरै छन् भ्रष्ट तत्त्वका
प्रशासन अनि न्याय
सुरक्षा स्वास्थ्य क्षेत्रका ॥२४॥

जनाधिकारका नेता
उद्योगी व्यवसायका
सामाजिक सबै व्यक्ति
निर्गुणी अन्य भावका ॥२५॥

भ्रष्टाचारतिरै जान्छन्
मुखले नभने पनि
कर्मले भावले गर्छन्
लोभको वशले अनि ॥२६॥

नीति नैतिकता साथै
अध्यात्म चेतना पनि
भ्रष्ट विरोधकै शास्त्र
अन्तर्गत भए अनि ॥२७॥

चेतना सबमै हुन्छ
मान्छेमा अलि भिन्न छ
अध्यात्म चेतले गर्दा
प्रकृति पनि भिन्न छ ॥२८॥

नैतिक विधिले चल्छन्
मान्छेका कर्म पद्धति
पाशविक बनेका छन्
पशुत्व कर्मका गति ॥२९॥

नीति नियमले बाँधी
नरको कर्म कौशल
सामाजिक हुँदै आयो
बन्दै जीवन उज्ज्वल ॥३०॥

नैतिक सोचका व्यक्ति
जहाँ हुन्छन् समाजमा
त्यहाँ विकासका बाटा
खुल्छन् देश बनाउन ॥३१॥

सोच आचचारका साथै
कर्म हुन्छ जहाँ जति
सोचको परिणामै हो
कर्म हुन्छन् उहाँ उति ॥३२॥

सोच या कर्मका निम्ति
आचार मध्यबिन्दुमा
बस्तै गर्छ सदाकाल
आएर सुख-सिन्धुमा ॥३३॥

त्यसैले सभ्यता दिन्छ
अनादि कालमा पनि
सभ्य समाजले लिन्छ
धर्मार्थ धारणा अनि ॥३४॥

राम्रो शासनका लागि
शासक शुद्ध कर्मको
हुनपर्छ अनि साथै
ऊ धेरै धीर धर्मको ॥३५॥

धर्मको धारणा ल्याई
आचारवान जो बनी
कर्म कर्ता बनी गर्छ
समाज सिद्ध होस् भनी ॥३६॥

राम्रो शासक ऊ बन्छ
जनता सामुमा गई
नीति नियमको ज्ञाता
प्रबुद्ध वर्गको भई ॥३७॥

जे दिन्छ जनतालाई
समान व्यवहारले
सेवा सम्पर्कको वार्ता
सर्वदा शुद्ध भावले ॥३८॥

राम्रो शासनका लागि
आधार तत्त्व आउँछन्
जसले तलका तत्त्व
बुझी मार्ग बनाउँछन् ॥३९॥

भ्रष्टाचार जहाँ हुन्छ
त्यस्मा जो रोक लाउँछ
कानूनी विधिको कर्म
गर्नलाई सिकाउँछ ॥४०॥

स्थानीय तहमा धेरै
अधिकार प्रदर्शित
गर्दै कर्मकला भर्छ
देखाई पारदर्शिता ॥४१॥

जनता दलका माझ
कर्म गर्दै सुनाउँछन्
जन–समाजमै जम्मै
जिम्मेवार बनाउँछन् ॥४२॥

भ्रष्टाचार गरी जस्ले
धन–सम्पत्ति पाउँछ
कालो धन त्यही नै हो
त्यैले ऊ डराउँछ ॥४३॥

त्यो कालो धनको क्षेत्र
सीमित हुन आउँछ
सीमा नाघी यता आए
प्रशासन समाउँछ ॥४४॥

त्यसैले त्यो सबै आफ्नै
लुकेर घर बस्तछ
कमाउने सुरो व्यक्ति
त्यो पछि सुस्त बन्दछ ॥४५॥

यस्तो सम्पत्तिका लागि
आतक्त गर्नुपर्दछ
अवैध  वस्तुको कारो-
वारमा जो रमाउँछ ॥४६॥

त्यस्तै समाजका सामु
विरोधी कर्मको फल
लिएर घरमा जान्छ
हुन्छ ऊ अति निर्बल ॥४७॥

त्यो कालो धनले राती
दिनमा मन कट्कट
खाई निद्रा वुभुक्षा नै
हरेर देह छट्पट  ॥४८॥

गराउँदै त्यसैबाट
दुःखका भुमरीहरू
चारैतर्फ घुमी हिँड्छन्
बेरिछन् जिन्दगी अरु ॥४९॥

स्वच्छताले कमाएको
धनले शान्ति सौम्यता
सर्वदा घरमा दिन्छ
मनमा हुन्न दुष्टता ॥५०॥

त्यो कालो धनको जस्ले
गर्दै जान्छ नियन्त्रण
समृद्धि अनि आउँछ
देश, व्यक्ति सुसज्जन ॥५१॥

जसले शास्त्रको गर्छ
घोर विरोध भर्त्सना
सुविचार सदाचार
गर्छ समृद्धि तिर्सना ॥५२॥

देशका जनतालाई
अधिकार सुसञ्चित
जहाँ हुन्छ, त्यहाँ हुन्न
जनाधिकार बञ्चित ॥५३॥

प्रजातान्त्रिक संस्कार
देशमा भित्रिएपछि
जनभाव लिई बन्ने
सर्कार बन्नुका  पछि ॥५४॥

शिक्षा स्वास्थ्य अनि न्याय
राज्यले दिनुपर्दछ
सुरक्षा राज्यकै हुन्छ
कर क्यै लिनुपर्दछ ॥५५॥

बन्दछ कानूनै यौटा
भ्रष्टाचार सबैतिर
निर्बिघ्न रूपले जान्छ
फैलिँदै जनतातिर ॥५६॥

कानूनले पनी त्यस्तो
रोक्नै नसकिने भयो
भ्रष्टैभ्रष्ट सबै बन्दा
आकाशैतिर ऊ गयो ॥५७॥

किताबी पत्रमा हुन्छ
कानून मात्र केवल
लागू हुन्न कतै भ्रष्ट-
तत्त्वमा छेक्छ बादल ॥५८॥

जन-आवाजले मात्रै
दवाव गर्छ सिर्जना
कार्यबाही भने हुन्न
त्यसमै मेट्छ तिर्सना ॥५९॥

यो पनि त्यसरी सारा
दबाब बल्झिँदै गए
भ्रष्टाचार खुला हुन्न
लुकेर न्यूनता लिए ॥६०॥

समृद्धि देशकै निम्ति
कोही जोगार गर्दछन्
दबाबी जनले फेरि
भ्रष्ट बाटा समाउँछन् ॥६१॥

यी जम्मै व्यक्तिका भाव
अभाव सिर्जना पनि
भएर बाध्य भै भ्रष्ट
तत्त्वमा  पुग्दछन् अनि ॥६२॥

इन्द्रवज्रा छन्द–
वैशिष्ट्यको भित्री कुरा गुनेर
उत्कृष्टताको नमुना भनेर
व्याख्यानले यो गति बन्न आयो
कानून बुझ्ने मन यो पलायो ॥६३॥

हामीझैं रैविले अनैतिक गरे चल्दैन संसार यो।
हामीझैं धरणी नदी नद भए चल्दैन संसार  यो।
सिंगो विश्व चली रहेछ जसको आज्ञा गरी पालन।
यौटै मानव मात्र गर्छ सधैं कर्तव्य उल्लंघन॥
–भरत महाकाव्यबाट, मुणिराज जोशी

# उन्नाइसौं गति

## (निर्बल कानून दलगत स्वार्थ)

कल्पना–लोकको राज्य
हुँदैहुन्न कतै पनि
आधारभूत जो तत्त्व
छन् भने हुन्छ यो अनि ।।१।।

राज्यको स्थापना गर्न
धेरै तत्त्व मिलाउन
सक्नुपर्छ अनि हुन्छ
सिङ्गो राज्य बनाउन ।।२।।

धेरै अङ्ग मिली यौटा
अङ्गीको रूप आउँछ
त्यसैमाथि म र मेरो
भन्ने भाव पलाउँछ ।।३।।

त्यस्तै छ पहिलो अङ्ग
भूमि र जनता बल
भाषा भाषी सबै जाति
भेष या वर्गको दल ।।४।।

नीति नियमका साथै
सर्वमान्य मनोबल
कर्मकारहरू जम्मै
हुनुपर्दछ निश्छल ।।५।।

झण्डा स्वायत्तता साथै
राष्ट्रिय जन–भावना
हुनुपर्छ त्यसैमाथि
राज्यको हुन्छ स्थापना ॥६॥

राजनीति सँगै राज्य
जोडिने हुन्न कल्पना
राज्य हो जड भै बस्ने
राजनीति गराउन ॥७॥

परिवर्तित भै जान्छ
राजनीति यदाकदा
एकाकार भई बस्छ
राज्यको रूप सर्वदा ॥८॥

ठूलो सानो दुवै हुन्छ
आकार राज्यको अनि
राजनीति त्यहीँ हुन्छ
जनको हित होस् भनी ॥९॥

जनजीवनका लागि
अपरिहार्य तत्त्वको
व्यवस्था गर्नका लागि
कर्म हो राजनीतिको ॥१०॥

वैध-शक्ति खुला हुन्छ
राज्यको परिवारमा
सिद्धान्त शक्तिले चल्छ
राजनीति समाजमा ॥११॥

राज्य दिगो भई बस्छ
राजनीति सरासरी
परिववर्तनमा जान्छ
मान्छेकै सोचमा परी ॥१२॥

राजनीति सधैं हुन्छ
अस्थिर ढल्पलाउने
राज्य स्थिर भई बस्छ
राजनीति गराउने ॥१३॥

राज्य आधार भै बस्छ
बद्लिने राजनीतिको
खेला राजनीति गर्छ
त्यहीँ पक्ष-विपक्षको ॥१४॥

पक्ष-विपक्ष जो हुन्छ
त्यसैमा भ्रष्टता पनि
जन्मिएर सधैं हिँड्छ
मैमत्त चालको बनी ॥१५॥

त्यसैले देशको जम्मै
विकास बल चाट्तछ
गरीवीतिर लैजान्छ
सबैको नाक काट्तछ ॥१६॥

उद्यमी जनमा आई
मनोबल गिराउने
गर्दै  जान्छ अनि त्यस्ले
अस्तित्व नै मिटाउने ॥१७॥

वर्तमान हिँडेको छ
राजनीति खुलाउन
सिद्धान्त साधना छोडी
आफ्नै चाँजो मिलाउन ॥१८॥

चुनावी याममा मात्रै
सिद्धान्त अघि आउँछन्
सिद्धान्त हातमा बोकी
घोषपत्र बनाउँछन् ॥१९॥

जितेमा बिर्सिंदै जान्छन्
सिद्धान्त हातका पनि
हारे विरोधका लागि
खल्तीमा हाल्दछन् अनि ॥२०॥

खेलाडी झैं गरी खेल्छन्
हुड्डुयुद्ध जतातत्तै
शान्ति समृद्धि नै हुन्न
खोज्नुपर्छ कतै कतै ।।२१।।

नेताको हुन्छ दायित्व
जनाभाव दिलाउने
विकास देशका लागि
गर्ने आफैं गराउने ।।२२।।

नीति नैतिकता साथै
आचारवान भैकन
जनताहरूका माझ
सुसमृद्धि फिजाउन ।।२३।।

दिलोज्यान दिई लाग्नु
सद्भाव मनमा लिई
चुनावी यामका जस्तै
वचनामृत जो पिई ।।२४।।

परन्तु ती नभै जम्मै
बेकारी दलकाहरू
पार्टीभित्र घुसेका छन्
विद्रोही बलका अरू ।।२५।।

सिद्धान्त केन्द्रमा हुन्छ
ती नेता वकवादका
वेवारिसेसरि हुन्छन्
बिगार्ने काम काजका ॥२६॥

नीति नैतिकता हुन्न
तिनका वर्गमा कुनै
नेता भै डुक्रिने गर्छन्
मार्ग मैदानमा सबै ॥२७॥

सेवा भाव हुनैपर्ने
त्यो छैन देशमै कतै
नेतृत्व वर्गमा खालि
कमाउने जताजतै ॥२८॥

यो काजकर्म जो हुन्छ
विकास हुन्न देशमा
निराश मनमा बोकी
बस्तछन् जन त्रासमा ॥२९॥

तानाशाही सबै बन्छन्
सर्कार दलको हुँदा
प्रजातान्त्रिक अभ्यास
भन्दै क्रूर तिनै हुँदा ॥३०॥

नेतृत्व वर्गका लागि
तानाशाही प्रवृत्तिले
एकाधिकार मै लान्छ
सत्तालाई विचारले ॥३१॥

अनाचार अनि त्यस्मै
मौलेर उच्च वर्गमा
प्रशस्तै फिँजिने गर्छ
देशका सर्ग सर्गमा ॥३२॥

निम्न वर्गहरूलाई
भाग हुन्न कुनै पनि
करको दायरा बढ्ट
तिर्नैपर्दछ सो अनि ॥३३॥

जैलेसम्म यहाँ हुन्न
भ्रष्टाचार निवारण
अस्तित्व देशकै हुन्न
दल नै हुन्छ कारण ॥३४॥

शिक्षा सन्मार्गले गर्छ
भ्रष्टाचार नियन्त्रण
त्यो शिक्षा धर्ममा जोडी
गर्दै जान्छ प्रबोधन ॥३५॥

सदाचारी हुनैपर्छ
पहिलो ज्ञानमार्गमा
सद्‌विचार सँगै हुन्छ
विद्यार्थी वर्ग वर्गमा ॥३६॥

इमान्दारी मनोभाव
शिक्षाले दिनुपर्दछ
अनुशासित भै तत्त्व
शिक्षाको लिनुपर्दछ ॥३७॥

शिक्षानीति यसैबाट
पूर्णता अनि पाउँछ
जैले सफलता मिल्छ
समृद्धि भित्र आउँछ ॥३८॥

त्यसैले जनतालाई
सुख शान्ति दिलाउँछ
जब समृद्धि आउँछ
भ्रष्टाचार हराउँछ ॥३९॥

नैतिक धारको शिक्षा
समाजभित्र आउँदा
सहकारी मनोभाव
विकास गर्न पाउँदा ॥४०॥

जिम्मेवमरी सबै माथी
बोध गर्न लगाउँछ
जब ज्ञान सबै हुन्छ
अनाचार हराउँछ ।।४१।।

कानूनी राज्यमा पैले
स्थापना हुनु पर्दछ
सदाचारी मनोभाव
शिक्षाले दिनुपर्दछ ।।४२।।

अनि समाजमा नौलो
आयाम कटिबद्ध भै
आएर सिर्जना गर्लान्
मूल्य मर्म समर्पितै ।।४३।।

त्यसैको निम्ति यो शास्त्र
सचेत रूपले यहाँ
आएको छ नयाँ बन्दै
अति खाँचो छ विश्वमा ।।४४।।

शिखरिणी छन्द–

म यो लेख्दै आएँ भरतमणिको जीवन
कथा
यसैमाथि ल्याएँ सृजनगतिका सिर्जित विधा
क्रमैमा जेठो भै जनविभवका भ्रष्ट जन जो
सुधारी लैजाने मन-महल उन्को हुन गयो ॥४५॥

यसैमा लाग्दैछन् अथक श्रम सुम्पी वरपर
बढेका देखिन्छन् श्रम र पसिना सार्थकतिर
तिनै साना थोपा श्रम र पसिनाले सुमनमा
दिएका छन् उर्जा सकल उनका काव्य गतिमा ॥४६॥

रवि बाटो लागे शिथिल गतिमा दक्षिणतिर ।
कमलका दल खुम्चे क्रमसित हट्यो ताप-विरह ॥
क्रमैले विस्तारै शीत र शशीको गौरव बढ्यो ।
अनि त्यो बेलामा जङ्गममठमा रौनक चढ्यो ॥
–भरतेन्दु महाकाव्यबाट

## बीसौं गति (निष्कर्ष)

काव्य नायकको साधा
जीवनी सत्यका तिर
खोज गर्दै उँभो आयो
कर्म कर्माथ-मुन्तिर ॥१॥

धर्म-दर्शनका ढोका
दुबैमा सम खुल्दछन्
गन्तव्य तिनको यौटै
सत्यमा पुग्नु भन्दछन् ॥२॥

पारमार्थिक चिन्ताले
धर्मको मार्ग बन्दछ
जन्म र मृत्युको तथ्य
दर्शन शास्त्र खोज्दछ ॥३॥

सदाचार सही लिन्छ
धर्मले व्यवहारमा
दृष्टि दर्शन दौडिन्छ
तर्क र बुद्धि- सारमा ॥४॥

तर्क र बुद्धिको स्थान
धर्मले व्यवहारमा
भाव आस्था र विश्वास
बोकेर चल्छ सारमा ॥५॥

दया, शान्ति, क्षमा साथै
अहिंसा धर्म मार्ग हुन्
किन्तु दर्शनमा तर्क
मन्थन बलवान छन् ।।६।।

यहाँ नायकको पैलो
धर्मास्था देव धाममा
मन्थनिँदै खुला हिँड्छ
भई विश्वस्त काममा ।।७।।

पहिलो जीवनी उन्को
शैवशक्ति जुटाउने
त्यस्तै गणेश वाग्देवी
यै देशभित्र ल्याउने ।।८।।

धारणा उनले राखी
डाँडा-पाखा सबैतिर
प्रतिष्ठित गरे मूर्ति
व्यवस्था भो बराबर ।।९।।

उनका मनको बिन्दु
धर्म-गङ्गा बनाउँछ
त्यही गङ्गा पुगी साँझ
बिहानमा नुहाउँछ ।।१०।।

धर्मनिष्ठा भए हाम्रो
शक्ति सञ्चय बन्दछ
त्यही शक्ति सदा बढ्दै
सच्चिदानन्द पाउँछ ॥११॥

धर्मार्थका महामन्त्र
उनमा विद्यमान छन्
त्यसैले धर्मको बाटो
विस्तारित बनाउँछन् ॥१२॥

यो संसार कहाँबाट
कसरी सिर्जना भयो
यो सिर्जना भए पूर्व
कस्तो रूप यहाँ थियो ॥१३॥

को कर्ता कसरी आयो !
सिर्जना गर्दछु भनी
केको आधारमा ल्यायो
खुला आकाशमा मुनि ॥१४॥

नासिन्छन् सिर्जना फेरि
के काम त्यस कर्मको
सृष्टि संसार रोकिन्न
भन्दछन् यहि धर्म हो ॥१५॥

सिर्जित वस्तुले चुप्प
लागेर बस्नु हुन्न रे
चलाचल सबैको नै
आ–आफ्नो धर्म हुन्छ रे ॥१६॥

यस्ता प्रश्नहरू धेरै
मान्छेका प्रति आउँछन्
त्यस्को उत्तरका लागि
काल–कर्म समाउँछन् ॥१७॥

भन्छन् शास्त्रहरू यौटै
स्वरले भगवानको
पूजापाठ सँगै अर्को
काम गर्नु समाजको ॥१९॥

यै हो परत्रका लागि
मुक्ति–मार्ग मिलाउने
नरनारीहरूलाई
चित्त–शान्ति दिलाउने ॥१९॥

हाम्रो वैदिक संस्कार
साधना सूत्रले पनि
देवार्चना सदाचार
भन्दछन् धर्म हो भनी ॥२०॥

यिनै चेतनका ढोका
खोलेर काव्य–नायक
भक्तिभाव लिई कर्म
गर्दछन् मुक्तिदायक ।।२१।।

चैत्य मन्दिरमा मूर्ति
सम्भार सब गर्दछन्
नयाँ मूर्ति कलालाई
स्थापना पनि गर्दछन् ।।२२।।

त्यस्तै साहित्यमा उन्को
प्रवाह अगि आउँछ
भ्रष्ट सन्धानका साथै
इतिहास बुझाउँछ ।।२३।।

सत्यबाट भयो सोझै
प्रकृति वस्तु दर्शन
अनुकार्य भयो त्यो नै
साहित्य गर्न साधन ।।२४।।

त्यसैको सत्यता खोज्ने
वितर्क गर्छ दर्शन
बिन्दुमा पुग्नका लागि
धेरै हुन्छ विमर्शन ।।२५।।

समाजभित्रको सिङ्गो
साहित्य चित्र बन्दछ
इतिहास त्यहीँ हुन्छ
सत्य साबित गर्दछ ॥२६॥

सिर्जना साधना उन्को
भ्रष्टाचार जतातत‍ै
के गरेर कहाँ हुन्छ ?
भन्ने तथ्य बुझाउँदै ॥२७॥

अग्रगामी दिशा लिन्छ
दैनिकी परिवारमा
घटेका घटना ल्याई
देखाउँछ समाजमा ॥२८॥

भ्रष्टको भावना साथै
उसको कर्म–पद्धति
केस्राकेस्रा गरी हेर्छन्
पाउँछन् उनले जति ॥२९॥

सम्पन्न व्यक्तिमा धेरै
अवैध व्यवहार छ
विपन्नमा सधैँ सामु
अगम्यको पहाड छ ॥३०॥

भ्रष्टाचार कहाँ हुन्छ
किन र कसरी भनी
खोजी गर्दै हिँडेका छन्
प्रत्येक पदमा उनी ॥३१॥

स्वच्छ सत्कल्पका हाम्रा
न्यायका प्रतिमाहरू
धेरै माथि उठेका छन्
बोकेर भ्रष्टताहरू ॥३२॥

पद–पावरका लागि
सबै द्वार खुलाउँछन्
निमुखा वर्गका लागि
पैसा पर्वत लाउँछन् ॥३३॥

न्याय सत्कल्पका माथि
अन्याय अघि आउँछ
तिनै मूर्तिहरूलाई
उसैले उभ्भिल्याउँछ ॥३४॥

प्रहरी वर्गका त्यस्तै
रक्षामा खटिनेहरू
नीति नैतिकता बेची
ज्यानै लिन्छन् अझै अरू ॥३५॥

कर्मचारीहरू त्यस्तै
तलमाथि सबैतिर
सेवा भन्ने सबै बिर्सी
लाग्छन् भ्रष्टतातिर ॥३६॥

पैसा पावरका सामु
ती हुन्छन् अति सक्षम
विदेशी वर्गका लागि
काम गर्छन् धमाधम ॥३७॥

नेपाली बबुरो आए
भोलि भोलि बताउँछन्
त्यो भोलि कहिल्यै हुन्न
पैसालाई सताउँछन् ॥३८॥

व्यापारी वर्गले आफ्नो
छड्के तराजु लाउँछ
मानापाथी भरे केही
भर्दाभर्दै हराउँछ ॥३९॥

नेता चैं नीतिका व्याख्या
मात्रै गर्छन् बजारमा
स्वच्छता तिनमा हुन्न,
हुन्छ एक हजारमा ॥४०॥

त्यो पनि नदीको धार
पाएको बेत झैं बनी
धक्का खाई उँधै झर्छ
ठाडो नै नहुने गरी ॥४१॥

कार्य कारण यो खोज्न
भरत हिँड्दछन् यहाँ
गरीबी एउटा अर्को
आकांक्षा हुन्छ उच्चमा ॥४२॥

सीप ज्ञान कतै हुन्न
गरीबी पक्षमा कुनै
इच्छा तीव्र हुँदै जान्छ
अभाव खड्किँदा झनै ॥४३॥

पारिवारिक सञ्जाल
हेर्दछ उसले यहाँ
भ्रष्टाचार त्यही गर्छ
आफ्नो भित्री अभावमा ॥४४॥

यो जम्मै विश्वका लागि
क्यान्सरै सरिको बनी
सबै क्षेत्र सबै ठाउँ
हावा झैं घुम्छ फन्फनी ॥४५॥

विकास नहुँदै देश
गरीबी भार भोग्दछन्
सर्कारी सुविधा हुन्न
आ–आफ्नो पीर पोख्तछन् ।४६।।

भ्रष्टाचार त्यहीँ हुन्छ
धेरै मौका भयो भने
दुष्टता क्षुद्रता बढ्छ
देशै ध्वस्त बनाउने ।।४७।।

विकासपट्टि जो जान्छ
सुविधा जनमा दिँदै
जनभाव त्यसै बढ्छ
सन्तुष्टि मनमा लिँदै ।।४८।।

गरीबीपनले भ्रष्ट
बन्नुपर्ने भयो भने
आँखा चिम्म गरी बन्छन्
लिन्छन् भाव धनी हुने ।।४९।।

परन्तु त्यसमा केही
ठेगान हुन्न कर्मको
पैरोजान त्यहाँ सक्छ
वेपत्ता पद–धर्मको ।।५०।।

गरीबी न भई इच्छा
प्रवल बन्दछन् भने
गहिरो भासमा पर्छन्
आफू आफैँ हराउने ।।५१।।

पूर्ण विकासमा देश–
हरूमा भ्रष्टता कुनै
देखिँदैन बरु लज्जा
बोध हुन्छ त्यहाँ भनै ।।५२।।

व्यक्ति वर्ग सबै आफ्नो
कर्तव्यतिर आउँछन्
विचार भावना यौटै
राष्ट्रवादी बनाउँछन् ।।५३।।

त्यहाँ विकासका बाटा
बन्दछन् सर्गसर्गमा
सुविधामा कुनै कम्ती
बन्दैन नर वर्गमा ।।५४।।

अर्धविकासका देश
दुवैमा सेतु बन्दछन्
धनी गरीबको सीमा
लाउन अघि सर्दछन् ।।५५।।

भ्रष्टाचार त्यहाँ धेरै
बढ्दैन कर्मकारमा
केही मात्रा भने हुन्छ
घरायसी अभावमा ॥५६॥

मानवी धर्म क्यै हुन्छ
लाचारी पनी आउँछ
धनी गरीबका बीच
मध्य बिन्दु समाउँछ ॥५७॥

वर्तमान सिधै हेर्दा
अभावै अघि आउँछ
देखासिकी गरी उस्को
इच्छाशक्ति पलाउँछ ॥५८॥

दुबैको भारमा पर्दा
भ्रष्टता जुर्मुराउँछ
नीति नैतिकता भन्ने
आफैंभित्र हराउँछ ॥५९॥

हेपाहा भावले कोही
अवैध कर्म गर्दछन्
व्यक्ति समाजका सामु
सबैको चित्त हर्दछन् ॥६०॥

चेतना पहिलो हुन्छ
सदाचार क्रमैसित
व्यक्ति समाजमा बन्दा
देशै हुन्छ प्रभावित ॥६१॥

भन्ने निष्कर्षमा पुग्छन्
यसमा काव्य–नायक
कर्म सौजन्यकै हुन्छ
मन्थन गर्न लायक ॥६२॥

जनविभव लुटेको भ्रष्टताको मुहान
वरपर सब खोज्दै ल्याउँछन् यो बिहान
प्रकटित सब गर्दै लेखनी यो समाई
कविकर अब लाग्यो सत्यमा पुग्नलाई ।

*ॐ शिवम् भूयात्*



## नीलकण्ठ भट्टराई

जन्म : २०१४ श्रावण ४ गते
जन्मस्थान : ओखलढुङ्गा, दियाले धारापानी ।
हालको बसोबास : सूर्यविनायक न.पा. ४, अमरनगर, भक्तपुर ।
हजुरबुबा : श्रीकृष्ण भट्टराई
बुबाआमा : श्री भीमहरि भट्टराई, श्रीमती तुलसादेवी नेपाल (भट्टराई)
शिक्षा : स्नातकोत्तर (संस्कृत, त्रि.वि., कीर्तिपुर, काठमाडौं)

**प्रकाशित कृतिहरू :-**

महाकाव्य : महामानव (२०६२), शाहश्रृङ्खला (२०६८), ओखलढुङ्गा (२०६८) नरेन्द्रनाथ रिमाल (२०७१), भरतांशु (२०७८) ।
खण्डकाव्य : बी.पी.को समाधि-२०५९, सरोजस्मृति सप्तपल्लव-२०६०, कोरोना २०७८
कवितासङ्ग्रह : त्रीवल्ली २०६४, पद्यपराग-२०७० र फुटकर ।
उपन्यास : वनदेवीको आत्मवृत्तान्त - २०६४ ।
अन्य : - सर्लाहीका साहित्यिक प्रतिभाहरू २०६५ ।
- मार्कण्डेयपुराण (भावानुवाद-२०७३)
- कालोसूर्यका उज्याला किरण (समालोचना २०६४)
प्रकाशोन्मुख कृति : आबालब्रह्मचारी षडानन्द (महाकाव्य)

**पुरस्कार तथा सम्मान :-**

- २०६५ सालको धरणीधर वाणी पुरस्कार र सम्मान
- २०६८ सालको नन्दहेमजय ढुण्डीराज अधिकारी पुरस्कार र सम्मान
- २०७० सालको साहित्य सञ्जाल, रौतहटबाट सम्मान
- २०७० सालको वसन्त शर्मा कविता काव्य सम्मान
- २०७० सालको गेरु अम्बिका कोइराला स्मृति वाणी पुरस्कार र सम्मान

स्कूल तथा क्याम्पसबाट विभिन्न पुरस्कार तथा सम्मान प्राप्त ।

शब्दयात्रा प्रकाशनको प्रकाशन माला १५५

मूल्य रु.१०००/-

9 789937 653183